मङ्सिर - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क १६ | २०८० मङ्सिर १६-३० | पूर्णाङ्क ७५४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - अध्यक्ष**
**मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य**
**नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत - सदस्य**
**अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय - सदस्य**
**सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री रोदिप सुनाम
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ५ | इजलास नं. ५ | ७ |
| इजलास नं. १ | २ | इजलास नं. ८ | १३ |
| इजलास नं. २ | १६ | इजलास नं. ११ | १० |
| इजलास नं. ३ | ६ | इजलास नं. १३ | ४ |
| इजलास नं. ४ | ३ | इजलास नं. १४ | ८ |
| **जम्मा** | **३२** | **जम्मा** | **४२** |

**कूल जम्मा ३२ + ४२ = ७४**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ। यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, मङ्सिर – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ६** |
| १. | लेनदेन | अलोधैन यादवनीसमेत वि. मानकी देवी यादव | १ |
| २. | अंश भरपाई बदर | अस्मिता शाहीसमेत वि. तेजबहादुर शाहीसमेत | २ |
| ३. | अंश चलन | अस्मिता शाहीसमेत वि. तेजबहादुर शाहीसमेत | ३ |
| ४. | उत्प्रेषण मिश्रित प्रतिषेध | विकास मल्ल वि. नेपाल राष्ट्र बैंक बालुवाटार, काठमाडौंसमेत | ४ |
| ५. | अंश दपोट हक कायम | उपेन्द्रमान श्रेष्ठ वि. उद्धवमान श्रेष्ठ, उद्धवमान श्रेष्ठ वि. कयोदेवी श्रेष्ठसमेत, कयोदेवी श्रेष्ठ वि. उद्धवमान श्रेष्ठ | ५ |
| **इजलास नं.१** | | | **६ - ७** |
| ६. | सवारी ज्यान | नेपाल सरकार वि. इन्द्रबहादुर विश्वकर्मासमेत | ६ |
| ७. | बन्दी प्रत्यक्षीकरण | रामप्रसाद लामिछाने वि. नुवाकोट जिल्ला अदालत, नुवाकोटसमेत | ७ |
| **इजलास नं.२** | | | **७ - २०** |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामेश्वर यादवसमेत | ७ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वंशु भन्ने पर्शुराम लिम्बूसमेत, मण्डेला भन्ने सागरकुमार साँवा लिम्बू वि. नेपाल सरकार, नेपाल सरकार वि. मण्डेला भन्ने सागरकुमार साँवा लिम्बू | ८ |
| १०. | जबरजस्ती करणी | नेपाल सरकार वि. सलमान चुरिहार | ९ |
| ११. | लागु औषध खैरो हिरोइन | नेपाल सरकार वि. अलिशा लिम्बू | १० |
| १२. | बन्दी प्रत्यक्षीकरण | तुक्से र निरबहादुर भन्ने निरज राई वि. धनकुटा जिल्ला अदालत, तहसिल शाखासमेत | १० |
| १३. | उत्प्रेषण / परमादेश | राजनप्रसाद दाहाल वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, काठमाडौंसमेत | ११ |
| १४. | उत्प्रेषण / परमादेश | राजनप्रसाद दाहालसमेत वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, काठमाडौंसमेत | १२ |
| १५. | बन्दी प्रत्यक्षीकरण | छिरिङ लामा वि. काठमाडौं जिल्ला अदालतसमेत | १२ |
| १६. | परमादेश | बाबुकृष्ण महर्जन वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, काठमाडौंसमेत | १३ |
| १७. | जबरजस्ती करणी | सानुबाबु पाटा मगर वि. नेपाल सरकार | १४ |
| १८. | लेनदेन | जानकीदेवी अमातनी वि. राजकुमार मण्डल अमात | १५ |
| १९. | बन्दी प्रत्यक्षीकरण | प्रतिभा श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालतसमेत | १५ |
| २०. | बन्दी प्रत्यक्षीकरण | शुक्रे भन्ने सुकराम तामाङ वि. तहसिल शाखा, काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत | १७ |

| | | | |
|---|---|---|---|
| २१. | अंश दपोट | विनायक विष्टसमेत वि. शुशीला विष्टसमेत, शुशीला विष्टसमेत वि. प्रेमकुमारी विष्टसमेत | १८ |
| २२. | कर्तव्य ज्यान | कविता भन्ने भोटकुमारी राई वि. नेपाल सरकार, नेपाल सरकार वि. कविता भन्ने भोटकुमारी राई | १८ |
| २३. | जबरजस्ती करणी | नेपाल सरकार वि. श्यामसुन्दर यादव | १९ |
| **इजलास नं. ३** | | | **२० – २५** |
| २४. | मूल्य अभिवृद्धि कर | कपिल देव महतो वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर, जगदीश रेग्मी वि. सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि., ललितपुर | २० |
| २५. | उत्प्रेषणसमेत | मोहम्मद अख्तर खाँ वि. तुलसीपुर उपमहानगरपालिकाको कार्यालय, तुलसीपुर, दाङसमेत | २१ |
| २६. | उत्प्रेषणसमेत | मोहम्मद अख्तर खाँ वि. उच्च अदालत तुलसीपुरसमेत | २२ |
| २७. | राजीनामा लिखत बदर दर्ता बदर दर्ता कायम | योगेन्द्रप्रसाद साह वि. राजोदेवी साहसमेत | २३ |
| २८. | दा.खा. निर्णय बदरसमेत | रमोला राजभण्डारी वि. अनिलसिंह राजवंशी, रीता राजवंशी (माथेमा) वि. ममता राजवंशीसमेत, निता श्रेष्ठ (राजवंशी) वि. अनिलसिंह राजवंशी | २३ |

| | | | |
|---|---|---|---|
| २९. | अंश चलन | देवकुमारी खड्कासमेत वि. सितादेवी खड्का | २५ |
| **इजलास नं.४** | | | **२५ – २९** |
| ३०. | जबरजस्ती करणी | हाडनाता करणी, नेपाल सरकार वि. परिवर्तित नाम V | २५ |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शैलेश मल्लाह | २७ |
| ३२. | उत्प्रेषण | ओमकार चापागाई वि. नेपाल बंगलादेश बैंक, केन्द्रीय कार्यालय, काठमाडौंसमेत | २८ |
| **इजलास नं.५** | | | **२९ – ३४** |
| ३३. | निषेधाज्ञा | रमेशकुमार दनुवार वि. अनरूप ठाकुरसमेत | २९ |
| ३४. | परमादेशसमेत | रामेश्वरप्रसाद पौडेल वि. नेपाल विद्युत् प्राधिकरण, प्रधान कार्यालय, रत्नपार्क, काठमाडौंसमेत | ३० |
| ३५. | उत्प्रेषण | Sven Coppens वि. श्रम अदालत, काठमाडौंसमेत | ३० |
| ३६. | कर्तव्य ज्यान | जेठा भन्ने पदमलाल चौलागाई वि. नेपाल सरकार, सन्तोषी चौलागाई वि. नेपाल सरकार, जमुना चौलागाई वि. नेपाल सरकार | ३१ |
| ३७. | निर्णय एवं दर्ता बदर | दीपबहादुर खड्का वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं | ३२ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | धनबहादुर तामाङ वि. धादिङ जिल्ला अदालत, धादिङबेसीसमेत | ३३ |

| | | | |
|---|---|---|---|
| ३९. | भ्रष्टाचार (रिसवत / घुस) | उत्तमप्रसाद खरेल वि. नेपाल सरकार | ३४ |
| **इजलास नं.८** | | | **३५ – ४६** |
| ४०. | मानाचामल | यामप्रसाद भुसाल वि. गुमा भुसाल सापकोटा | ३५ |
| ४१. | अंश दर्ता | चिन्टु कुमार जयसवाल वि. सिकिल देवी जयसवालसमेत | ३६ |
| ४२. | हातहतियार खरखजाना | अरविन्द यादव वि. नेपाल सरकार | ३७ |
| ४३. | उत्प्रेषणसमेत | पूर्णबहादुर बिष्ट वि. नेपाल सरकार मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ३८ |
| ४४. | उत्प्रेषणसमेत | लक्ष्मणप्रसाद भट्ट वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत | ३९ |
| ४५. | उत्प्रेषणसमेत | रतनबहादुर खड्का वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४० |
| ४६. | उत्प्रेषण / परमादेशसमेत | लक्ष्मण सिंह वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४० |
| ४७. | उत्प्रेषणसमेत | विमलकुमार निरौलासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | ४१ |
| ४८. | उत्प्रेषणसमेत | नरेन्द्रराज बस्नेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४१ |
| ४९. | उत्प्रेषणसमेत | चिन्तामणी पोखरेल वि. सम्माननीय प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपतिसमेत | ४२ |
| ५०. | उत्प्रेषणसमेत | विमला भण्डारी वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत | ४३ |
| ५१. | कर्तव्य ज्यान | एकलाल भन्ने योगेन्द्र सहनी वि. नेपाल सरकार, नेपाल सरकार वि. महेश पासवान | ४४ |
| ५२. | उत्प्रेषण मिश्रित प्रतिषेधसमेत | दिननाथ पन्थ वि. साझा प्रकाशन सहकारी संस्था लिमिटेड, केन्द्रीय कार्यालय, ललितपुरसमेत | ४५ |
| **इजलास नं.११** | | | **४६ – ५७** |
| ५३. | उत्प्रेषणसमेत | शारदादेवी क्षेत्री खत्रीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, काठमाडौंसमेत | ४६ |
| ५४. | बन्दी प्रत्यक्षीकरण | सुनिता खाती वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४७ |
| ५५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. उदय सिंह साउदसमेत, नृपबहादुर साउदसमेत वि. नेपाल सरकार | ४८ |

| | | | |
|---|---|---|---|
| ५६. | कर्तव्य ज्यान | मनोज राउत वि. नेपाल सरकार, नेपाल सरकार वि. गडुलध्वज राउतसमेत | ४९ |
| ५७. | उत्प्रेषणसमेत | प्रा. गिताकुमारी पाण्डे वि. श्रम तथा रोजगार कार्यालय, भन्सारमार्ग, काठमाडौंसमेत | ५० |
| ५८. | बन्दी प्रत्यक्षीकरण | दिनेश लामा वि. जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकसमेत | ५१ |
| ५९. | उत्प्रेषणसमेत | लम्बोदर न्यौपानेसमेत वि. श्रम अदालत, काठमाडौंसमेत | ५१ |
| ६०. | बन्दी प्रत्यक्षीकरण | राजेन्द्र विश्वकर्मा वि. उच्च अदालत पाटनसमेत | ५२ |
| ६१. | उत्प्रेषणसमेत | सोहिन शाक्य वि. श्रम अदालत, काठमाडौंसमेत | ५३ |
| ६२. | ठगी तथा सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. थपिया भन्ने नुरमहम्मद साह मियाँसमेत | ५४ |
| **इजलास नं.१३** | | | ५७ – ६१ |
| ६३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दुजुमान घर्तीमगर | ५७ |
| ६४. | करारबमोजिम रकम दिलाइपाऊँ | कृष्णराज उप्रेती वि. श्यामकुमार क्षेत्री | ५८ |
| ६५. | नाता कायम | नोबल चेम्जोङ वि. पुष्पाकुमारी लावती चेम्जोङ | ५९ |

| | | | |
|---|---|---|---|
| ६६. | निर्णय टिप्पणी आदेश बदर | दर्ता बदर हक कायम, श्याम सुन्दर मण्डलसमेत वि. रासलाल मण्डल | ६० |
| **इजलास नं.१४** | | | ६१ – ५२ |
| ६७. | निषेधाज्ञा / परमादेश | रामशिष राय वि. गढीमाई नगरपालिका कार्यालय, बारासमेत | ६१ |
| ६८. | बन्दी प्रत्यक्षीकरण | दुर्गाप्रसाद बजगाई वि. झापा जिल्ला अदालत, भद्रपुरसमेत | ६२ |
| ६९. | निषेधाज्ञा / परमादेश | दलतीदेवी राय वि. गढीमाई नगरपालिका कार्यालय, बारासमेत | ६३ |
| ७०. | आगो लगाई ज्यान मार्ने उद्योग | माया भुजेल वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिबहादुर खत्रीसमेत | ६४ |
| ७१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नैनबहादुर राईसमेत | ६५ |
| ७२. | लागु औषध खैरो हेरोइन | कमला पोखरेल वि. नेपाल सरकार | ६६ |
| ७३. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. सुरेशबहादुर बम | ६६ |
| ७४. | उत्प्रेषण | शेख अवाससमेत वि. रौतहट जिल्ला प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ६ परिवर्तित गुजरा नगरपालिकाको कार्यालय, रौतहटसमेत | ६७ |

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CI-१३५८, लेनदेन, अलोधैन यादवनीसमेत वि. मानकी देवी यादव*

वादीका तर्फबाट पेस हुन आएको कपाली तमसुकका सम्बन्धमा प्रतिवादीहरूले प्रतिउत्तरपत्र फिराउँदा किर्ते हो भनी यकिन जिकिर नलिई वादीबाट कर्जा लिएको विषयलाई नै इन्कार गरेको देखिन्छ । निजहरूले प्रतिउत्तरपत्र फिराउँदा आफूहरूले वादीबाट कर्जा नलिएको र कपाली तमसुकका सम्बन्धमा लिखत हेर्न पाएका बखत मुलुकी ऐन, अ.बं.७८ नं. बमोजिम बयान गर्ने छौं भनी उल्लेख गरेको देखिन्छ। तर मुलुकी ऐन, अ.बं.७८ नं.बमोजिम प्रतिवादीको तर्फबाट बयान गर्दा लिखतमा लागेको अलोधैन देवीको छाप होइन, सो छाप किर्ते हो, जागेश्वर यादवको दायाँ बायाँ ल्याप्चे छाप र लेखात्मक सहीमा ल्याप्चेसम्म जागेश्वर यादवकै हो भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादीहरूको यो बयान बेहोराबाट विवादित कपाली तमसुक पूरै किर्ते हो भन्ने जिकिर लिएको नदेखिई प्रतिवादीमध्येका जागेश्वर यादवको ल्याप्चेसम्मलाई निजैको ल्याप्चे सही रहेको तथ्यलाई स्वीकार गरेको देखिन्छ। उक्त ल्याप्चे अर्कै लिखतमा लगाएको हो भनी यकिन जिकिर लिन नसकेको र कपालीमा लागेको ल्याप्चे सहीछापलाई स्वीकार गरेको अवस्था हुँदा निज प्रतिवादीहरूले वादीबाट कर्जा नै नलिएको भनी प्रतिउत्तरपत्रमा लिएको जिकिर विश्वसनीय रहेको देखिन नआउने।

जहाँसम्म विवादित कपाली तमसुकको लिखतमा लागेको सहीछाप पुन: परीक्षण गराउनुपर्ने भनी पुनरावेदकहरूले लिएको जिकिर छ, सो सम्बन्धमा विचार गर्दा निजहरूले यस किसिमको जिकिर लिएको देखिएको भए पनि सोबमोजिमको जिकिर लिनुपर्नाको कारण र आधार दिनसकेको देखिँदैन। विशेष अपवादको अवस्थामा एक पटक परीक्षण गराइएको लिखत अर्को विशेषज्ञबाट परीक्षण गराउनै नमिल्ने भन्ने नहोला तर त्यस किसिमको विशेष र अपवादको अवस्था प्रस्तुत मुद्दामा प्रतिवादीहरूले देखाउन सकेको देखिँदैन । परीक्षण गराइएका विशेषज्ञहरूको विशेषज्ञतामा प्रश्न उठाउन सकेको वा अन्य कुनै प्राविधिक कमजोरी रहेको भनी जिकिर लिन पनि सकेको देखिँदैन । एक पटक विशेषज्ञबाट परीक्षण गराइएको र निजहरूलाई अदालतमा उपस्थित गराई बकपत्र पनि गराइएकोमा पुन: बिना तथ्ययुक्त आधार अर्को परीक्षण गराइपाउँ भनी दाबी लिएकै भरमा मात्र पटकपटक परीक्षण गराउने विषय सामान्य प्रक्रियाभित्र पर्ने विषय होइन। त्यसमाथि प्रस्तुत मुद्दामा दुई जना विशेषज्ञबाट परीक्षण गराइएको अवस्था देखिन्छ । यो स्थितिमा अर्को विशेषज्ञबाट परीक्षण गराइपाउँ भन्ने प्रतिवादीहरूको मागदाबी युक्तिसङ्गत देखिन नआउने।

यसप्रकार, प्रतिवादीहरूले कपाली तमसुक गरी आफूबाट कर्जा लिएको भनी वादीले कपाली तमसुकसहित दाबी गरेको देखिएको, कपाली तमसुक किर्ते हो भनी प्रतिवादीहरूले जिकिर लिएको भए पनि कपाली तमसुकमा लागेको ल्याप्चे सहीछाप आफ्नो हो भनी प्रतिवादीमध्येका जागेश्वर यादवले स्वीकार गरी बयान गरेको देखिएको, विशेषज्ञहरूबाट परीक्षण गराउँदा पनि कपाली तमसुकमा लागेको सहीछाप प्रतिवादीको रहेको तथ्य प्रमाणित भइरहेको देखिएको तथा विशेषज्ञहरूको अदालतमा भएको बकपत्रबाट निजहरूको प्रतिवेदन बेहोरा थप पुष्टि भएको अवस्था हुँदा सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।४।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न

नसक्ने ।

इजलास अधिकृत (उपसचिव):- टीकाबहादुर थापा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७९ मंसिर ९ गते रोज ६ शुभम् ।

**२**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CI-०६८८, अंश भरपाई बदर, अस्मिता शाहीसमेत वि. तेजबहादुर शाहीसमेत*

वादीहरूले प्रतिवादी प्रेमबहादुर शाहीउपर आफूहरूलाई खान लाउनको उचित व्यवस्थाका लागि २०६८ असोजमा जिल्ला प्रहरी कार्यालयमा निवेदन गरी कारबाही प्रक्रियामा गएपछि मिति २०६८/९/१९ मा विवादित अंश भरपाईको लिखत पारित भएको भन्ने देखिन्छ । वादीहरूले दाबी गरेका जग्गाका सम्बन्धमा प्रतिवादीहरू तेजबहादुरसमेतले यसै लगाउको अंश चलन मुद्दामा पेस गरेको तायदाती फाँटवारीमा फुललक्ष्मी देवीका नाममा रहेको कास्की रूपाकोट...५ को कि. नं. २११३, तनहुँ स्याम्घा-८ को कि.नं. ४२७ को जग्गा, शशी शाहीका नाममा रहेको तनहुँ कुर्लुङ...६ग को कि.नं. ६१ को घरसमेतको जग्गा र सुकुमायाका नाममा रहेको नवलपरासी गैँडाकोट...५ को कि. नं. १८५० को घर जग्गा निजहरूले कोही कसैलाई बन्डा नलाग्ने भनी उल्लेख गरेको देखिन्छ । अंश मुद्दाको तायदातीमा यी घर जग्गाहरू बन्डा नलाग्ने भनी उल्लेख गरिएको भए पनि विवादित अंश भरपाईको लिखत गर्दा यी घर जग्गाहरू देखाइएको पाइँदैन । सुरू मिसिल हेर्दा उल्लिखित जग्गाहरूमध्ये फुललक्ष्मीका नाउँमा रहेको कि.नं. ४२७ को जग्गा तेजबहादुरबाट फुललक्ष्मीलाई हालैको बकसपत्रमार्फत प्राप्त भएको, सुकमायाका नाउँमा रहेको कि. नं. १८५० को घर जग्गा फुललक्ष्मीका नाउँबाट सुकुमायाका नाउँमा हालैको बकसपत्रबाट प्राप्त भएको, कि.नं. ६१ को घर जग्गा भिमबहादुरबाट शशी शाहीका नाउँमा हालैको बकसपत्रबाट प्राप्त भएको देखिन्छ । यी सबै बकसपत्र दाता र बकसपत्र प्राप्तकर्ताहरू एकाघरभित्रैका अंशियार तथा अंशियारका परिवारका सदस्यहरू रहेको देखिन्छ । एकासगोलका अंशियारहरूबिच यस प्रकारबाट बकसपत्र लिनु दिनु परेको कुनै तथ्ययुक्त कारण देखिँदैन । मिसिल संलग्न कागज प्रमाणहरूबाट घर जग्गाहरू पनि एकासगोलका अंशियारहरूको नाममा रहेको देखिएको तर अंश भरपाईको लिखत गर्दा घर जग्गाहरू नदेखाएको स्थितिले उल्लिखित बकसपत्रका लिखतहरू स्वच्छ मनले र शुद्ध नियतले गरेको देखिन आउँदैन । उल्लिखित घर जग्गाहरूसमेतका सम्पत्तिको अवस्थालाई हेर्दा वादीहरूका पिता पतिले निजको हक हिस्सामा पर्न आउने बराबरको सम्पत्ति लिई अंश भरपाई गरेको देखिन नआउने । यसै सम्बन्धमा यसै अदालतबाट "बाबु पतिले कानूनबमोजिम पाउने न्यायोचित अंश नबुझी कानूनीरूपमा अंश छोडपत्र गरेको वा लिँदै नलिएको अंश लिएको भनी लिखत खडा गरेको अवस्थामा त्यस्तो अंश छोडपत्र गर्ने वा नलिएको लिखतबाट अंश लिएँ पाएँ भनी अंश भरपाई गर्नेका पत्नी छोरा छोरीले आफूहरूले पाउनुपर्ने अंश पति पिताबाहेकको सगोलका अंशियाराउपर दाबी गर्न नसक्ने भन्न नमिल्ने, अंश हक नैसर्गिक हक हो, कसैले आफ्नो हक छोडपत्र गर्दा अरूको अंश हक पनि गुमेको अर्थ गर्ने हो भने नैसर्गिक हकबाट बञ्चित हुन पुग्दछ । के कति अंश बुझेको छ र समस्त सम्पत्तिको तुलनामा उसले बुझेको सम्पत्ति न्यायोचित छ भने मात्र उसका श्रीमती छोरा छोरीहरूले अरू अंशियाराबाट दाबी गर्न नसक्ने, तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिको तुलना गर्दा अंश भरपाई न्यायोचित नदेखिएको अवस्थामा उसले गरेको अंश छोडपत्र तथा अंश मुद्दाको मिलापत्रले कानूनतः मान्यता पाउन नसक्ने भनी विन्दुदेवी श्रेष्ठसमेत विरूद्ध सनम श्रेष्ठ भएको अंश मिलापत्र लिखत बदर मुद्दा (नेकाप २०६८ अङ्क १० नि.नं.८७०१ पृष्ठ १७०७) मा सिद्धान्त प्रतिपादन भएको अवस्था पनि छ । उल्लिखित सन्दर्भसमेतबाट

यी वादीका पति/पिता प्रेमबहादुर शाहीले गरेको अंश भरपाईको लिखत वादीहरूको हकमा कायम रहन सक्ने देखिएन। साथै एकासगोलमा रहेको अवस्थामा अंशियारहरूबिच पैतृक सम्पत्तिको हक हस्तान्तरण गर्दैमा अन्य अंशियारको हक अधिकार समाप्त नहुने भन्ने सम्बन्धमा पनि यस अदालतबाट विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन भएको पाइने।

प्रतिवादीहरूबिच पारित र.नं.१६६५(घ) मिति २०६८/९/१९ को अंश भरपाईको लिखतबाट वादीहरू एकासगोलका अंशियारहरू रहेको एवं परिवारका सदस्यहरूको नाममा रहेका सबै सम्पत्तिहरू देखाएको अवस्था नरहेको, लगाउको अंश मुद्दामा पेस भएको तायदातीमा उल्लिखित सम्पत्तिको विवरणलाई आधार मान्दा वादीहरूका पति पिताले न्यायोचित अंश भाग बुझेको भन्ने नदेखिएको, वादीहरूका पिता पतिले नै न्यायोचित अंश भाग नबुझी अंश भरपाईको लिखत गरिदिएकोबाट यी वादीहरूले पाउनुपर्ने अंश भागमा पनि प्रतिकूल असर परेको देखिएको स्थिति हुँदा वादी दाबीबमोजिम मालपोत कार्यालय कास्कीबाट पारित र.नं.१६६५(घ) मिति २०६८/९/१९ को अंश भरपाईको लिखत बदर हुने ठहर्‍याई सुरू कास्की जिल्ला अदालतबाट भएको फैसला बदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पोखराबाट मिति २०७२/०१/०३ मा भएको फैसला नमिलेकाले उल्टी भई सुरू कास्की जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: श्यामहरि अधिकारी (उपसचिव), नवीन कुमार यादव (शाखा अधिकृत)

इति संवत् २०७९ कार्तिक २५ गते रोज ६ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CI-०६८७, अंश चलन, अस्मिता शाहीसमेत वि. तेजबहादुर शाहीसमेत*

निरूपण हुनुपर्ने उपर्युक्त प्रश्नहरूका सन्दर्भमा प्रवेश गर्नुभन्दा अगाडि वादी प्रतिवादीहरूको पुस्तेवारी हेर्नु प्रासङ्गिक हुन आएको छ। पुस्तेवारी हेर्दा मूल पुरूष तेजबहादुर तथा निजकी पत्नी फुललक्ष्मीदेवी रहेकीमा निजहरूबाट ३ छोराहरू गणेश, भिमबहादुर र प्रेमबहादुर रहेका। गणेशकी पत्नी सुकुमाया शाही, भिमबहादुरकी पत्नी शशी शाही र प्रेमबहादुरकी पत्नी यी वादी अम्बिकादेवी शाही रहेको देखिन्छ। प्रतिवादी प्रेमबहादुरकी अर्की जेठी श्रीमती कमला शाही पनि रहेकोमा निजतर्फकी छोरी सन्जीता शाही अविवाहिता रहेकी र कमला शाही विवाह गरी अन्यत्रै गइसकेको भन्ने देखिन्छ। प्रेमबहादुरकी कान्छी पत्नी यी वादी अम्बिकादेवी शाहीका तर्फबाट छोरी अस्मिता शाही र छोरा जोनिस शाही गरी २ सन्तान रहेकामा अस्मिता शाही अविवाहित रहेको देखिएकाले प्रतिवादी प्रेमबहादुरतर्फ पत्नी अम्बिकादेवी छोरीहरू अस्मिता र सन्जिता तथा छोरा जोनिस गरी ५ अंशियार रहेको भन्ने देखिन्छ। यो पुस्तेवारी रहेको प्रस्तुत मुद्दामा पति पिता प्रेमबहादुरसमेतका मूल ५ अंशियारहरूसमेतलाई प्रतिवादी बनाई यी वादीहरूले प्रस्तुत अंश मुद्दाको फिराद दायर गरेको देखिन्छ। प्रस्तुत मुद्दामा वादी र प्रतिवादीहरूबिच अंशियार नातामा विवाद रहेको देखिँदैन। वादीहरूले प्रतिवादीमध्येका पिता पति प्रेमबहादुरको अंश भागमा पर्ने सम्पत्तिमध्येबाट ५ भागको ३ भाग अंश पाउने ठहरेकोतर्फ पनि विवाद रहेको देखिँदैन। तायदातीमा उल्लेख भएमध्येको फुललक्ष्मी, शशी र सुकमायाका नाममा रहेका सम्पत्तिहरू कि. नं. २११३, ४२७, ६१ र १८५० का जग्गाहरूसमेतबाट वादीहरूले अंश पाउने गरी सुरू जिल्ला अदालतबाट फैसला भएकोमा पुनरावेदन अदालतबाट फैसला हुँदा यी कित्ताबाहेकका जग्गाहरूबाट मात्र अंश पाउने ठहरी फैसला भएकोले पुनरावेदन अदालतबाट भएको फैसलाको हदसम्म चित्त नबुझाई वादीहरूको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ। पुनरावेदन अदालतको फैसलाउपर प्रतिवादीहरूको तर्फबाट

पुनरावेदन पर्न आएको नदेखिँदा त्यसतर्फ केही बोलिरहनुपर्ने अवस्था नदेखिने।

अत: वादीहरूले दाबी गरेको प्रतिवादीहरूमध्ये प्रेमबहादुर शाहीले मिति २०६९/१२/१८ मा र प्रतिवादी तेजबहादुरले मिति २०७०/१/२ गते पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण सम्पत्तिबाट आफ्नो हिस्सामा पर्ने भाग बराबरको अंश पाउनुपर्नेमा वादीका पति/पिता प्रतिवादी प्रेमबहादुर शाहीको तायदातीमा रहेको सम्पत्तिबाट मात्र अंश पाउने तथा अन्य अंशियारका नाममा रहेको सम्पत्तितर्फ वादी दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०७२/०१/०३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू कास्की जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत:- श्यामहरि अधिकारी (उपसचिव), नवीन कुमार यादव (शाखा अधिकृत)

इति संवत् २०७९ कार्तिक २५ गते रोज ६ शुभम्।

**४**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WO-००१६, उत्प्रेषणमिश्रित प्रतिषेध, विकास मल्ल वि. नेपाल राष्ट्र बैंक बालुवाटार, काठमाडौंसमेत*

कुनै कसुरको अनुसन्धानका सिलसिलामा कसैको सम्पत्ति रोक्का गर्न मिल्ने देखिन्छ वा देखिँदैन ? भन्ने प्रश्नमा विचार गर्दा, विपक्षी कार्यालयको लिखित जवाफ हेर्दा कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ४ बमोजिम कसुरको अनुसन्धानको सिलसिलामा कसुरसँग सम्बन्धित सम्पत्ति रोक्का राख्न सकिने भएको हुँदा निवेदक नामका बैंक खाताहरू रोक्का राखिएको भनी उल्लेख गरेको देखिएको छ । कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ४ को उपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले कसुरको अनुसन्धानको सिलसिलामा कसुरबाट प्राप्त सम्पत्ति वा कसुरसँग सम्बन्धित साधन वा सो भएको शङ्का गर्नुपर्ने मनासिब आधार भएको सम्पत्ति वा साधन जोसुकैको नाम, भोग वा स्वामित्व वा कुनै पनि प्रकारको हक वा हित रहेभएको भए तापनि तत्काल रोक्का राख्न वा नियन्त्रणमा लिनसक्ने छ भन्ने व्यवस्था भएको पाइन्छ । यो व्यवस्थालाई आधार मान्दा कसुरसँग सम्बन्धित कुनै सम्पत्ति रहेछ भने अनुसन्धान अधिकारीले रोक्का गर्न सक्ने कुरामा विवाद रहेको नदेखिने।

प्रस्तुत निवेदनमा उल्लिखित ठगी मुद्दाको अभियोगपत्र हेर्दा, प्रेरा निर्माण सेवा प्रा.लि. वा कन्काइ...प्रेरा जे.भि. (संयुक्त उपक्रम) लाई प्रतिवादी बनाइएको अवस्था पनि देखिँदैन। उल्लिखित कसुरमा सजायको माग दाबी लिँदा वा क्षतिपूर्ति भराइपाउन माग दाबी लिँदा पनि प्राकृतिक व्यक्तिको रूपमा प्रेमकुमार मल्ललाई सजाय हुन र क्षतिपूर्ति पनि निजबाटै भराइपाउन दाबी लिइएको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ३० लाई अध्ययन गर्दा निवेदक कम्पनी वा प्रेरा निर्माण सेवा प्रा.लि. का विरूद्धमै अभियोगपत्र दायर भएको स्थिति हुन्थ्यो भने पनि कम्पनी जिम्मेवार नभई जसले कसुर गरे गराएको हो सोही व्यक्ति जिम्मेवार हुने छ भनी स्पष्ट व्यवस्था भएको देखिन्छ। साथै अभियोगपत्रमा यी रोक्का रहेको बैंक खाता कहिलेसम्म रोक्का रहने हो वा रोक्का राख्नुको प्रयोजन के हो भन्ने सम्बन्धमा केही उल्लेख भएको पाइँदैन । वास्तवमा अभियोगपत्रमा यी रोक्का रहेको बैंक खाताका सम्बन्धमा केही नै उल्लेख भएको देखिँदैन । यी कानूनी व्यवस्थाको रोहमा हेर्दा पनि विवादित बैंक खाता रोक्कासँग सम्बन्धित निर्णय र काम कारबाही कानूनसङ्गत नरहेको देखिने।

यसप्रकार प्राकृतिक व्यक्तिको रूपमा प्रेमकुमार मल्लको व्यक्तित्व र निज सञ्चालक रहेको

प्रेरा निर्माण सेवा प्रा.लि. नामको कम्पनीको कानूनी व्यक्तित्व भिन्न भिन्न रहने देखिएको, ठगी मुद्दाको कसुरमा जाहेरी पर्दा वा अभियोगपत्र दायर हुँदा कम्पनीका विरूद्धमा परेको वा दायर भएको नभई प्रेमकुमार मल्लका विरूद्धमा दायर भएको देखिएको, कसुरजन्य सम्पत्ति भएको कारणले रोक्का राख्नुपर्दा पनि निज प्रेमकुमार मल्लको हक हिस्साको सम्पत्तिको हदसम्म मात्र रोक्का राख्न पाउनेमा निवेदक कन्काइ… प्रेरा जे.भि. (संयुक्त उपक्रम) नामको बैंक खाता रोक्का राखेको देखिएको र यसरी रोक्का राख्दा कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ४ को उपदफा (५) र (७) को प्रक्रिया पनि पूरा गरेको नदेखिएको अवस्था हुँदा निवेदकको बैंक खाता रोक्कासँग सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय, धनुषाको मिति २०७८।०२।१८ को पत्र र जिल्ला प्रहरी कार्यालय, धनुषाको मिति २०७८।०२।१९ को पत्र तथा ती पत्रहरूको आधारमा भएका विपक्षी बैंकहरूका काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत: कृष्णशोभा सुवाल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७९ साल मंसिर २ गते रोज ६ शुभम्।

**५**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-०५७६, ०७३-CI-०६६७, ०७३-CI-०६८०,* अंश दपोट हक कायम, *उपेन्द्रमान श्रेष्ठ वि. उद्धवमान श्रेष्ठ, उद्धवमान श्रेष्ठ वि. कयोदेवी श्रेष्ठसमेत, कयोदेवी श्रेष्ठ वि. उद्धवमान श्रेष्ठ*

प्रतिवादी उपेन्द्रमान २०४६ सालदेखि मानो छुट्टिई बसेको तथ्यलाई पुनरावेदक वादीले प्रस्तुत फिरादमा समेत स्वीकार गरेको देखिन्छ। मिति २०६२।११।१७ को बन्डापत्रमा पनि प्रतिवादीमध्येका उपेन्द्रमान २०४६ साल मङ्सिरदेखि नै मानो छुट्टिई ऋण धन आफैँले बेहोरिआएको भनी उल्लेख भएको देखिन्छ । मिति २०६२।११।१७ को बन्डापत्रबाट अंशियारहरूले पाएको सम्पत्तिको अनुपात हेर्दा पनि प्रतिवादी उपेन्द्रमानले जम्मा ०-१-०-० मात्र जग्गा आफ्नो अंशभागमा पाएको देखिन्छ भने वादीले ०-७-०-० जग्गा आफ्नो अंशभागमा पाएको देखिन्छ । अंशभागको यो अनुपातलाई मात्र हेर्दा वादी र प्रतिवादीबिच सम्पत्तिको समान बन्डा भएको देखिँदैन । तर प्रतिवादी उपेन्द्रमानको नाममा पहिलेदेखि नै केही सम्पत्ति रहेको तथा निजका नाममा रहेको सम्पत्ति निजैको भागमा परेको मानिने बन्डापत्रको बेहोरालाई हेर्दा सम्पत्तिको अंशभागको अनुपात करिब समान रहेको देखिन आउँछ। यसैले मिति २०६२।११।१७ को बन्डापत्रलाई हेर्दा यो बन्डापत्र समग्र अंश लाग्ने सम्पत्तिको बन्डापत्र नभई अंशियारहरू आ-आफ्नो नाममा रहेको सम्पत्ति र सो बन्डापत्रबाट अंशभाग छुट्ट्याइएका सम्पत्तिसमेतको बन्डापत्र भनी बुझ्नुपर्ने हुन्छ । यसरी बुझ्दा अंशियारहरूमध्ये निजहरूको आ-आफ्नो नाममा रहेको सम्पत्ति निजहरूकै भागमा कायम रहने र अन्य सम्पत्तिमा सो बन्डापत्रमा उल्लेख भएबमोजिम हुने गरी बन्डापत्र भएको देखिन आउँछ। यस अर्थमा हेर्दा पनि फिरादमा उल्लिखित कि नं १३९ र ६४७ का घर जग्गाहरूमा वादीको अंश हक पुग्ने स्थिति देखिन नआउने।

यसप्रकार मिति २०६२।११।१७ को बन्डापत्रको बेहोराबाट तत्कालको अवस्थामा कुनै सम्पत्ति अंशियारमध्ये कसैको नाममा दर्ता स्रेस्ता कायम भइसकेको देखिन्छ भने निजैको अंशभागमा परेको मानिने गरी उल्लेख भएको देखिएको, फिरादमा उल्लिखित कि.नं. १३९ र ६४७ का घर जग्गाहरू मिति २०६२।११।१७ को बन्डापत्र हुनुभन्दा अगाडिदेखि नै प्रतिवादी उपेन्द्रमानको नाममा दर्ता स्रेस्ता कायम रहेको देखिएको तथा प्रतिवादी उपेन्द्रमान २०४६ सालदेखि मानो छुट्टिई बसेको तथ्यलाई वादीले

स्वीकारै गरेको, मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं बमोजिम मानो छुट्टिएपछि कमाएको धन र लगाएको ऋण आफ्नो आफ्नो हुने व्यवस्था भएको देखिएको र यी कि.नं. १३९ र ६४७ का घरजग्गाहरू प्रतिवादी उपेन्द्रमानले मानो छुट्टिएपछिको मितिमा प्राप्त गरेको देखिएकोसमेतका तथ्य र प्रमाणहरूलाई आधार मान्दा फिरादमा उल्लिखित कि.नं. १३९ का हकमा वादीले ४ भागको १ भाग पाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।११ मा भएको फैसला केही नमिलेको देखिँदा केही उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृतः श्रेया पौडेल

इति संवत् २०७९ साल कार्तिक १४ गते रोज २ शुभम्।

## इजलास नं. १

### ६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CR-०८६७, सवारी ज्यान, नेपाल सरकार वि. इन्द्रबहादुर विश्वकर्मासमेत*

सवारी चालक अनुमति नभएका प्रतिवादीले पूर्व पश्चिम राजमार्गजस्तो प्राय: अति व्यस्त रहने सार्वजनिक सडकमा आफूसँग सवारी साधन चलाउने योग्यता र सिप छैन भन्ने जानीजानी लापरबाहीपूर्व मोटरसाइकल चलाएको कारणबाट सो सडकमा बाटो क्रस गर्न लागेको मनमाया भन्ने विष्णुमाया भण्डारीलाई ठक्कर लागी मृत्यु भएको अवस्थामा वादीको अभियोग मागदाबीअनुसार सवारी यातायात तथा व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर कायम गरी सोही दफा अनुसार सजाय गर्नुपर्नेमा यी प्रतिवादीउपर वादीको अभियोगबमोजिम दफा १६१(२) किन आकर्षित नहुने हो कुनै विवेचना नै नगरी ऐ. ऐनको दफा १६१(३) बमोजिमको कसुर कायम गरी सोही दफाअनुसार सजाय गरेको तथा दफा १६१(१) र १६१(२) को कसुर कायम भएको अवस्थामा मात्र आकर्षित हुने दफा १६१(४) प्रयोग गरी थप रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवानासमेत हुने गरी यी प्रतिवादी इन्द्रबहादुर विश्वकर्मालाई ३ महिना कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना तथा रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना हुने ठहर्‍याएको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको तत्कालीन पुनरावेदन अदालत विराटनगरको फैसला सो हदसम्म मिलेको देखिन नआउने।

प्रतिवादी इन्द्रबहादुर विश्वकर्माले अदालत र अनुसन्धानको बयानमा समेत आफूले प्रतिवादी गोविन्द थापालाई नसोधीकन चाबी लिई गएको हो भनी बयान गरेको देखिन्छ। यसबाट प्रतिवादी इन्द्रबहादुर विश्वकर्माले आफैँले प्रतिवादी गोविन्द थापालाई थाहा जानकारी नदिई चाबी लिएर गई मोटरसाइकल लगेको देखियो। प्रतिवादी गोविन्द थापाले प्रतिवादी इन्द्रबहादुर विश्वकर्मालाई मोटरसाइकलको चाबी दिएको नदेखिँदा निजलाई अभियोग दाबीबाट सुरू अदालत र उच्च अदालत विराटनगरले सफाइ दिएको फैसला निजका हकमा मिलेकै देखिएको।

अत: सवारी चालक अनुमतिपत्र नभएका प्रतिवादी इन्द्रबहादुर विश्वकर्माले सार्वजनिक सडकमा लापरबाहीपूर्ण तरिकाले सवारी साधन चलाई ठक्कर दिएको कारणबाट मनमाया भन्ने विष्णुमाया भण्डारीको मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिन आएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसार सजाय गर्नुपर्नेमा दफा १६१(३) अनुसार सजाय गरेको, सुरू सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।११।१५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई उक्त दफा १६१(२) अनुसार निज प्रतिवादीलाई २ (दुई) वर्ष कैद

हुने ठहर्छ । साथै निज प्रतिवादीले चालक अनुमतिपत्र प्राप्त नगरी मोटरसाइकल हाँकेको देखिँदा सोही ऐनको दफा १६१(४) बमोजिम थप रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवानासमेत हुने ।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७७ साल फाल्गुण १४ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७८-WH-००८८, बन्दीप्रत्यक्षीकरण, रामप्रसाद लामिछाने वि. नुवाकोट जिल्ला अदालत, नुवाकोटसमेत*

जब कानूनले नै यस्तो कुनै प्रतिबन्ध लगाएको छैन भने न्यायकर्ताले कानूनले व्यवस्था नै नगरेको आधार लिई दफा १५५ ले सुविधा दिनु भनी निर्देशित गरेको कुरामा सुविधा दिन इन्कार गर्नसमेत मिल्दैन । तसर्थ बहुविवाह मुद्दामा नै न्यूनतम सजाय भइसकेको भन्ने आधारमा सुविधा प्रदान गर्न नमिल्ने भनी नुवाकोट जिल्ला अदालतबाट भएको मिति २०७८।०६।१५ को आदेश र सो आदेशलाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७८।०७।२५ को आदेश मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम मिलेको नदेखिने ।

निवेदकलाई फैसला कार्यान्वयनको सिलसिलामा निजलाई ठहरेको कैदबापत अदालतले कैद म्याद ठेकी कारागार कार्यालय पठाइएको देखिन्छ । निवेदकले कारागारमार्फत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा माग गरेको देखिँदा दफा १५५(३) को सुविधा प्राप्त नहुँदासम्म अन्तिम भएर बसेको फैसलाबमोजिम कैदमा बस्नुपर्ने हुँदा नुवाकोट जिल्ला अदालतको तहसिल शाखाबाट कैदी पुर्जी जारी गरी कैद म्याद ठेकी बेरूजु लगत असुल गर्न पठाइएको कार्यलाई गैरकानूनी भन्न मिलेन । निज कानूनबमोजिम सजाय असुलीको क्रममा थुनामा रहेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने अवस्था नदेखिने ।

तथापि, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम दिनको रू.३००।- (तीन सय रूपैयाँ) का दरले यी निवेदकलाई भएको कैदबापतको रकम बुझिलिई कैद कट्टा गर्न नमिल्ने भनी नुवाकोट जिल्ला अदालतबाट मिति २०७८।०६।१५ मा भएको आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७८।०७।२५ को आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम निवेदकलाई सुविधा प्रदान गर्न मिल्ने देखिँदा उक्त दफाबमोजिम उपर्युक्त आदेश गर्नु भनी नुवाकोट जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: समी नेपाली

इति संवत् २०७८ साल पौष १२ गते रोज २ शुभम् ।

## इजलास नं. २

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०६९-CR-१०९०, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामेश्वर यादवसमेत*

पुनरावेदक/वादी नेपाल सरकारले जाहेरवाला उपेन्द्र यादव र आशिषलाल यादवको किटानी जाहेरी दरखास्त, निजहरूको किटानी बकपत्रसमेतलाई प्रमाणको रूपमा प्रस्तुत गरेको सम्बन्धमा विचार गर्दा जाहेरवालाहरूले मृतक बबितादेवीको मृत्यु प्रत्यर्थी/प्रतिवादीहरूको कर्तव्यबाट भएको भनी दिएको जाहेरी बेहोरा समर्थन गरी बकपत्र गरेको भए पनि दुबै जाहेरवाला वारदातको चस्मदिद गवाह (Eye witness) भएको

देखिँदैन । सुभकलाल यादव र सिताराम यादवसमेतले भनेर सुनेको आधारमा जाहेरी दिएको देखिन्छ । जाहेरवाला उपेन्द्र यादवले जाहेरी दरखास्तमा वारदात मिति २०६४।१।३० गते राति १० बजे भएको भन्ने उल्लेख गरेकोमा बकपत्रमा ९:३० बजे वारदात भएको भनी उल्लेख गरेको देखिन्छ । त्यसै गरी जाहेरवाला आशिषलाल यादवले छोरी बबितादेवीको कर्तव्य भएको जानकारी पाएर मिति २०६४।१।३१ गते बिहान घटनास्थल गएको थिएँ भनी जाहेरीमा उल्लेख गरेकोमा अदालतमा आफू घटनास्थल गएको थिइनँ भन्नेसमेत बेहोराले बकपत्र गरेको देखिन्छ । जाहेरी दरखास्त साक्षी प्रमाणको रोहमा प्रामाणिक भएमा मात्र प्रमाणयोग्य हुन्छ । साक्षी प्रमाणको रोहमा प्रमाणिक नभएमा त्यो जाहेरी दरखास्त प्रमाणयोग्य हुँदैन । यसरी प्रस्तुत मुद्दामा जाहेरवालाको जाहेरी दरखास्त साक्षी प्रमाणको रोहमा प्रामाणिक नभएको अवस्थामा पुनरावेदन जिकिरबमोजिम किटानी जाहेरी परी बकपत्र गरेको भन्ने आधारमा मात्र प्रत्यर्थी/प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिने।

अतः प्रत्यर्थी/प्रतिवादीहरू रामेश्वर यादव, चनन देवी यादव, जितेन्द्रकुमार यादव, भुपेन्द्रकुमार यादव, सुरेन्द्रकुमार यादव र बालेश्वर भन्ने दिनेश्वर यादवलाई सफाइ दिने ठहर गरेको सप्तरी जिल्ला अदालतको मिति २०६७।३।१५ को फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६९।८।१३ को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ असार २ गते रोज ४ शुभम्।

**९**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७६-CR-०६०५, ०७६-CR-०७५९, ०७६-RC-००९८, कर्तव्य ज्यान, नेपाल सरकार वि. वंशु भन्ने पर्शुराम लिम्बूसमेत, मण्डेला भन्ने सागरकुमार साँवा लिम्बू वि. नेपाल सरकार, नेपाल सरकार वि. मण्डेला भन्ने सागरकुमार साँवा लिम्बू*

मृतकको सम्झनामा बनाइएको चौतारीमा मृतकको अज्ञात समूहबाट हत्या भएको भनी लेखिएकोले आफू निर्दोष रहेको भन्ने पुनरावेदक/प्रतिवादीको अर्को जिकिरतर्फ हेर्दा घटनाविवरण कागज गर्ने सो वारदातका प्रत्यक्षदर्शीसमेत रहेका खड्गप्रसाद गुरूङले मृतकलाई मण्डेला र खावाले मात्र खुकुरी प्रहार गरेको प्रत्यक्ष देखेको भनी लेखाइदिएको र स.ज.८ मा सो चौतारोमा मण्डेला र खावाको नाम लेखेको छ भनी अदालतमा बकपत्रसमेत गरिदिएको पाइयो । जाहेरवाला चन्द्रबहादुर गुरूङको जाहेरी बेहोरालाई समर्थन गर्दै घटनाविवरण कागज गर्ने उमेशकुमार गुरूङ, घनेन्द्र लिम्बू र कुलमान गुरूङका साथै वस्तुस्थिति मुचुल्कामा रहेका डम्बरबहादुर गुरूङ, रामकुमार गुरूङ र पूर्णप्रसाद लिम्बूले मण्डेला र उसको भतिज खावाले खुकुरी प्रहार गरी घटना घटाएको भनी लेखाइदिएको स्थितिमा पुनरावेदकको जिकिरबमोजिम निज निर्दोष रहेको भनी मान्न सकिने अवस्था नहुँदा उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर तथा विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन । साथै यी पुनरावेदक/प्रतिवादी मण्डेला भन्ने सागरकुमार साँवा लिम्बूले मृतकलाई धारिलो हतियार खुकुरीले हानी कर्तव्य गरी मारेको मिसिलबाट पुष्टि भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मनासिब नै देखिने।

तसर्थ: पुनरावेदक प्रतिवादी मण्डेला भन्ने सागरकुमार साँवा लिम्बूसमेतको संलग्नतामा मृतक रामप्रसाद गुरूङलाई धारिलो हतियार खुकुरीले प्रहार गरेको र सोही कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिन आएकोले निज मण्डेला भन्ने सागरकुमार साँवा लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत र १३(१) नं. को कसुर अपराधमा ऐ.१३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरू वंशु भन्ने पर्शुराम लिम्बू, टीका भन्ने चन्द्रकुमार थलङलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू ताप्लेजुङ जिल्ला अदालतको मिति २०७४।३।२६ को फैसला र प्रतिवादी यामे यामकुमार भन्ने क्षितिज थलङ (लिम्बू) लाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०७५।१।१३ मा भएको फैसलालाई सदर ठहर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) एवं दफा १७७(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम पुनरावेदक प्रतिवादी मण्डेला भन्ने सागरकुमार साँवा लिम्बूलाई सर्वस्व नहुने, जन्म कैद (२० वर्ष) को मात्र सजाय हुने । प्रतिवादीहरू वंशु भन्ने पर्शुराम लिम्बू, टीका भन्ने चन्द्रकुमार थलङ र यामे यामकुमार भन्ने क्षितिज थलङ लिम्बूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन दाबी र अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी मण्डेला भन्ने सागरकुमार साँवा लिम्बूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उप-सचिव): टीकाबहादुर थापा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ आश्विन १२ गते रोज ३ शुभम् ।

## १०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७७-CR-००१४, जबरजस्ती करणी, नेपाल सरकार वि. सलमान चुरिहार*

पीडितउपर करणी भएको भन्ने कुरा Medical report बाट पुष्टि भएको छैन । Medical Report मा No any foreign materials or stains in clothing and body, no injuries present, no any injuries noted भनी उल्लेख भएबाट करणी भएको भन्ने नदेखिएको र करणी भएको रहेछ भन्ने कुरा मिसिल संलग्न कुनै प्रमाणबाट समेत नदेखिएको अवस्थामा प्रतिवादी तथा पीडितबिच करणी लिनु दिनु गरेको वा सोसम्बन्धी उद्योग गरेको भनी मान्न मिल्ने अवस्था नरहने ।

स्वास्थ्य परीक्षण तथा अन्य सबुद प्रमाणबाट प्रमाणित नभएको तथा पीडित र जाहेरवाली दुवैजनाले अदालतमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी प्रतिकूल बकपत्र गरेको अवस्थामा अभियुक्तको अनुसन्धानमा भएको बयान तथा जाहेरवाला र पीडितले अनुसन्धानमा गरेको कागजलाई मात्र आधार लिई जबरजस्ती करणी जस्तो गम्भीर फौजदारी कसुरमा सजाय गर्नु फौजदारी न्याय सिद्धान्तको प्रतिकूल हुन जाने ।

तसर्थ, प्रतिवादी सलमान चुरिहारलाई जबरजस्ती करणी उद्योगतर्फ कसुर कायम गर्ने गरी भएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०७६।३।२५ को फैसला उल्टी हुने गरी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी ठहर भएको उच्च अदालत तुलसीपुरको मिति २०७६।१०।१४ को फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रोशनकुमार झा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ आषाढ २२ गते रोज ३ शुभम् ।

**११**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७७-CR-०३९६, लागु औषध खैरो हिरोइन, नेपाल सरकार वि. अलिशा लिम्बू*

प्रतिवादी अजय राईले उक्त लागु औषध प्रतिवादी अलिशा लिम्बूलाई पुर्‍याउन हिँडेको भने तापनि प्रतिवादी अलिशा लिम्बूको साथबाट कुनै पनि लागु औषध बरामद नभएको अवस्थाका साथै निजले अदालतमा बयान गर्दा एक पटक साथीहरूसँग लागु औषध हेरोइन सेवनसम्म गरेको हो भनी स्वीकार गरी सेवनको कसुरमा सजाय गरिपाउँ भनी अदालतसमक्ष सेवनमा सम्म साबित भई बयान गरेको र सहअभियुक्त अजय राईले अनुसन्धान अधिकारीसमक्ष अलिशा राईलाई पोल गरेको भए तापनि अदालतमा आएर पोल गर्न नसकेको अवस्थामा यी प्रतिवादी अलिशा लिम्बूको अनुसन्धान अधिकारीसमक्षको बयान र सहअभियुक्तको अनुसन्धानको बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नसकेको अवस्थामा अभियोग मागदाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः माथि विवेचित आधार एवं कारणहरूबाट प्रतिवादी अलिशा लिम्बूको साथबाट लागु औषध बरामद भएको नदेखिएको सहप्रतिवादी अजय राईले अदालतमा बयान गर्दा अलिशा लिम्बूलाई चिनेको छैन भनी बयान गरेको प्रतिवादी अलिशा लिम्बूले अदालतमा बयान गर्दा लागु औषध सेवन गर्ने गरेको भनी सेवनको कसुरमा सम्म साबित भई बयान गरेको परिप्रेक्ष्यमा प्रतिवादी अलिशा लिम्बूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम कसुर गरेको ठहर्‍याई ३ वर्ष कैद र रू.५,०००।– जरिवाना हुने ठहर्‍याई भएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०७५।११।१२ को फैसला केही उल्टी भई प्रतिवादी अलिशा लिम्बूलाई सोही ऐनको दफा ४(छ) को कसुरमा सोही ऐनको दफा १४(१)(ङ) बमोजिम एक वर्ष कैद हुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत विराटनगरबाट मिति २०७६।९।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ आषाढ २२ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७७-WH-०३३५, बन्दीप्रत्यक्षीकरणलगायत अन्य उपयुक्त आदेश जारी गरिपाउँ, तुक्से र निरबहादुर भन्ने निरज राई वि. धनकुटा जिल्ला अदालत, तहसिल शाखासमेत*

मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) को खण्ड (क) वा (ख) को कसुरमा ऐ. को उपदफा (३) को खण्ड (क) मा कैद सजायको अतिरिक्त सत्तरी हजार रूपैयाँदेखि एक लाख चालिस हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था भएको र यही कानूनी व्यवस्था कार्यान्वयन हुने सन्दर्भमा निवेदक/प्रतिवादीले एक लाख चालिस हजार रूपैयाँ बराबरको थुनामा बस्नुपर्ने वा सो बराबरकै रकम दाखिला गर्नुपर्ने हुन्छ। तर निवेदकले जरिवानाबापत थुनामा बसेको अवधि बाहेक गरी बाँकी अवधिको रकम दाखिला गरेको देखिँदैन। न त एक लाख चालिस हजार रूपैयाँ बराबरको थुनामा बसेको देखिन्छ। निवेदक एक लाख चालिस हजार रूपैयाँ बराबर दिनको रू. ३००।- (तीन सय रूपैयाँ) का दरले करिब १५ महिना थुनामा बस्नुपर्ने देखिन्छ। तर प्रस्तुत रिट निवेदन दर्ता गर्दा निवेदक/प्रतिवादी १० महिना १९ दिन थुनामा बसेको र हाल आदेश (फैसला) हुँदाको दिनसम्म पनि एक लाख चालिस हजार रूपैयाँबापत थुनामा बस्नुपर्ने करिब १५ महिनाको अवधि व्यतीत भइसकेको नदेखिँदा निवेदन

मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

अब निवेदक/प्रतिवादी मिति २०७१।३।८ देखि मिति २०७७।३।८ सम्म ६ वर्ष कैदमा बसेको अवधिबाहेक गरी त्यस मितिपश्चात् मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ (२) बमोजिम दिनको रू. ३००।– (तीन सय रूपैयाँ) का दरले हुने रकम हिसाब गरी थुनामा बसेको दिनसम्मको जरिवानाबापतको रकममा कट्टा गर्दा निवेदक/प्रतिवादी सोभन्दा बढी समय थुनामा बस्नुपर्ने देखिएमा एक लाख चालिस हजार रूपैयाँ बराबर हुन जति रकम नपुग हुन्छ, त्यति रकमबापत पनि दिनको रू. ३००।– (तीन सय रूपैयाँ) का दरले हुने रकम बुझाए निवेदक/प्रतिवादीलाई कानूनबमोजिम थुनामुक्त गरिदिनू । निवेदकले रकम नबुझाएमा थुनामा बसेको अवधि कट्टा गर्दा एक लाख चालिस हजार रूपैयाँ बराबर हुन जति महिना वा दिन नपुग हुन्छ, त्यति महिना वा दिन थुनामा बस्नुपर्ने गरी मिति २०७१।१२।३ को कैदी पुर्जी संशोधन गरी निवेदक / प्रतिवादी र सम्बन्धित कारागार कार्यालयलाई दिनु भनी धनकुटा जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी गरिदिएको।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७८ साल जेठ १४ गते रोज ६ शुभम्।

**१३**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६९-WO-१३४२, उत्प्रेषण / परमादेश, राजनप्रसाद दाहाल वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

टेलिकम टेक्निसियन पदको सेवा करारमा लिने प्रयोजनको लागि दरखास्त आह्वान गरी विज्ञापनको सूचना प्रकाशन गर्दा उमेर हद नराखी सूचना प्रकाशन गर्नु भनी कानूनले उमेर हद राख्न बन्देज नलगाएको स्थितिमा उमेर हद राखी दरखास्त आह्वान गरी प्रकाशित गरिएको उल्लिखित मिति २०६९।०६।०५ को सूचना नं.५/०६९/७०, वि.नं.१/०६९/७० को विज्ञापनमा उम्मेदवारसमेत कायम नरही परीक्षामा सामेल नै नरहेका यी रिट निवेदकको निवेदन मागबमोजिम मिति २०७०।०१।१४ मा प्रकाशित उक्त पदको नतिजा र सो नतिजाको आधारमा दिएको नियुक्ति र सोसम्बन्धमा भएका काम कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी यी निवेदकको नामसमेत समावेश गरी पुनः अर्को नतिजा प्रकाशन गर्नु र निवेदकलाईसमेत करार सेवामा अन्य उम्मेदवारसरह भर्ना गरी कामकाजमा लगाउनु भनी परमादेशको आदेश जारी गर्नुपर्ने औचित्य तथा आधार र कारणसमेत रहेको भन्ने नदेखिने।

तसर्थः १६७ जना टेलिकम टेक्निसियन पदको सेवा करारमा लिनको लागि मिति २०६९।६।५ मा प्रकाशित उक्त सूचनाबमोजिमको विज्ञापनमा उम्मेदवारको उमेर हद राखी सेवा करारको लागि दरखास्त आह्वान गरी विज्ञापनको सूचना प्रकाशन गर्न नपाउने स्पष्ट कानूनी आधार देखाउन सकेको नदेखिएको, उक्त विज्ञापनको सूचना समावेशी नरहेकोले आफ्नो संविधान तथा प्रचलित कानूनबमोजिमको हक हनन भएको भन्ने कानूनी आधार रहेको कुराको निवेदकले पुष्टि गराउन सकेकोसमेत नदेखिएको साथै यी निवेदकसमेतले उक्त विज्ञापनमा उमेर हद नलगाई दरखास्त दर्ता गराइपाउन दिएको यसै लगाउको ०६९-WO-०४४३ को उत्प्रेषण परमादेशको रिट निवेदनमा आज यसै इजलासबाट दरखास्त दर्ता गर्न परमादेशको आदेश जारी गरिरहन नपर्ने ठहरी रिट निवेदन खारेज भएबाट यी निवेदकको उक्त विज्ञापनमा उम्मेदवार कायम रहेकोसमेत नदेखिएकोले उम्मेदवार नै नरहेका यी रिट निवेदक राजनप्रसाद दाहालको निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्न नमिल्ने। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ पौष २० गते रोज ३ शुभम्।

**१४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६९-WO-०४४३, उत्प्रेषण / परमादेश, राजनप्रसाद दाहालसमेत वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

मिति २०६९।६।५ मा टेलिकम टेक्निसियन पदमा तीन महिनाको लागि सेवा करारबाट पदपूर्ति गर्ने प्रयोजनार्थ दरखास्त आह्वान गरी प्रकाशित गरेको उक्त सूचना नं.५/०६९/७० को विज्ञापनबमोजिम दरखास्त दर्ता गराएका उम्मेदवारहरूको प्रयोगात्मक तथा अन्तर्वार्ताको परीक्षासमेत सञ्चालन भई परीक्षाको नतिजाको सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले ३० दिनभित्र कम्पनीको केन्द्रीय कार्यालय, जनशक्ति विभागमा सम्पर्क राख्न सूचित गरी मिति २०७०।०१।१४ गतेको राष्ट्रिय गोरखापत्र दैनिकमा नतिजा प्रकाशित भई नियुक्तिसमेत भइसकेको देखिएबाट उक्त टेलिकम टेक्निसियन सेवा करार पदको पदपूर्तिसमेत भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदनमा निवेदकहरूको दरखास्त दर्ता गर्नुपर्ने प्रयोजन नरही निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरिरहनुपर्ने औचित्य नै समाप्त भइसकेको देखिएको ।

तसर्थः नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०६९।५।२७ मा बसेको ५१० औँ बैठकको निर्णय नं.२२८६ को निर्णयको आधारमा तीन महिनाको लागि टेलिकम टेक्निसियन पदमा सेवा करारद्वारा पदपूर्तिको लागि मिति २०६९।६।५ मा सूचना नं.५/०६९-७० को सूचनामार्फत दरखास्त आह्वान गरी विज्ञापन गरिएकोमा उक्त सूचनाबमोजिमको विज्ञापनको नतिजासमेत प्रकाशित भई पदपूर्तिसमेत भइसकेको देखिएको र उक्त सेवा करारको तीन महिनाको अवधिसमेत व्यतीत भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएको हुँदा रिट निवेदकहरूको निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ पौष २० गते रोज ३ शुभम् ।

**१५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WH-००५१, बन्दीप्रत्यक्षीकरण, छिरिङ लामा वि. काठमाडौं जिल्ला अदालतसमेत*

मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (३)(क) मा "उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको कसुर भए सात वर्षदेखि चौध वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँदेखि एक लाख चालिस हजार रूपैयाँसम्म जरिवाना" हुने भन्ने व्यवस्था रहेको देखियो । प्रस्तुत सन्दर्भमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने व्यवस्था भएको देखिँदा प्रस्तुत निवेदनका सन्दर्भमा निवेदकलाई लागेको जरिवानाको हकमा उल्लिखित कानूनी व्यवस्था आकर्षित हुने अवस्थाको देखिने ।

निवेदक डाँका चोरी मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०७४।०९।२५ को फैसलाअनुसार लागेको कैद ६ वर्ष निजले मिति २०७२।०५।२५ देखि

२०७८।०५।२४ गतेसम्म प्रहरी हिरासत र कैदमा बसी कैद भुक्तान गरिसकेको, जरिवानाको हकमा मुलुकी ऐन, दण्ड सजायको ३८(१) बमोजिम बढीमा चार वर्ष कैद ठेक्नुपर्ने व्यवस्था भएकोमा हाल प्रचलनमा आई लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) को खण्ड (क) को कसुरमा सोही दफा २४४ को उपदफा (३)(क) अनुसार हुने र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ निवेदकको सन्दर्भमा आकर्षित भई सो कानूनी व्यवस्थाअनुसार हुने भएपछि जरिवानाको हकमा निवेदकलाई अधिकतम जरिवाना रू.१,४०,०००।– (एक लाख चालिस हजार रूपैयाँ) हुने अवस्था रहेको देखिने।

डाँका चोरी मुद्दामा निवेदकलाई ठेकिएको कैद वर्ष ६।०।० (छ वर्ष) निज मिति २०७८।०५।२४ सम्म कैदमा बसी भुक्तान गरिसकेको देखिएको र निजलाई रू.४५,००,०००।- (पैँतालिस लाख रूपैयाँ) जरिवाना भएको देखिएकोमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा ३(क) को व्यवस्थाअनुसार रू.१,४०,०००।– जरिवाना हुने देखिँदा निजलाई जरिवानाबापत रू.१,४०,०००।– कायम गरी सोको मिति २०७८।०५।२५ गतेदेखि निज निवेदक जरिवानाबापत हालसम्म कैदमा बसिरहेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ को उपदफा (२) मा भएको व्यवस्थाअनुसार दैनिक रू.३००।– को दरले निज कैदमा बसेको अवधि कट्टा गरी हुन आउने बाँकी रकम निवेदकले बुझाए, बुझिलिई अन्य मुद्दाको रोहमा थुनामा राख्नुपर्ने नभए प्रस्तुत मुद्दाको रोहमा थुनामुक्त गरिदिनु र नबुझाए जरिवानाबापत हुने अवधि किटान गरी कानूनबमोजिम कैदम्याद ठेकी असुल गर्नु भनी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । परमादेशको आदेशबाट निवेदकले माग गरेको कानूनी उपचार प्राप्त हुने नै हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदकको सो मागसम्म खारेज हुने।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ कात्तिक ५ गते रोज ६ शुभम्।

**१६**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-WO-१३०३, परमादेश, बाबुकृष्ण महर्जन वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

सरकारी वा गैरसरकारी जुनसुकै सेवामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको सेवा कायम नै राख्ने र रहने व्यवस्था मिलाउन र त्यस्ता व्यक्तिहरूको रोजगारीको पर्याप्त र यथोचित व्यवस्था गर्न र तिनीहरूको सामर्थ्य र क्षमता विकासको लागि उचित प्रबन्ध मिलाउन प्रस्तुत रिट निवेदनमा आदेश माग गरेको सन्दर्भमा हेर्दा, सो कार्यहरूका लागि संविधानले परिकल्पना गरेबमोजिम ऐन निर्माण गरी सोअन्तर्गत नियमावली र निर्देशिकाहरूसमेत निर्माण गरी अपाङ्गता भएका व्यक्तिहरूको हकहित, संरक्षण र सम्बर्द्धन गरी आएको भन्ने देखिएको स्थितिमा ठोसरूपमा यो यस्तो किसिमका कार्यहरू गर्नुपर्नेमा नगरेको भन्नेसमेत निवेदकले देखाउन नसकेको हुँदा सोतर्फ थप विवेचना गरिरहनुपरेन। साथै, नेपालको संविधान र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा गरिएका कानूनी व्यवस्थाहरू अपाङ्गता भएका व्यक्तिहरूको हकहित, विकास, सुविधा, सम्मान तथा सुरक्षित जीवन निर्वाहका लागि पर्याप्त छैन भन्ने रिट निवेदकले जिकिर लिए पनि के-कुन आधारमा पर्याप्त छैन भन्ने कुरा खुलाउन सकेको पाइँदैन। कुनै पनि निर्णय गर्ने विधि र प्रक्रिया संविधान तथा कानूनले नै निर्धारण गरेको हुन्छ। संविधान, कानून वा कानूनले निर्धारण गरेको प्रक्रिया उल्लङ्घन गरी वा बदनियतपूर्वक

अधिकारक्षेत्रको अतिक्रमण गरी निर्णय भएकोमा वा कुनै पनि कानून संविधानसँग बाझिएको देखिन आयो वा संविधान, कानूनबाट निर्दिष्ट प्रक्रियाबाट उपचार पाउन कठिन भयो भने सो विरूद्ध उपचार प्रदान गर्न मात्रै असाधारण अधिकारक्षेत्र आकर्षित हुने हुँदा प्रस्तुत रिट निवेदनमा त्यस्तो कुनै पनि अवस्थासमेत विद्यमान भएको नदेखिने।

तसर्थ, रिट निवेदनको मागबमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली, २०७७ निर्माण भई कार्यान्वयनमा समेत आइसकेकोले प्रस्तुत रिटको औचित्य समाप्त भइसकेको, साथै अपाङ्गता भएका व्यक्तिहरूको हकहित, विकास, सुविधा, सम्मान तथा सुरक्षित जीवनयापनका लागि नेपाल सरकारले विभिन्न कार्यविधि र निर्देशिकाहरूसमेत बनाइ लागु गरेकै देखिँदा प्रस्तुत रिट निवेदनको मागबमोजिम कुनै आदेश जारी गरिरहनुपरेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ आश्विन १४ गते रोज शुभम्।

**१७**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-२१४०, जबरजस्ती करणी, सानुबाबु पाटा मगर वि. नेपाल सरकार*

प्रतिवादीले जबरजस्ती करणी गरेको होइन सहमतिमा करणी गरेको हो भनी गरेको बयान र पुनरावेदन जिकिरको सन्दर्भमा पीडितको सहमतिमा करणी गरेको हो होइन र सहमतिमा नै करणी भएको भए पनि सो सहमतिलाई सहमतिको संज्ञा दिन मिल्छ या मिल्दैन भन्नेतर्फ हेर्दा पीडित नाम परिवर्तित "ग" कुमारीको अनुसन्धान अधिकारीसमक्ष गरेको कागजमा मिति २०७०।५।१ गते राति प्रतिवादीले आफूलाई तीन पटक जबरजस्ती करणी गरेको हो, कसैलाई बताएमा ज्यान मारिदिन्छु भनी धम्की दिएकोले कसैलाई नबताई बसेकोमा मिति २०७०।५।१४ गते जाहेरवाला सानीआमा भेट्न आउँदा एक्कासि रून मन लागी रूँदा के भएको हो भनी सानीआमाले सोध्दा सबै कुरा बताएकी हुँ, प्रतिवादीलाई हदैसम्म सजाय गरिपाउँ भनी लेखाएको पाइन्छ। निज पीडितले अदालतमा बकपत्र गर्दा पनि प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भन्दै मौकाको कागज बेहोरालाई समर्थन गरी बकपत्र गरेको पाइन्छ। पीडितकै भनाइअनुसार जाहेरी दिएको भनी पीडितको कथनलाई समर्थन गर्ने गरी जाहेरी बेहोरामा उल्लिखित हुनुका साथै जाहेरवालाले अदालतमा आएर बकपत्रसमेत गरिदिएको पाइन्छ। यी पुनरावेदक/प्रतिवादीले बयान गरेअनुरूप सहमतिमा करणी लिनु दिनु गरेको भए पीडितले यसरी झुट्ठो बेहोरा लेखाउनुपर्ने कारण के थियो भन्ने मिसिलसंलग्न कागजबाट देखिन आएको छैन। यसरी आफू कसुरबाट सफाइ लिनका लागि सहमतिमा करणी भएको भन्ने पुनरावेदक/प्रतिवादीको बयान अन्य स्वतन्त्र प्रमाणको अभावमा विश्वासप्रद मान्न मिल्ने नदेखिने।

अतः पीडित नाम परिवर्तित "ग" कुमारीलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिई जाहेरवालाले अदालतमा समेत उपस्थित भई सोही बेहोराको बकपत्र गरिदिएको, पीडितले पनि मौकामा कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत जबरजस्ती करणी गरेको भनी पोल गरी लेखाइदिएको, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडितउपर करणीको कार्य भएको र कन्याजाली च्यातिएको देखिएको, स्वयम् प्रतिवादीले अदालतमा बयान गर्दासमेत सहमतिमा करणी गरेकोमा स्वीकार गरी बयान गरेको र स्वाँरा गा.वि.स.को कार्यालय, गोरखाको च.नं.१०४ मिति २०७३।८।२ को पत्रसाथ प्राप्त जन्मदर्ता किताबको अभिलेखअनुसार निज पीडितको जन्म मिति २०५६।८।१७ देखिई वारदात मिति २०७०।५।१ मा पीडितको उमेर १४ वर्षभन्दा कम देखिएको स्थितिमा गोरखा जिल्ला अदालतले सफाइ

दिने गरी गरेको फैसला उल्टी गरी जबरजस्ती करणी गरेको ठहर गरी उच्च अदालत पोखराबाट भएको फैसला मनासिब देखिने।

त्यसर्थ, प्रतिवादी सानुबाबु पाटामगरलाई सुरू गोरखा जिल्ला अदालतबाट आरोपित कसुरबाट सफाइ दिने गरी मिति २०७२।१।८ मा भएको फैसला उल्टी गरी उच्च अदालत पोखराबाट मिति २०७३।१२।७ मा अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. कसुरमा ३(२) नं. बमोजिम ८ वर्ष कैद तथा सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितले रू.१ लाख क्षतिपूर्तिसमेत भराइपाउने ठहऱ्याई गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ १ गते रोज ३ शुभम्।

## १८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०६८-CI-११७०, लेनदेन, जानकीदेवी अमातनी वि. राजकुमार मण्डल अमात*

प्रतिवादी राजकुमार मण्डलकी आमा सरोस्वतीवती अमातनीले मिति २०५३।३।२४ गते गरेको भनिएको कागज कपाली तमसुकको लिखतलाई साबिक मुलुकी ऐन, कागज जाँच महलको ५ नं. बमोजिम बेरितको मानिने हुँदा त्यस्तो बेरितको लिखत प्रमाणमा लाग्न सक्ने देखिन आएन भनी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत राजविराजको मिति २०६८।३।१३ को फैसलामा बुझ्नुपर्ने प्रमाण बुझी इन्साफ गरेको भन्ने नदेखिएकोले उक्त निर्णय र फैसला साबिक मुलुकी ऐनको अ.बं. ७८ नं., अ.बं. १९२ नं. र कागज जाँच महलको ५ नं. समेतलाई मध्यनजर राखी हेर्दा मिलेको देखिन नआउने । तसर्थः प्रत्यर्थी प्रतिवादी राजकुमार मण्डलकी आमा सरोस्वतीवती अमातनीले मिति २०५३।३।२४ गते गरेको भनिएको कागज कपाली तमसुकको लिखतलाई प्रत्यर्थी प्रतिवादी राजकुमार मण्डलले किर्ते भनी बयान गरेको सन्दर्भ र उक्त लिखतमा ल्याप्चे र दुई जना साक्षीसमेतले नाम, थर, वतनसमेत खुलाइ हस्ताक्षर गरेको देखिएको अवस्थामा सो लिखत सद्दे, किर्ते वा जालसाजी के हो भनी ठहर गर्नुपर्ने विषयमा प्रवेश नै नगरी सो कपाली तमसुकको लिखतलाई बेरितको देखिन आएकोले त्यस्तो बेरितको लिखत प्रमाणमा लाग्न सक्ने देखिन आएन भनी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत राजविराजको मिति २०६८।३।१३ को फैसला साबिक मुलुकी ऐनको अ.बं. ७८ नं. अ.बं. १९२ नं. र कागज जाँच महलको ५ नं. समेतलाई मध्यनजर राखी हेर्दा त्रुटिपूर्ण रहेको देखिएकोले बदर हुने।

अब, सो कपाली तमसुकको लिखतलाई सद्दे, किर्ते वा जालसाजी के हो भनी ठहर गर्न लिखतमा भएका साक्षीहरू र लेखक साक्षीसमेतलाई बुझी विशेषज्ञको बकपत्र गराउनेलगायत जे जो प्रमाण बुझ्नुपर्छ बुझी सद्दे, किर्ते वा जालसाजीसमेत सम्बोधन गरी निर्णय गर्नको लागि मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१६ अनुसार यो फैसला गरिदिएको छ। प्रचलित कानूनबमोजिम सम्पूर्ण तथ्य, प्रमाण र कानूनको विवेचना गरी अविलम्ब निर्णय गरी मुद्दाको किनारा गर्नु भनी रेकर्ड र सुरू मिसिलसमेत तत्कालीन पुनरावेदन अदालत राजविराजमा पठाइदिने।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ वैशाख १२ गते रोज १ शुभम्।

## १९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-०२६०, बन्दीप्रत्यक्षीकरण, प्रतिभा श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदकउपर चलेको बैंकिङ कसुर मुद्दाको

कारबाही मुलुकी अपराध संहिता लागु हुनुपूर्व प्रारम्भ भएको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ मिति २०७५।५।१ मा प्रारम्भ भएपश्चात् यी निवेदकउपर चलेका विभिन्न बैंकिङ कसुर मुद्दामा मिति २०७५।१२।०१, २०७५।६।२२, २०७६।६।२४ र २०७५।९।२९ गरी विभिन्न मितिमा उच्च अदालत पाटनबाट फैसला भएको देखिन्छ। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ" तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने व्यवस्था भएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था उल्लेख भएको पाइन्छ । साथै, नेपालको संविधानको धारा २०(४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने उल्लेख भएको देखिने।

निवेदकउपर चलेको विभिन्न बैंकिङ कसुर मुद्दाको अर्का प्रतिवादी सुधा बस्नेतलाई यसै अदालतबाट मुद्दा नं. ०७८-WH-०२१० को बन्दीप्रत्यक्षीकरण मुद्दाबाट निजलाई थुनामुक्त गर्ने गरी आदेश भएकोसमेत देखिन्छ । उक्त मुद्दामा निवेदकले सम्पूर्ण (१६ थान) चेक प्रस्तुत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लागु हुनुभन्दा पहिले नै काटेको देखिएकोले मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा ४६ बमोजिम जरिवानाबापत १० (दश) वर्ष कैदको लगत कायम गरेको हदसम्म मिलेको नदेखिँदा सो हदसम्म उक्त च.नं. २४११ मिति २०७९।०१।१४ को कैदी पुर्जी उत्प्रेषणको आदेशद्वारा बदर गरिएको देखिने।

तसर्थ, निवेदक प्रतिभा श्रेष्ठलाई बैंकिङ कसुर मुद्दामा ठहरेको जरिवानाबापत मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(२)(क) बमोजिम १० वर्ष कैद ठेकी जरिवाना असुल गर्न पठाइएको काठमाडौं जिल्ला अदालत तहसिल शाखाको च.नं.२७६२ मिति २०७९।०३।०५ को कैदी पुर्जी संविधान एवं कानूनसम्मत नदेखिएकाले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब कसुर गर्दाका अवस्थामा कायम रहेको मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नं. को देहाय (१) बमोजिम जरिवानाबापत ४ वर्ष कैद म्याद ठेकी कैदी पुर्जी जारी गर्नु भनी प्रत्यर्थी काठमाडौं जिल्ला अदालत तहसिल शाखाको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । माथि उल्लेख भएअनुसार फैसलाबमोजिम कैद सजाय निवेदकले मिति २०७५।०३।२२ सम्म कैदमा रही भुक्तान गरिसकेको र जरिवानाबापत मिति २०७५।०३।२३ बाट कैदमा रहेको देखिँदा जरिवानाबापतको मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नं.अनुसारको ४ वर्षको कैदको अवधि मिति २०७९।०३।२२ मा मात्र भुक्तान भई मिति २०७९।०३।२३ मा मात्र कैदमुक्त हुने देखिन आएको र परमादेशबाट निवेदकको माग सम्बोधन हुने हुँदा निवेदन मागअनुसार हालै बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने अवस्था विद्यमान नदेखिएकाले बन्दीप्रत्यक्षीकरणको रिट खारेज हुने।

इजलास अधिकृत: नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ आषाढ १९ गते रोज १ शुभम्।

२०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-०१९४, बन्दीप्रत्यक्षीकरण, शुक्रे भन्ने सुकराम तामाङ वि. तहसिल शाखा, काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत*

रिट निवेदकलाई काठमाडौं जिल्ला अदालतसमक्ष चलेको ६ थान मुद्दाहरूमध्ये २ थान नकबजनी चोरी मुद्दा (स.फौ.नं. १६८१ र स.फौ. नं.२२१८) मा हालको कानूनी व्यवस्था अनुसार अधिकतम जरिवानाबापत रू. ५०,०००।– (पचास हजार रूपैयाँ) गरी जम्मा रू. १,००,०००।– (एक लाख रूपैयाँ) र बाँकी ४ थान मुद्दाहरूमध्ये २ (दुई) थान लागु औषध मुद्दा (२०६८ स.फौ.नं. २७७५ र २०७० सालको cs-१४१६) को जरिवाना रकम रू.५,०००।– (पाँच हजार रूपैया) र रू. ५,०००।– (पाँच हजार रूपैया) गरी जम्मा रू. १०,०००।– (दश हजार रूपैयाँ), बाँकी २(दुई) थान नकबजनी चोरी मुद्दा (स.फौ. नं. २२१५ र स. फौ. नं. १५१२) को जरिवाना रकम रू.१५,०००।– र रू.३७,५००।– तथा ललितपुर जिल्ला अदालतबाट नकबजनी चोरी (०६८-CR-०१३०) मुद्दामा रू.४१,१६९।- (एकचालिस हजार एक सय उनान्सत्तरी रूपैयाँ) र नकबजनी चोरी (०६८-CR-०१३९) मुद्दामा रू. ५०,०००।– (पचास हजार रूपियाँ) समेत गरी जम्मा रू.२,५३,६६९।- (दुई लाख त्रिपन्न हजार छ सय उनान्सत्तरी रूपैयाँ) हुने देखिन्छ। निवेदकउपर काठमाडौं जिल्ला अदालततर्फ चलेको ६ थानमध्ये २ थान नकबजनी चोरी मुद्दामा हालको कानूनी व्यवस्थाअनुसार प्रत्येकमा अधिकतम जरिवानाबापत रू. ५०,०००।– (पचास हजार रूपैयाँ) कायम गर्नुपर्नेमा जरिवाना हालको कानूनी व्यवस्था अनुसार कायम गर्न मिल्ने देखिँदैन भनी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७८।१२।०१ को आदेश मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(३), केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ३९(२)(ग), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ समेतको विपरीत भएको हुँदा कानूनसम्मत देखिएन। अत: काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७८।१२।०१ को आदेश र ललितपुर जिल्ला अदालतको मिति २०७९।०१।११ को एकीकृत संशोधित कैदी पुर्जीमा मिति २०७७।०८।१४ देखि २०८१।०८।१३ हुनुपर्नेमा मिति २०७८।१२।०१ देखि मिति २०८२।१२।०१ सम्म उल्लेख गरेको कैदी पुर्जी मिलेको नदेखिँदा सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको।

अत: रिट निवेदक शुक्रे भन्ने सुकराम तामाङलाईभएकोकैदकोसजायमिति२०७७।०८।१३ गते भुक्तान भई मिति २०७७।०८।१४ देखि निज जरिवानाबापतको कैद भुक्तान गरिरहेको देखिँदा भुक्तान भएको कैदको अवधि दैनिक रू. ३००।– का दरले कट्टा गरी बाँकी रहन आएको जरिवाना रकम निज प्रतिवादी शुक्रे भन्ने सुकराम तामाङले बुझाउन ल्याए निजबाट बुझी यी रिट निवेदकलाई अन्य कुनै मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको हकमा थुना मुक्त गरिदिनु र नबुझाए निजलाई लागेको जरिवानाबापत हुने बाँकी अवधिको लागि दैनिक रू.३००।- को दरले कैद ठेकी संशोधित कैदी पुर्जी दिनु भनी प्रत्यर्थीहरू ललितपुर जिल्ला अदालत र काठमाडौं जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। परमादेशको आदेशबाट निवेदकले माग गरेको कानूनी उपचार प्राप्त हुने नै हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदकको सो मागसम्म खारेज हुने।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: समी नेपाली

इति संवत् २०७९ साल जेठ २६ गते रोज ५ शुभम्।

## २१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-CI-०२५८, ०७४-CI-०२७६, अंश दपोट, विनायक विष्टसमेत वि. शुशीला विष्टसमेत, शुशीला विष्टसमेत वि. प्रेमकुमारी विष्टसमेत*

विवादित काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स. वडा नं.६ कि.नं.२७१ को घरजग्गाको स्रोत हेर्दा, कास्की जिल्ला, घान्द्रूक गा.वि.स.वडा नं. ७ को हाल पोखरा नगरपालिका बसोबास गर्ने तेजबहादुर गुरूङबाट प्रतिवादी विनायक विष्टले हालैदेखिको बकसपत्रमार्फत मिति २०५०।४।२६ मा र.नं. २८९ बाट पोखरा नगरपालिका वडा नं.८ स्थित कि.नं. ७८५० को क्षे.फ.०-८-३-१ को जग्गा प्राप्त गरी उक्त जग्गा निज विनायक विष्टले आमा प्रेमकुमारी विष्टलाई पुनः र.नं.८५१२ मिति २०५९।१।२० मा हालैदेखिको बकसपत्र गरिदिएको देखिन्छ । सो जग्गा आमा प्रेमकुमारी विष्टले मिति २०६५।११।१३ मा राजीनामाको लिखतबाट रू.१२,७०,०००।– मा जमुना सुवेदीलाई बिक्री गरेको र सो प्राप्त रकममा रू.१,३५,०००।- (एक लाख पैँतिस हजार) थप ऋण गरी र.नं.८७७३(ग) को मिति २०६५।११।१५ मा हाल वादी दाबीको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स. वडा नं.६ सिट नं. १०३०-११ कि.नं.२७१ क्षे.फ. ८९.४१ वर्गमिटर जग्गा एवं घरसमेत हरिमाया भारतीबाट मिति २०६५।११।१५ मा र.नं.८७७३ (ग) बाट राजीनामा लिखत पास गरी प्रतिवादी प्रेमकुमारी विष्टले खरिद गरी लिएको देखिने।

पुनरावेदक प्रतिवादीहरूले सुरू अदालतमा प्रतिउत्तरपत्र फिराउदाको अवस्थामा नै जग्गाको प्राप्तिको स्रोतको विषयमा सम्पूर्ण बेहोरा उल्लेख गरी सोको प्रमाणसमेत पेस गरेको अवस्थामा उक्त सम्पत्ति निजी आर्जनको होइन सगोलको सम्पत्तिबाट बढे बढाएको हो भनी उच्च अदालतमा पुनरावेदन दायर गर्दा र सर्वोच्च अदालतमा पुनरावेदन दायर गर्दासमेत वादीहरूले उल्लेख गर्न सकेको अवस्था छैन र प्रतिवादीहरूले पेस गरेका प्रमाणहरूलाई वादी पक्षले अन्यथा भनी खण्डन गर्न सकेको अवस्थासमेत विद्यमान नभएकोले प्रतिवादी प्रेमकुमारी विष्टको नाउँमा कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स.वडा नं.६ को सिट नं.१०३०-११ कि.नं.२७१ मा रहेको क्षे.फ. ८९.४१ वर्गमिटर जग्गा एवं घरसमेत बन्डा लाग्ने प्रकृतिको नभई निज प्रतिवादीको निजि आर्जनको सम्पत्ति नै कायम हुने देखिने।

तसर्थ, वादी दाबीको कि.नं.२७१ को घरजग्गामा वादीहरूले समेत ६ भागको २ भाग सम्पत्ति अंशबापतमा पाउने र अंश दपोटतर्फको वादीहरूको दाबी नपुग्ने ठहऱ्याई भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७१।९।२० को फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।०८।१४ को फैसला मिलेको नदेखिँदा उल्टी भई उक्त काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स. वडा नं.६ को कि.नं.२७१ मा रहेको क्षे.फ. ८९.४१ वर्गमिटर जग्गा एवं घरसमेत प्रतिवादी प्रेमकुमारी विष्टको निजी सम्पत्ति रहेको भन्ने पुष्टि भएकोले सो सम्पत्तिबाट वादीहरूलाई अंश भाग छुट्ट्याइरहन नपर्ने । साथै, अंश दपोटतर्फको पुनरावेदक वादीहरू माधवेन्द्र विष्ट र शुशीला विष्टको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ जेठ १० गते रोज ३ शुभम्।

## २२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-००९८, ०७६-CR-०३२१ कर्तव्य ज्यान, कविता भन्ने भोटकुमारी राई वि. नेपाल सरकार, नेपाल सरकार वि. कविता भन्ने भोटकुमारी राई*

जाहेरवालाको जाहेरी दरखास्तमा मेरो कान्छो भाइ टीकाराम राई काम गरेर घर आएकोले

निजले साइकल लिएर गएको र साइकल नलिई घरमा आएकोले छोरी मनिषाले साइकल खोई ड्याडी भनी सोध्दा बेचेर खाइदिएँ भनेकोले मेरो बुहारी टीकाराम राईको श्रीमतीले जे बेचेर खाए पनि तपाइँको त हो नि भन्दा झैझगडा गरी कुटाकुट गर्न थालेछन् र भाइ टीकाराममले आफ्नो श्रीमतीको केशमा समाती जगल्ट्याएकोले आँगनमा रहेको चारपाटे बटमले टाउकोमा हिर्काइ बेहोस बनाइछन् भनी लेखाएको र सुनेअनुसार जाहेरी दिएको भनी अदालतमा बकपत्र गरेको, घटना विवरण कागज गर्ने मृतक र प्रतिवादीकी छोरी मनिषा राईले घटना विवरण कागज र अदालतमा बकपत्र गर्दासमेत आमालाई बुबाले हिर्काउँदा आफूले छुट्याउन जाँदा आफूलाई हिर्काउँदा बेहोस भएपछि आमाले काठको चिर्पटले हिर्काउँदा बुबा बेहोस हुनुभए छ भनी लेखाएको बेहोरासमेतबाट प्रतिवादीले आफूलाई र छोरीलाईसमेत कुटपिट गरेको कारण आवेसमा आई काठको चिर्पटले हान्दा बेहोस भएको भनाइलाई पुष्टि गरेको छ। यी सबै तथ्यबाट प्रतिवादीले मृतकले आफूलाई र छोरीलाई समेत कुटपिट गरेको कारणबाट तत्काल उठेको रिस थाम्न नसकी काठको चिर्पटले हान्दा मृत्यु भएको देखिएको र प्रतिवादी कविता भन्ने भोटकुमारी राईको मृतक टीकाराम राईलाई मार्नुपर्नेसम्मको इबी रहेभएको भन्ने देखिएको अवस्था नरहेको, लुकी चोरी प्रहार गरेको अवस्था पनि नरहेको तथा जोखिमी हतियार प्रयोग भएको भन्ने पनि नदेखिएको तथ्य मिसिलसंलग्न प्रमाण कागज र घटना वारदात स्थापित भइरहेको देखिँदा प्रस्तुत वारदात ज्यानसम्बन्धी १४ नं. अन्तर्गतको कसुर देखियो । यसस्थितिमा ज्यानसम्बन्धीको १४ नं. बमोजिम प्रतिवादीलाई १०(दश) वर्ष कैद भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।१०।२० को फैसला उल्टी भई अभियोग दाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादीलाई ज्यानसम्बन्धीको १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने गरी मिति २०७४।९।१७ मा इलाम जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।१०।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने । वादी नेपाल सरकार र प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ भदौ १३ गते रोज १ शुभम्।

## २३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** ०७२-CR-२०८४, जबरजस्ती करणी, *नेपाल सरकार वि. श्यामसुन्दर यादव*

पीडितले हात मुक्काले आफूलाई कुटपिट गरी पेटको भागमा समेत नङ्ग्राले कोतरिदिएको भनी उल्लेख गरेको र आफूलाई दुई जनाले पालैपालो करणी गरी बेहोस बनाएको भन्ने कथन रहेकोमा पीडितको जिल्ला अस्पताल सिराहाको स्वास्थ्य परीक्षण प्रतिवेदनमा No internal injury seen, vaginal introitus normal. भन्ने रहेबाट पीडितको भनाइ पूर्णरूपमा खण्डित भएको छ । त्यसैगरी मेरो शरीरमा लगाएको ब्लाउज र पेटीकोट च्यातचुत गरी फालिदिएको र निज अभियुक्तको लिङ्गबाट झरेको वीर्य उक्त कपडामा लागेको हुँदा परीक्षण गराउनको लागि पेस गरेको छु भनी पीडित सौलियाकुमारी डोमले निवेदन पेस गरेको तर केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट भई आएको परीक्षण प्रतिवेदनमा Semen could not be detected on exhibit no. १ and २ (प्रतिवादीको वीर्य), semen could not be confirmed on exhibit nos ३, ४ (पीडितको भेजिनल स्वाब) and ७ (पीडितको पेटिकोट), exhibit

no. ७ was stained by human blood, blood group of exhibit no. ७ could not be detected, blood group of exhibit no. ६ (प्रतिवादीको रगत) could not be detected. भन्ने उल्लेख छ । अर्थात् पीडितको भेजिनल स्वाब र पेटीकोटमा पुरूषको वीर्य नभेटिएको भन्ने उल्लेख भएको पाइन्छ । यसरी निजले भनेअनुरूप पेटमा नङ्ग्राले कोतरेको भन्ने पनि नदेखिएको र Internal Injury पनि नदेखिएको साथै केन्द्रीय विधिविज्ञान प्रयोगशालाको परीक्षणबाट प्रतिवादीको वीर्य पेस गरेका कपडामा नभेटिएको भन्ने देखिएबाट पीडितको भनाइ प्रतीतलायक मान्न नमिल्ने ।

जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र, घटनास्थल प्रकृति मुचुल्का, पीडित र प्रतिवादीको शारीरिक परीक्षण प्रतिवेदन, प्रतिवादीको मौका तथा अदालतको बयान, अपराधसँग सम्बन्धित भौतिक वस्तुको विशेषज्ञबाट भएको परीक्षण प्रतिवेदन, वस्तुस्थिति मुचुल्का, वादी तथा प्रतिवादीका साक्षीले अदालतमा गरेको बकपत्रलगायतका मिसिल संलग्न तथ्यहरूको प्रामाणिक महत्त्व रहन्छ । प्रस्तुत विवादमा पीडितको घरमा गाउँको बिचमा परिवारका सदस्यहरूको सामुन्नेबाट उठाएर लगेको भनिएको अवस्थामा प्रत्यक्षदर्शी भनी उल्लिखित व्यक्तिहरूको भनाइलाई अत्यन्तै सावधानी र सतर्कतापूर्वक विवेचना र मूल्याङ्कन गरी उक्त कथन र अन्य भौतिक प्रमाणले पुष्टि गरेको अवस्थामा मात्र प्रतिवादीको विरूद्धमा प्रमाणमा ग्रहण गर्न सकिन्छ । यसरी हेर्दा जाहेरवालाको जाहेरी र अदालतको बकपत्र एकरूपताको नभई विरोधाभासपूर्ण रहेको, जाहेरवालाको अदालतको बकपत्र नै पनि विरोधाभासपूर्ण रहेको, पीडितको मौकाको कागज र अदालतको बकपत्रमा एकरूपता नहुनुको साथै जाहेरवालाको भनाइ र पीडितको भनाइ पृथक् पृथक् रहेको, पीडितको भनाइलाई शरीर परीक्षण प्रतिवेदन तथा प्रमाणमा देखाइएको वस्तुहरूको परीक्षणले पुष्टि गर्न नसकेको र वस्तुस्थिति मुचुल्काका मानिसहरूको कथनबाट घटना पुष्टि हुन नसकेको अवस्था देखिने ।

तसर्थ, आरोपित कसुर गरेको स्थापित हुन आएको नदेखिएकोले निज प्रतिवादी श्यामसुन्दर यादवलाई सुरू सिराहा जिल्ला अदालतले मिति २०६७।५।२१ मा अभियोग दाबीबाट सफाइ दिएको फैसलालाई सदर ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७०।९।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साउन ३१ गते रोज १ शुभम् ।

## इजलास नं. ३

### २४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-RB-००८१, ०७४-RB-००८२, मूल्य अभिवृद्धि कर, कपिल देव महतो वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर, जगदीश रेग्मी वि. सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि., ललितपुर*

सवारी साधन खरिदमा तिरेको मूल्य अभिवृद्धि कर क्रेडिट नपाउने गरी भएको सुरू निर्णय सदर हुने गरी भएको राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला सो हदसम्म बदर गरिपाउँ भन्ने करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि. को तर्फबाट परेको पुनरावेदनतर्फ विचार गर्दा, करदाताले खरिद गरेका सवारी साधनहरू कर्मचारीहरूले निजी प्रयोगको लागि निर्बाध उपयोग गरेको र व्यवसायसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएकोले खरिदमा तिरेको मूल्य अभिवृद्धि कर क्रेडिट नपाउने र उक्त दाबी रकममा २५% जरिवानासमेत लाग्ने गरी निर्णय भएको देखिन्छ । कर कट्टी दाबी गरेका उल्लिखित सवारी

साधनहरू करदाता सिद्धिगणेश इन्टरप्राइजेज प्रा. लि. को नाउँमा खरिद भएको भए तापनि कम्पनीका कर्मचारीहरूले Own Your Vehicle Scheme अन्तर्गत ती सवारी साधनहरू निजी प्रयोजनको लागि प्रयोग भएको देखिन्छ । हाल कम्पनीका नाउँमा दर्तासम्म रहेका ती सवारी साधन तोकिएको समयपश्चात् कर्मचारीमा स्वामित्व हस्तान्तरण हुने भन्ने पनि देखिन्छ । यसरी कम्पनीको नाउँमा खरिद गरिएका उक्त सवारी साधनहरू कम्पनीको आय आर्जनको काममा प्रयोग नभएर कर्मचारीहरूको निजी प्रयोजनका लागि निर्बाध रूपमा प्रयोग भइरहेको भन्ने देखिँदा उक्त सवारी साधन खरिद मूल्यमा मूल्य अभिवृद्धि कर कट्टी दाबी गर्न मिल्ने देखिन आएन । तसर्थ, उक्त सवारी साधन खरिदमा कर कट्टी दाबी गर्न नमिल्ने भनी भएको सुरू निर्णय सदर गरी भएको राजस्व न्यायाधिकरणको फैसला अन्यथा नदेखिने ।

अत: ठुला करदाता कार्यालय, ललितपुरको मिति २०६८।११।२८ को निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।५।२५ को कर बीजक उल्लेख नभएको बिलबाट खरिद रकमको कर कट्टी नपाउने गरी भएको निर्णय सो हदसम्म उल्टी हुने तथा सवारी साधन खरिदमा तिरेको क्रेडिट नपाउने गरी गरेको निर्णय सदर हुने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७०।०६।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हेमा पाण्डे
कम्प्युटर : देबिमाया खतिवडा (देबिना)
इति संवत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम् ।

- यसै लगाउका ०७४-RB-००८०, ०७४-RB-००८३, आयकर, कपिलदेव महतो वि. ठुला करदाता कार्यालय, ललितपुर, जगदीश रेग्मी वि. सिद्धिगणेश इन्टरप्राइजेज प्रा.लि., ललितपुर भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**२५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७५-WO-०३८९, उत्प्रेषणसमेत, मोहम्मद अख्तर खाँ वि. तुलसीपुर उपमहानगरपालिकाको कार्यालय, तुलसीपुर, दाङसमेत*

नेपालको संविधान तथा कानूनले सर्वोच्च अदालत तथा उच्च अदालतलाई समेत आ-आफ्नो क्षेत्राधिकार, काम, कर्तव्य र अधिकार तोकेको छ । कुनै उच्च अदालतले आफ्नो असाधारण क्षेत्राधिकारअन्तर्गत पेस हुन आएको निवेदनमा कानूनबमोजिम कारबाही गर्न सक्ने नै हुन्छ । कसैको संवैधानिक वा कानूनी हकको स्पष्ट उल्लङ्घन भएको देखिएमा वा प्राकृतिक न्यायकै बर्खिलाप हुने गरी कुनै काम कारबाही गरेभएको अवस्था देखिएमा त्यस्तो गैरकानूनी काम कारबाहीलाई बदर गरी हनन भएको हक अधिकारलाई पुनर्स्थापित गर्नका खातिर यस अदालतले अग्रसरता लिने नै हुन्छ यथापि, यसप्रकारको अवस्था रहेको नदेखिएको प्रस्तुत विवादमा असाधारण अधिकारक्षेत्रअन्तर्गत उच्च अदालतमा विचाराधीन रहेको विषयमा सामान्यतया सर्वोच्च अदालतबाट हस्तक्षेप गर्न मनासिब हुँदैन । अर्कोतर्फ, मिति २०७५।०५।०४ को सम्झौताको सर्त (२) मा, "सम्झौता अवधि आ.व. २०७५/०७६ (२०७६ असाढ मसान्त) सम्म कायम हुने छ" भनी उल्लेख भएको देखिन्छ । यसरी, निवेदक लुम्बिनी कवाड सेन्टरले उल्लिखित अन्तरिम आदेशलगायतका काम कारबाही गैरकानूनी रहेकोले उत्प्रेषणको आदेशले बदर गरिनुपर्ने भनी रिट दायर भएकोमा हाल उक्त मिति २०७५।०५।०४ को सम्झौताको अवधि नै व्यतीत भइसकेको पनि करिब करिब ३ वर्ष हुन लागिसकेको उल्लिखित सर्त २) बाट देखिएको हुँदा निवेदनको औचित्य समाप्त भइसकेकोसमेत देखिने ।

रिट निवेदक लुम्बिनी कवाड सेन्टरले मिति २०७५।०५।०४ को सम्झौतानुसारको कार्य रोकिने गरी ०७५-WO-०००६ को रिट निवेदनमा उच्च अदालत तुलसीपुरबाट जारी भएको मिति २०७५।०५।२४ को अन्तरिम आदेशलगायतका काम कारबाही कानूनविपरीत रहेकोले उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्नेसमेतको रिट निवेदन दायर गरेकोमा सामान्यतः असाधारण अधिकारक्षेत्रअन्तर्गत उच्च अदालतबाट भएको काम कारबाहीका सम्बन्धमा सर्वोच्च अदालतबाट हस्तक्षेप गर्नु मनासिब नहुने तथा निवेदकसँग भएको उक्त सम्झौताको अवधि नै व्यतीत भइसकेकोसमेत देखिएको हुँदा अब प्रस्तुत निवेदनको औचित्य नै नरहेको यस स्थितिमा प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली

कम्प्युटर: देबिमाया खतिवडा (देबिना) र राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ११ गते रोज ४ शुभम्।

**२६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-WO-०४३५, उत्प्रेषणसमेत, मोहम्मद अख्तर खाँ वि. उच्च अदालत तुलसीपुरसमेत*

नेपालको संविधान तथा कानूनले सर्वोच्च अदालत तथा उच्च अदालतलाईसमेत आ-आफ्नो क्षेत्राधिकार, काम, कर्तव्य र अधिकार तोकेको छ । कुनै उच्च अदालतले आफ्नो असाधारण क्षेत्राधिकारअन्तर्गत पेस हुन आएको निवेदनमा कानूनबमोजिम कारबाही गर्न सक्ने नै हुन्छ। कसैको संवैधानिक वा कानूनी हकको स्पष्ट उल्लङ्घन भएको देखिएमा वा प्राकृतिक न्यायकै बर्खिलाप हुने गरी कुनै काम कारबाही गरे भएको अवस्था देखिएमा त्यस्तो गैरकानूनी काम कारबाहीलाई बदर गरी हनन भएको हक अधिकारलाई पुनर्स्थापित गर्नका खातिर यस अदालतले अग्रसरता लिने नै हुन्छ । तथापि, यसप्रकारको अवस्था रहेको नदेखिएको प्रस्तुत विवादमा असाधारण अधिकारक्षेत्रअन्तर्गत उच्च अदालतमा विचाराधीन रहेको विषयमा सामान्यतया सर्वोच्च अदालतबाट हस्तक्षेप गर्न मनासिब हुँदैन । अर्कोतर्फ, मिति २०७५।०५।०४ को सम्झौताको सर्त २) मा, "सम्झौता अवधि आ.व. २०७५/०७६ (२०७६ आषाढ मसान्त) सम्म कायम हुने छ" भनी उल्लेख भएको देखिन्छ । यसरी, निवेदक लुम्बिनी कवाड सेन्टरले उल्लिखित अन्तरिम आदेशलगायतका काम कारबाही गैरकानूनी रहेकोले उत्प्रेषणको आदेशले बदर गरिनुपर्ने भनी रिट दायर भएकोमा हाल उक्त मिति २०७५।०५।०४ को सम्झौताको अवधि नै व्यतीत भइसकेको पनि करिब करिब ३ वर्ष हुन लागिसकेको उल्लिखित सर्त २) बाट देखिएको हुँदा निवेदनको औचित्य समाप्त भइसकेकोसमेत देखिने।

रिट निवेदक लुम्बिनी कवाड सेन्टरले मिति २०७५।०५।०४ को सम्झौतानुसारको कार्य रोकिने गरी ०७५-WO-०००९ को रिट निवेदनमा उच्च अदालत तुलसीपुरबाट जारी भएको मिति २०७५।०५।३१ को अन्तरिम आदेशलगायतका काम कारबाही कानूनीविपरीत रहेकोले उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्नेसमेतको रिट निवेदन दायर गरेकोमा सामान्यतः असाधारण अधिकारक्षेत्रअन्तर्गत उच्च अदालतबाट भएको काम कारबाहीका सम्बन्धमा सर्वोच्च अदालतबाट हस्तक्षेप गर्नु मनासिब नहुने तथा निवेदकसँग भएको उक्त सम्झौताको अवधि नै व्यतीत भइसकेकोसमेत देखिएको हुँदा अब प्रस्तुत निवेदनको औचित्य नै नरहेको यस स्थितिमा प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिँदा

निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: वसन्त प्रसाद मैनाली

कम्प्युटर: देबिमाया खतिवडा (देबिना) र राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ११ गते रोज ४ शुभम्।

- यसै लगाउका ०७५-WO-०४३६, उत्प्रेषणसमेत, मोहम्मद अख्तर खाँ वि. तुलसीपुर उपमहानगरपालिकाको कार्यालय, तुलसीपुर, दाङसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## २७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-०३६१, राजीनामा लिखत बदर दर्ता बदर दर्ता कायम, योगेन्द्रप्रसाद साह वि. राजोदेवी साहसमेत*

प्रतिवादी राजोदेवीले उक्त कि.नं. २१३ को जग्गा निजको सम्धी शिवनारायण साहबाट खरिद गरी सम्धिनी भुटीदेवीलाई बिक्री गरेको तथ्य रहेको पाइन्छ । वादी पक्षले विदेशमा कमाई गरी पठाएको रकमबाट उक्त जग्गा खरिद गरेको हुनाले सगोलको आर्जनबाट प्राप्त गरेको हो तथा सगोलको पैतृक सम्पत्तिलाई नै बिक्री गरी बढेबढाएको हो भन्ने जिकिर लिएकोमा सो कुराहरू मिसिल संलग्न कुनै प्रमाणबाट पुष्टि हुनसकेको पाइँदैन । साथै, वादीहरूले उक्त जग्गाबाहेक निजहरूको अरू कुनै पनि सम्पत्ति नरहेको भन्ने दाबी लिएको नदेखिएको आधारबाट समेत विवादित जग्गा वादीहरूको सगोलको सम्पत्ति रहेको भनी मान्न सक्ने अवस्था नरहने।

प्रस्तुत मुद्दामा वादीहरूले दाबी गरेको उक्त कि.नं. २१३ को जग्गा प्रतिवादी राजोदेवीले पैतृक योगदानको सम्पत्ति तथा सगोलको सम्पत्तिबाट बढेबढाएको स्थापित हुन नसकी निजले आफ्ना पालामा आफ्नै प्रयासबाट निजको सम्धीबाट प्राप्त गरेको निजी आर्जनको सम्पत्ति भन्ने देखिइरहेको अवस्थामा उक्त सम्पत्तिलाई आफूखुसी गर्न पाउने नै हुन्छ । सो जग्गा निज प्रतिवादी राजोदेवीले बिक्री गर्न परिवारका अन्य सदस्यको सहमति लिनुपर्ने अथवा बन्डा गर्नुपर्ने नहुँदा मिति २०६७।०१।२६ मा प्रतिवादी भुटीदेवीलाई र.नं. १८५०२ को लिखतमार्फत हकहस्तान्तरण गरिदिएको सो राजीनामा लिखत बदर गर्नुपर्ने अवस्था विद्यमान नरहेकोले वादी दाबी नपुग्ने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

सप्तरी जिल्ला, सितापुर गा.वि.स., वडा नं. ४, कि.नं. २१३, क्षे.फ. ०-१४-७ को जग्गा प्रतिवादी राजोदेवीले प्रतिवादी भुटीदेवीलाई मिति २०६७।०१।२६ मा गरिदिएको र.नं. १८५०२ को राजीनामा लिखत बदर नहुने ठहर्‍याई सप्तरी जिल्ला अदालतबाट मिति २०६९।०१।२१ मा भएको फैसला सदरै गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।०५।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनिता गुरूङ

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल जेठ ३ गते रोज ३ शुभम्।

- यसै लगाउका ०७२-CI-०३६२, बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम, योगेन्द्रप्रसाद साह वि. राजोदेवी साहसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## २८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०६७-CI-०९४४, ०६७-CI-०९८१, ०६९-CI-१०१२, दा.खा. निर्णय बदरसमेत, रमोला राजभण्डारी वि. अनिलसिंह राजवंशी, रीता राजवंशी (माथेमा) वि. ममता राजवंशीसमेत, निता श्रेष्ठ (राजवंशी) वि. अनिलसिंह राजवंशी*

पूर्णरूपमा तथ्य एउटै भएको अवस्था नभए तापनि सुरक्षणमा रहेको सम्पत्तिको यथोचित मूल्याङ्कन गरी लिलाम गर्नुपर्ने दायित्व रहेको वित्तीय संस्थाले सुरक्षणमा रहेको कि.नं. २०२ को घरजग्गाको १० वर्षअगाडि आफैँले कायम गरेको रू.४६,८३,९४८।- मूल्याङ्कनभन्दा १० वर्षपछि आएर अत्यधिक न्यून रू.१६,५८,७८०।७० मात्र मूल्याङ्कन गरी, अंशियारबाट अष्टलोह प्राप्त गर्नेमध्येका पुनरावेदकहरू तथा अंश हक प्राप्त नगरेका प्रत्यर्थीहरूबिच चलेको अंश मुद्दा पुनरावेदन अदालत पाटनमा विचाराधीन रही ऋण र धनको के कति अंश भाग लाग्ने भन्ने कुरा अदालतको अन्तिम फैसलाबाट यकिन भई नसकेको अवस्थामा, लिलाम डाँक बढाबढ हुँदा बोल कबोल गर्न अन्य व्यक्तिहरू उपस्थित हुन आए नआएको बारेमा लिलाम मुचुल्कामा केही पनि नखुलाई अष्टलोहबाट अंशहक प्राप्त गर्नेमध्येकै पुनरावेदक प्रतिवादीहरूले कि.नं. २०२ को घरजग्गा रू.१७,००,०००।- मा लिलाम सकार गरे गराएको प्रक्रियालाई न्यायोचित मान्न मिल्ने अवस्था नहुँदा पुनरावेदन अदालत पाटनबाट मिति २०६७।०४।३१ मा भएको फैसलामा लाग्नै नसक्ने नजिरको आधार लिई भएको फैसला बदर हुनुपर्ने भन्ने पुनरावेदन जिकिर र सोही आधारमा यस अदालतबाट मिति २०७१।११।१९ मा भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

विनाआधार र कारण अत्यधिक न्यून पञ्चकिर्ती मूल्य कायम गरी भएको लिलाम कार्य र बाँकी अंशियारको अंशजस्तो नैसर्गिक हकबाट निजहरूलाई बञ्चित गर्ने गरी शेषपछिको अष्टलोह बकसपत्रका आधारमा अंश हक प्राप्त गरेको देखिएका दुईजना पुनरावेदक प्रतिवादीहरूले संयुक्तरूपमा गरेको लिलाम सकार र सोका आधारमा भएको दाखिल खारेजसमेतका कार्यलाई न्यायसङ्गत मान्न मिलेन। अतः मिति २०६३।०७।०३ मा भएको लिलाम र उक्त लिलामका आधारमा मालपोत कार्यालय ललितपुरबाट मिति २०६३।०९।०९ मा भएको दा.खा. नामसारी निर्णयसमेत बदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६३।०८।२६ मा भएको फैसला मिलेकै देखिने।

तसर्थः नेपाल सहकारी वित्तीय संस्था लिमिटेडले कर्जा लिँदा कि.नं. २०२ को क्षे.फ. ०-११-० जग्गा र सोमा बनेको घरसमेतको २०५३ सालमा मूल्याङ्कन गर्दा रू.४६,८३,९४८।- कायम गरी जम्मा रू.२०,००,०००।- कर्जा दिएकोमध्ये बाँकी असुलउपर गर्नुपर्ने रू.१६,५८,७८०।७० मात्र रहेको भन्ने देखिन्छ। सोही घरजग्गाको १० वर्षपछि नेपाल सहकारी वित्तीय संस्था लिमिटेडबाट तिर्नु बुझाउनुपर्ने बाँकी रकम मात्र कायम हुने गरी पञ्चकिर्ती मूल्य रू.१६,५८,७८०।७० कायम गरी लिलाम गर्दा रू.१७,००,०००।- मा लिलाम सकार गरेको र लिलाम सकार गर्ने व्यक्तिहरू सोही घरजग्गाका बकसपत्रको आधारबाट अंशभाग प्राप्त गर्ने नाताभित्रका पुनरावेदक प्रतिवादीहरू रिता राजवंशी (माथेमा) र निता श्रेष्ठ (राजवंशी) रहेको, ती आफ्ना नाताभित्रका व्यक्तिहरूले आफ्नी आमा हेमदेवी र दीदी गिता राजवंशीबाट पाएको अष्टलोह बकसपत्रका आधारमा सो लिलाम भएको घर जग्गाबाट पनि निजहरूले अंश हक पाउने नै देखिएको, साथै लिएको कर्जामध्ये चुक्ता हुन बाँकी रहेको कर्जा रकम अंश खाने यिनै अंशियारहरूले नै दामासाहीले तिर्नु बुझाउनुपर्ने दायित्व भएको, कर्जा दिँदा गरेको मूल्याङ्कनभन्दा न्यून मूल्याङ्कन गरी लिलाम गर्ने कार्य भएको स्थितिमा सो लिलाम कार्य न्यायसङ्गत नदेखिँदा मिति २०६३।०७।०३ मा भएको लिलाम र सोका आधारमा मालपोत कार्यालय ललितपुरबाट मिति २०६३।०९।०९ मा भएको दा.खा. निर्णयसमेत बदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत

पाटनको मिति २०६७।०४।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृतिबहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १० गते रोज ६ शुभम् ।

## २९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CI-१२७५, अंश चलन, देवकुमारी खड्कासमेत वि. सितादेवी खड्का*

उच्च अदालत पाटनबाट प्रस्तुत अंश चलन मुद्दा मिति २०७४।०१।१५ मा अर्थात् सावित्रीदेवी खड्काले आफ्नी आमा सितादेवी खड्काको मृत्यु भएको भनी दाबी गरेको मिति २०७३।०९।१३ भन्दा पनि पछि फैसला भएको देखिन्छ । तथापि, मिसिलसंलग्न उक्त फैसला अध्ययन गरी हेर्दा, उक्त मुद्दामा प्रत्यर्थी झिकाउने आदेश नै गर्नु नपरी सुरू फैसला नै सदर भएको देखिँदा उक्त फैसलाको सन्दर्भमा उल्लिखित अधिकृत वारेसनामा जीवितै रहेको वा निस्क्रिय भइसकेको भन्ने कुराले कुनै तात्त्विक असर गर्ने देखिँदैन । वादी सितादेवी खड्काले निजको अंश हक पाउने भइसकेपछि सोको कार्यान्वयन गर्न तथा निजको शेषपछिको दाबीको सम्बन्धमा कानूनबमोजिम दाबी गर्न पाउने नै हुन्छ । सावित्रीदेवी खड्का वादी सितादेवी खड्काकी विवाहिता छोरी रहेकी र सितादेवी खड्काको छोराहरूसमेतका सन्तान रहेको भन्ने छ । यसमा विवाद पनि देखिएको छैन । वादी सितादेवी खड्काको अंश हक निजको शेषपछि निजका सन्तानले वा कानूनबमोजिमका हकवालाले पाउने नै हुन्छ । तसर्थ, सितादेवी खड्का भरतबहादुर खड्काकी श्रीमती देखिन आई निजले आफ्नो पतिको अंश भाग पाउने नै हुँदा वादी दाबीबमोजिम अंश पाउने ठहर गरेको सुरू फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला मनासिब देखिँदा परिवर्तन गरिरहनपर्ने नदेखिने ।

अतः वादी सितादेवी खड्काले २ खण्डको १ खण्ड अंश प्रतिवादीबाट छुट्टाइलिन पाउने ठहर गरेको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७३।०२।३२ को फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।०१।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: वसन्त प्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ १० गते रोज ३ शुभम् ।

- यसै लगाउका उत्प्रेषणसमेत, ०७५-WO-०५५४, सावित्रीदेवी खड्का क्षेत्री वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ४

## ३०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-RC-०१६६, जबरजस्ती करणी, हाडनाता करणी, नेपाल सरकार वि. परिवर्तित नाम V*

प्रतिवादी र पीडित बाबु-छोरी नाताका मानिस हुन् भन्ने तथ्यमा विवाद देखिँदैन । पीडित SK को उमेर वारदातको समयमा १३ वर्ष थियो भन्ने कुरामा पनि पक्षहरूका बिच मुख मिलेकै देखिन्छ । प्रतिवादी परिवर्तित नाम V ले आफ्नै वर्ष १३ की नाबालिका छोरी परिवर्तित नाम SK लाई पटकपटक जबरजस्ती करणी गरेको भनी घटना विवरण खुलाई किटानी जाहेरी परेको पाइयो । पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा Fresh reddish erosion over anal orifice, no active bleeding. There is an old hymenal tear at 1 O' Clock position of about 1 cm length smooth margin over

1 O' Clock position - evidence penetration present भन्ने उल्लेख भएको देखिन्छ । निज प्रतिवादी V ले बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको भए पनि वारदातको समयमा आफ्नो घरमा रहेको तथ्य भने स्वीकार नै गरेको पाइयो । पीडितले अनुसन्धानको क्रममा कागज गर्दा प्रतिवादी बुबाले प्राय: मादक पदार्थ सेवन गरी घरमा आउने, मलाई र भाइहरूलाई कुट्ने, पिट्ने, गाली गलौज गर्ने गर्दै आएकोमा मिति २०७५/६/१० गते बेलुका अन्दाजी २०:०० बजे म र भाइहरू घरमा रहेको अवस्थामा भाइहरूलाई घरबाहिर लखेटी मलाई भित्र बोलाई खाटमाथि उत्तानो पारी सुताई मैले लगाएको सुरुवाल, पेन्टी खोली बुबाले आफ्नो पनि पेन्ट खोली मेरो मुख थुनी बोल्न कराउन नदिई ५/६ मिनेटजति जबरजस्ती करणी गरिसकेपछि कोही कसैलाई भनेमा मार्ने डर त्रास देखाएको र मिति २०७५/६/११ गते दिउँसो १६:०० बजे म घरभित्र गृहकार्य गरिरहेको बेला बुबा के कहाँबाट आई मलाई भुइँमा लडाई पुन: जबरजस्ती करणी गरी कोही कसैलाई भनेमा मारिदिने भन्नुभयो भनी किटान गरी बेहोरा लेखाएको पाइयो । निजले अदालतमा समेत सोही बेहोरा मिलान हुने गरी बकपत्र गरेको देखिन्छ । पीडितका भाइ J समेतले प्रत्यक्षदर्शी साक्षीको रूपमा गरेको मौकाको कागज र अदालतमा भएको निजसमेतको बकपत्रबाट प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भएको देखिन्छ । घटना विवरण कागज गर्ने तथा वस्तुस्थिति मुचुल्कामा बेहोरा लेखाउने मानिसहरूले समेत आफ्नो पूर्वकथनलाई समर्थन हुने गरी अदालतसमक्ष बकपत्र गरेकोसमेत देखिन्छ । प्रतिवादीले आरोपित कसुर नगरेको अवस्था भए आफ्नै सन्तान छोराछोरीहरूले निजउपर किटान गरी पोल गर्नुपर्ने अन्यथा कुनै स्वाभाविक कारण खुल्न आएको देखिँदैन । प्रतिवादीउपरको अभियोग दाबी प्रमाणबाट मालाकार रूपमा समर्थित भएको देखिन्छ । तसर्थ, प्रतिवादी V ले आफ्नै १३ वर्षकी नाबालक छोरी SK लाई जबरजस्ती करणी गरेको कसुर ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसला मनासिब देखिने ।

प्रतिवादीलाई हुने सजायतर्फ विचार गर्दा १३ वर्षकी नाबालिकालाई जबरजस्ती करणी गरेको भन्ने कसुरमा प्रतिवादीउपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ख) तथा दफा २२०(२)(क) बमोजिम थप सजायसमेतको माग दाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । उल्लिखित कसुर ठहर भएकोसमेत अवस्था छ । यस स्थितिमा प्रतिवादीलाई के कति सजाय हुने हो भन्ने सन्दर्भमा हेर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ मा एकीकृत कसुरबापत थप सजाय हुने प्रावधान रहेको र सो दफा ४३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा "तर जन्मकैदको सजाय हुने अवस्थाको कसुरदारको हकमा यो उपदफा लागु हुने छैन" भनी उल्लेख भएको देखियो । यसका अतिरिक्त मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा समेत "तर जन्मकैदको सजाय पाएको कसुरदारको हकमा यो दफा लागु हुने छैन" भनी जघन्य वा गम्भीर कसुरमा सजाय पाएको व्यक्तिले अर्को कसुर गरेमा पनि थप सजाय नहुने व्यवस्था रहेको देखियो । तसर्थ यस प्रकारको सुविधा प्रस्तुत मुद्दाका प्रतिवादीले समेत पाउने नै देखिने ।

अतः प्रतिवादी V लाई अभियोग दाबीबमोजिम आफ्नै छोरी नाताकी नाबालिकाउपर जबरजस्ती करणीको कसुर अपराध गरेको भनी जन्मकैदको सजाय हुने ठहर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको मिति २०७६/५/२६ को फैसला मनासिब देखिएकाले सो फैसला सदर हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला
कम्प्युटर: विजय खड्का
इति संवत् २०७७ साल फागुन ७ गते रोज ६ शुभम् ।

**३१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-००२२, कर्तव्य ज्यान, नेपाल सरकार वि. शैलेश मल्लाह*

प्रतिवादी शेलेश मल्लाहले निजको गर्भवती श्रीमती सुनिता मल्लाहको पेटमा लात्तीले हानी बेहोस पारिसकेपछि प्रतिवादीहरू रतन मल्लाह र उदयराज मल्लाहको सल्लाहमा सुनिता मल्लाहको उपचार नगराई, पेटमा बच्चा चलुन्जेल पर्खी बसी मृत्यु भएपछि लास जाँच नगराई बिहानको राति नै दानो नदीको किनारमा लगी लास जलाएकोसमेतका तथ्यहरू खुलाई आरोपित कसुरमा साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखियो । निजले अदालतमा बयान गर्दा सुनिता मल्लाहले आफैँ पासो लगाई आत्महत्या गरेको भनी जिकिर गरेको देखिन्छ। तर सो तथ्य अन्य कुनै प्रमाण वा परिस्थितिबाट समर्थित हुन आएको देखिँदैन । आत्महत्या गरेको देखिने कुनै सङ्केत पेस हुन आएको पाइएन। यदि सुनिताले आत्महत्या गरेको हुन्थ्यो भने लास हतार गरी राति नै घाटमा पुर्‍याएर उज्यालो हुन नपाउँदै जलाइसक्नुपर्ने अवस्था नै आउने थिएन। आत्महत्या भएको कुरा मिसिल संलग्न कुनै पनि प्रमाणबाट समर्थित भएको देखिँदैन। सहअभियुक्त रतन मल्लाहले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा राति सुतिरहेको समयमा छोरा शैलेशले उठाई बुबा मैले सुनितालाई पेटमा लात्तीले हान्दा मरी भनेको; अब के गर्ने भनी गाउँका उदयराज मल्लाहसँग सल्लाह लिन गएको; उदयराजसँग लास जलाउनुपर्छ भन्ने सल्लाह भएको; २६ गते बिहानै प्र. शैलेशले घरनजिकैको घाटमा लास लगेको र लास जलाएको भनी आफ्नै छोराउपर किटान गरी पोल गरेको देखिन्छ। प्रतिवादी शैलेस मल्लाहउपर किटानी जाहेरी परेको छ; सहअभियुक्तहरूले प्रहरी अनुसन्धानका सन्दर्भमा गरेको बयानबाट निज शैलेशले हत्या गरेको भन्ने तथ्य समर्थित भएको छ; घटना विवरण कागजका मानिसहरूको कथन र निजहरूमध्येका अदालतमा उपस्थित भई बकपत्र गर्ने मानिसहरूको कथनबाट समेत सुनिता मल्लाहको मृत्यु आत्महत्याबाट नभई प्रतिवादी शैलेश मल्लाहले गरेको कुटपिटकै कारणबाट भएको तथ्य समर्थित हुन आएको छ । यसरी हेर्दा प्रतिवादी शैलेश मल्लाहले आरोपित कसुरमा साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखिँदा सो बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणयोग्य नै देखिन आउने।

अत: प्रतिवादी शैलेश मल्लाहलाई निजको पत्नी सुनिता मल्लाहको कर्तव्य गरी ज्यान मारेको अभियोगमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।११।७ को फैसला निज शैलेश मल्लाहको हकमासम्म मनासिब देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी शैलेश मल्लाहलाई सुरू अदालतले सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेकोमा उच्च अदालतबाट सर्वश्व गर्नु नपर्ने गरी फैसला भएको पाइयो। तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदारलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने व्यवस्था रहेको भए पनि मुलुकी ऐनलाई प्रतिस्थापित गरी जारी भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) ले "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको सन्दर्भमा निज प्रतिवादी शैलेश मल्लाहको सर्वस्व गर्न नपर्ने भएकाले जन्म कैद मात्र हुने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मनासिब देखिएकाले सोतर्फसमेत

उच्च अदालतको फैसला सदर हुने ।
इजलास अधिकृत: मुकुन्द निरौला
कम्प्युटर: विजय खड्का
इति संवत् २०७७ साल फागुन ७ गते रोज ६ शुभम् ।

**३२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६६-WO-०४४७, उत्प्रेषण, ओमकार चापागाई वि. नेपाल बंगलादेश बैंक, केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

निवेदक र सुनिता थापाको संयुक्त नाममा दर्ता रहेको भक्तपुर जिल्ला झौखेल गा.वि.स. वडा नं. ४(क) कि.नं. ४, ५, १९,२४७,२४६ र ऐ. वडा नं. ३(ख) कि.नं. १ समेतको गरी जम्मा क्षे.फ. ५-१२-३-० जग्गा नेपाल बंगलादेश बैंक लि. ले धितो बन्धक लिँदाको बखत बैंकका सूचीकृत मूल्याङ्कन कर्ता बि.डि.ए. नेपाल प्रा. लि.ले १३ अप्रिल १९९९(२०५५/१२/३०) गते पेस गरेको मूल्याकड्न प्रतिवेदनमा उक्त जग्गाको मुल्य रू. ३६,९०,०००|– कायम गरेको देखिन्छ । त्यसै गरी यी निवेदक तथा सुनिता थापाले संयुक्त रूपमा बैंकलाई गरिदिएको मिति २०५६/०१/१५ गतेको दृष्टि धितो जमानतको तमसुकमा रू. ३६,९०,०००|– सम्मको अर्थात् उक्त रूपियाँसम्मको कर्जा लिनका लागि उक्त घर जग्गा धितो जमानत दिन यी निवेदक मन्जुर रहेको भनी उल्लेख गरेको देखिन्छ । यसरी यी निवेदकसमेतले रू. ३६,९०,०००|– सम्म ऋण लिनका लागि २०५५ सालमा बैंक आफैँले रू. ३६,९०,०००|– मूल्याङ्कन गरेको जग्गालाई २०६० सालमा आएर आफ्नो नाममा ल्याउदा उक्त जग्गाको कुनै मूल्य नै उल्लेख नगरी हचुवा भरमा बैंक आफैँले सकार गरी लिएको भन्ने कुरा मिसिल संलग्न बैंकको मिति २०६०/०१/०६को ऋण असुली समितिको ६४ औँ बैठकको निर्णयबाट देखिन्छ । धितो कर्ताको सम्पत्ति लिलाम गर्दा उक्त सम्पत्तिको पुन: मूल्याङ्कन गर्नुपर्ने र बैंक आफैँले सकार गर्दा उक्त सम्पत्तिको सकार गरेको मुल्य खुलाउनुपर्ने भन्ने व्यवस्था नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको नं. २ को बुँदा नं ११मा उल्लेख भएको पाइन्छ । नेपाल बंगलादेश बैंकले निवेदकले धितो प्रदान गरेको जग्गा लिलामको प्रक्रिया थालनी गर्दा उक्त जग्गाको पुन: मूल्याङ्कन गरेको र सम्पत्ति सकार गर्दा सम्पत्तिको मूल्य खुलाएको देखिँदैन । यसरी प्रचलित कानूनले तोकेको प्रक्रिया पूरा नगरी हचुवाको भरमा निवेदकको सम्पत्ति बैंक आफैँले सकार गरेको कार्यलाई न्याय र विवेकसङ्गत मान्न मिल्ने देखिन नआउने ।

चौधरी गार्मेन्ट उद्योगले बंगलादेश बैंक पुतलीसडक शाखाबाट कर्जा लिँदा निवेदक ओमकार चापागाईँ र सुनिता थापाको संयुक्त नाममा रहेका जग्गाहरू जग्गाधनीहरूले धितो राख्न दिएकोमा जमानीको रूपमा रहेका जग्गाधनीहरूलाई जानकारी नै नदिई धितो राखिएका जग्गाहरू लिलाम गरी बैंक आफैँले सकार गर्ने गरी बंगलादेश बैंकबाट भएको कार्यलाई प्रचलित कानून, न्याय, प्राकृतिक न्यायका सिद्धान्त तथा यस अदालतबाट प्रतिपादन भएका सिद्धान्त अनुसार कानूनसम्मत भएको देखिएन । धितो जमानत राख्नको लागि आफ्नो जग्गा दिने निवेदक ओमकार चापागाईलाई ऋणीले ऋण नतिरेकोले तपाइँले जमानत दिए बराबर रकम जम्मा नगरेमा लिलाम हुने भनी बैंकले सूचना दिनुपर्नेमा त्यस्तो सूचना दिएको नदेखिएकाले निवेदकका जग्गाहरू लिलाम गर्ने गरी भएका लिलामी मुचुल्कासमेतका नेपाल बंगलादेश बैंकको ऋण असुली समितिसमेतबाट भएका काम कारबाही र बैंकको नाममा दाखेल खारेज नामसारी हुने गरी भएको मालपोत कार्यालय भक्तपुरको मिति २०६१।२।१२ को दाखेल खारेज नामसारी गर्ने निर्णयसमेतका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने । निवेदकलाई समेत लिलाम प्रक्रियाको सूचना दिई ऋण असुली प्रक्रिया अगाडि बढाउनु भनी विपक्षी बंगलादेश बैंकलगायतका विपक्षीहरूको नाउँमा परमादेश जारी

हुने।
इजलास अधिकृत: मुकुन्द निरौला
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७७ साल मंसिर ४ गते रोज ५ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-WO-०४७८, उत्प्रेषण, सुनिता थापा वि. नेपाल क्रेडिट एन्ड कमर्स बैंक लि. काठमाडौंसमेत
- ०६६-WO-०४७९, उत्प्रेषण, सुनिता थापा वि. नेपाल बंगलादेश बैंक लि. काठमाडौंसमेत

## इजलास नं. ५

३३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CI-०२५६, निषेधाज्ञा, रमेशकुमार दनुवार वि. अनरूप ठाकुरसमेत*

उच्च अदालत जनकपुरबाट मिति २०७४/०३/२७ मा भएको फैसलामा विपक्षीले काटी लगेको ५ थान रूखहरूको मोल रू.२,००,०००।- बराबरको क्षतिपूर्ति भराइपाउँ भन्ने निवेदन जिकिर पुग्न नसक्ने ठहर भई फैसला भएकोमा सोउपर निवेदकको पुनरावेदन परेको नदेखिँदा सोतर्फ थप विवेचना गरिरहनुपरेन। अब निषेधाज्ञा जारी हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदक विपक्षी रमेशकुमार दनुवारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा धनुषा जिल्ला, लबटोली गा.वि.स. वडा नं. ७(क) को कि.नं. १७४ को १-१२-० जग्गा प्रत्यर्थी निवेदकहरूको संयुक्त नाममा दर्ता रहेको तथ्य प्रत्यर्थी निवेदकहरूले निवेदनसाथ संलग्न गरेको जग्गाधनी दर्ता प्रमाण पुर्जाको छायाँप्रतिबाट देखिन्छ। उक्त जग्गा आफ्नो बाजे जिनी कुमर दनुवारले २०३२ सालमै खरिद गरेको र हालसम्म आफ्नो हक भोग चलनमा रहेको भनी पुनरावेदक विपक्षीले पुनरावेदन जिकिर लिएको भए तापनि उक्त कुरा पुष्टि हुने कुनै आधार, प्रमाण निजले पेस गर्नसकेको पाइँदैन । विवादित जग्गामा निवेदकहरूको हकभोगको संयुक्त लालपुर्जा रहे भएको देखिइरहेको अवस्थामा पुनरावेदकले आफ्नो बाजे जिनी कुमर दनुवारले २०३२ सालमै खरिद गरेको र नाप नक्सा, निरीक्षण वा सर्जमिन गरे पुष्टि हुने भनी पुनरावेदन पत्रमा उल्लेख गरेको भरमा मात्र निजको हक स्थापित हुन सक्ने होइन। सर्जमिन वा नाप नक्साबाट जमिनमाथिको स्वामित्व प्राप्त हुने होइन। प्रस्तुत मुद्दा जग्गा खिचोलाको प्रकृतिको पनि होइन। यसमा त निर्विवाद स्वामित्वको प्रश्नमा निषेधाज्ञाको निरूपण हुने हो। निवेदकहरूको संयुक्त नाममा सो जग्गाको जग्गाधनी प्रमाणपुर्जा रहे भएको देखिइरहेको हुँदा पुनरावेदन जिकिरबमोजिम नाप नक्सा वा निरीक्षण सर्जमिन गरिरहनुपर्ने औचित्य नै रहन जाँदैन। पुनरावेदकले उक्त जग्गामा आफूले प्रत्येक साल धान बाली गदर (आउँस) बाली लगाउँदै आएको भनी उल्लेख गरे पनि उक्त कुरासमेत पुष्टि हुने कुनै आधार पेस गर्न सकेको पाइँदैन। यसरी आफ्नो हक स्थापित हुने कुनै आधार र कारण नभएको अवस्थामा पनि आफूले प्रत्येक साल धान बाली गदर (आउँस) बाली लगाउँदै आएको भनी उल्लेख गरेको देखिएबाट निजले निवेदकहरूको जग्गामा हस्तक्षेप गरेको कुरा स्वीकार गरेको अनुमान गर्नुपर्ने हुन्छ। कसैले कसैको नाममा दर्ता स्रेस्ता रहेको जग्गामा आफूले बाली लगाएको छु भनेर मौखिक रूपमा भनेको आधारले मात्र उसको हकभोग कायम नहुने हुँदा पुनरावेदक विपक्षीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रत्यर्थी निवेदकहरूको संयुक्त नाममा दर्ता श्रेस्ता रहेको जग्गामा कुनै प्रकारको हस्तक्षेप, अतिक्रमण, वा कब्जा नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको उच्च अदालत जनकपुरबाट मिति २०७४/०३/२७ मा भएको फैसला

मिलेको देखिँदा सदर हुने ठहर्छ । उक्त फैसला उल्टी गरिपाउँ भन्ने विपक्षी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रंजना विश्वकर्मा

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ पौष ९ गते रोज ६ शुभम् ।

**३४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना**, *०७७-WO-१२१०, परमादेशसमेत, रामेश्वरप्रसाद पौडेल वि. नेपाल विद्युत् प्राधिकरण, प्रधान कार्यालय, रत्नपार्क, काठमाडौंसमेत*

नेपाल विद्युत् प्राधिकरणका कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन मिति २०७६।०१।१९ गते सम्पन्न भई उक्त निर्वाचनबाट निर्वाचित पदाधिकारीहरूको पदावधि मिति २०७८।०१।१८ सम्म २ वर्ष कायम रहेकोमा तोकिएको कार्यकाल समाप्त भई सो म्यादसमेत हाल समाप्त भइसकेको अवस्था देखिन्छ । विपक्षी श्रम तथा रोजगार कार्यालयको प. सं. ०७७/०७८ च. नं. ८५४ मिति २०७७।०१।०७ को पत्रले कोभिडको कारण निर्वाचन रोकिएको हो । निर्वाचन नगराउन प्राधिकरणको कुनै भूमिका रहेको छैन । विपक्षीहरूले श्रम ऐन, २०७४ को दफा ११६ को खण्ड (ख) र (ग) बमोजिम सामूहिक सौदाबाजी गर्न सक्ने व्यवस्था रहेको छ । प्राधिकरण ट्रेड युनियनको छिटो निर्वाचन हुनुपर्छ भन्ने मान्यतामा रहेको भन्ने देखिई लामो समयसम्म लकडाउनका कारण समयमा निर्वाचन हुन नसकेको देखिन्छ । अब आधिकारिक ट्रेड युनियनको निर्वाचन गर्नुपर्ने अपरिहार्यता भएको र हाल कोभिडको महामारी न्यूनीकरण भई सहज अवस्था भएकाले ऐनद्वारा तोकिएको कार्य अवधि पूरा गरिसकेको देखिँदा नेपाल विद्युत् प्राधिकरणका कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन तत्काल गर्नु भनी विपक्षी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रायल र विपक्षी श्रम रोजगार तथा व्यवसायजन्य सुरक्षा विभागसमेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: निर्मलाकुमारी खड्का

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल मंसिर ६ गते रोज ३ शुभम् ।

**३५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-WO-०३३८, उत्प्रेषण, Sven Coppens वि. श्रम अदालत, काठमाडौंसमेत*

प्रत्यर्थी मुखीलाल बराइलीलाई निजको पद १ अक्टोबर २०१६ देखि खारेज हुने जानकारी गराएको कुरा मिसिल संलग्न २२ जुन २०१६ को पत्रको प्रतिलिपिबाट देखिन्छ । उक्त पत्रअनुसार निजले अवकाश पाएपछि सन १९९८ देखि २०१६ सम्मको पद कटौतीबापतको क्षतिपूर्ति (Redundancy Benefits) रकम माग गर्दै निवेदक संस्थासँग पटकपटक इमेलमार्फत पत्राचार गरेको देखिन्छ । यसरी पटकपटक पत्राचार भएपछि निवेदक संस्थाको तर्फबाट १ फेब्रुअरी २०१७ अर्थात् २०७३/१०/१९ का दिन २००३ देखि २०१६ सम्मको मात्र Redundancy Benefits पाउने भनी हरहिसाबसहितको इमेल प्राप्त भएको र हरहिसाबको रकम सन् २०१७ फेब्रुअरी २३ अर्थात् २०७३/११/१२ मा भुक्तान भएको भन्ने मुखीलाल बराइलीको लिखित जवाफबाट देखिन्छ । यी प्रत्यर्थीले निवेदक संस्थाबाट पाउने सुविधा कटौती गरेको वा १ जुलाई २००३ भन्दा अगाडिको Redundancy Benefits नदिने भनी इमेलमार्फत आधिकारिक जानकारी पाइसकेपछि सोउपर श्रम ऐन, २०४८ ले निर्धारण गरेको हदम्याद छ महिनाभित्र अर्थात् २०७३/१२/१७ मा श्रम कार्यालय, वागमतीमा निवेदन दर्ता गरेको देखिने ।

यसरी रीतपूर्वक निवेदन परेपछि श्रम ऐन, २०४८ को अधीनमा रही आफ्ना कर्मचारीहरूको सञ्चालन, व्यवस्थापन एवम् सेवा सर्तलाई नियमित

गर्नको लागि निवेदक संस्था स्वयम् आफैँले निर्माण गरेको Human Resouces Policy, २०१४ को अवज्ञा गरी यी प्रत्यर्थी मुखीलाल बराइलीले पाउने सेवा सुविधा दिन इन्कार गरेको देखिएको अवस्थामा प्रत्यर्थी श्रम कार्यालय, वागमती, काठमाडौंले यी निवेदक संस्थाबाट २४ अगस्ट १९९८ देखि ३० जुन २००३ सम्मको पद कटौतीबापतको क्षतिपूर्ति (Redundancy Benefits) रकम निज प्रत्यर्थी मुखीलाल बराइलीलाई भुक्तानी गर्नुपर्ने भनी मिति २०७४।६।२५ मा गरेको निर्णयलाई प्रत्यर्थी श्रम अदालत, काठमाडौंले पुनरावेदनको रोहमा मिति २०७५/२/१६ मा सदर गरेको निर्णयलाई त्रुटिपूर्ण वा गैरकानूनी भन्न मिलेन। उक्त निर्णय कानूनसम्मत हुँदा निवेदक संस्थाको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल साउन २० गते रोज ४ शुभम्।

**३६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-१४३४, ०७६-CR-१४३५, ०७६-RC-१४३६, कर्तव्य ज्यान, जेठा भन्ने पदमलाल चौलागाई वि. नेपाल सरकार, सन्तोषी चौलागाई वि. नेपाल सरकार, जमुना चौलागाई वि. नेपाल सरकार*

वारदात हुने समयभन्दा अघि रातको अ. २२:३० बजेको समयमा प्रतिवादी ससुरा पदमलाल चौलागाई बुहारी मृतक बिपना ढकालको कोठा बाहिर के गर्दोरहेछ भनी चिहाई बसेको भन्ने कुरा प्रतिवादी स्वयम्ले बयानमा उल्लेख गरेको देखिन्छ। आफ्नो छोरीसरह रहेकी बुहारीको कोठाबाहिर रातको समयमा चिहाउने यी प्रतिवादी ससुराको नियत सफा रहेको भन्ने पक्कै पनि देखिँदैन। रातको समयमा परपुरूषसँग फोनमा कुरा गरेको भन्ने सन्दर्भमा मृतक र प्रतिवादी पदमलाल दुवैको बिचमा झगडा उत्पन्न भएकोमा प्रतिवादी पदमलाल चौलागाईले मृतक बिपना चौलागाईको कन्चटमा काठको चिरपटोले पटकपटक हिर्काएको र सोही कारण निजको मृत्यु भएको भन्ने निज प्रतिवादी पदमलाल चौलागाई स्वयम्ले काभ्रेपलान्चोक जिल्ला अदालतसमक्ष गरेको बयानमा स्वीकार गरेको देखिन्छ। उक्त बयानलाई हेर्दा, यी प्रतिवादीले आफ्नी बुहारीलाई मार्ने मनसाय राखी निजको मृत्यु नहुँदासम्म काठको चिरपटोले कन्चटमा पटकपटक हिर्काई मारेको भन्ने प्रस्ट देखिने।

यस्तै प्रतिवादी जमुना चौलागाई र सन्तोषी चौलागाईले काभ्रेपलान्चोक जिल्ला अदालतसमक्ष गरेको बयानलाई हेर्दा, हामीले समात्यौँ प्रतिवादी पदमलाल चौलागाईले हिर्काएपछि निजको मृत्यु भएको हो भनी उल्लेख गरेको देखिन्छ। उक्त बयानबाट प्रतिवादी पदमलाल चौलागाईले मृतक बिपना ढकाललाई हिर्काउने क्रममा प्रतिवादी जमुना चौलागाई र सन्तोषी चौलागाईले भाग्न उम्कन नदिनका लागि मृतकलाई समातिराखेको भन्ने स्पष्ट देखिन आउँछ। यी प्रतिवादीहरू आफू महिला भएर पनि महिलाप्रति कुनै दया देखाएको पाइँदैन। मृत्युपश्चात् आमा जमुना चौलागाई र छोरी सन्तोषी चौलागाईले प्रहरीलाई तत्काल खबर नगरी मृतक बिपना ढकालको लास पहिला आफ्नो घरको शौचालय नजिक खाल्डो खनी मलको छोकराले छोपी राखेको र भोलिपल्ट लास लगी जङ्गलमा फालेको भन्ने बयानमा उल्लेख गरेको देखिन्छ। उल्लिखित बयानहरूलाई हेर्दा यी प्रतिवादी पदमलाल चौलागाई, जमुना चौलागाई र सन्तोषी चौलागाई तीनै जनाको प्रत्यक्ष संलग्नतामा वारदात घटेको र यी प्रतिवादीहरूले उक्त वारदातलाई दबाउन लुकाउन प्रयास गरेको भन्ने प्रस्ट देखिन्छ। यसरी रातको समयमा बुहारीले फोनमा कुरा गरेको भन्नेसम्म कुरालाई लिएर सम्झाउने बुझाउने, छलफल गर्ने,

मृतकको बाबुआमालाई खबर गर्ने आदि केही नगरी आफ्नो आश्रयमा रहेकी बुहारीलाई प्रतिवादी पदमलाल चौलागाईले पटक पटक काठको चिरपटोले टाउकोमा हिर्काउने क्रममा प्रतिवादी जमुना चौलागाई र सन्तोषी चौलागाईले मृतकलाई समाती भाग्न उम्कनसम्म नदिई क्रूर किसिमबाट ज्यान मार्ने जस्तो जघन्य अपराध गरेको भन्ने देखिँदा साबिक मुलुकी ऐन, अ.बं. १८८ र फौजदारी कसुर (सजाय-निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) यहाँ आकर्षित हुने अवस्था देखिएन । यी तीनै जना प्रतिवादीहरूले हामी सबैको संलग्नतामा मृतक बिपना ढकाललाई मारेको भनी साबित बयान गरेता पनि आफ्नो आश्रयमा रहेको बुहारीलाई केवल फोनमा कुरा गरेको भन्ने कुरालाई लिएर क्रूर किसिमले हत्या गरी वारदातलाई दबाउन लुकाउनका निम्ति लास जङ्गलमा लगी फालेको हुँदा साबिक मुलुकी ऐन, अ.बं. १८८ र फौजदारी कसुर (सजाय-निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) बमोजिम प्रतिवादी पदमलाल चौलागाईलाई १० (दश) वर्ष कैद र अन्य प्रतिवादीहरू जमुना चौलागाई र सन्तोषी चौलागाई लाई जनही ५/५ (पाँच) वर्षका दरले कैद सजाय हुनुपर्ने भनी उच्च अदालत पाटनबाट व्यक्त गरेको राय मनासिब नदेखिँदा उक्त रायमा सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीहरू पदमलाल चौलागाई, जमुना चौलागाई तथा सन्तोषी चौलागाईले अभियोग दाबीबमोजिम तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. ऐन महलको १३(३) नं. अनुसारको कसुर अपराध गरेको वारदात स्थापित हुन आएको हुँदा अभियोग दाबीबमोजिम निज प्रतिवादीहरूलाई जन्मकैदको सजाय हुने र प्रतिवादीहरूमध्ये सन्तोषी चौलागाई सोह्र वर्षभन्दा कम उमेरको देखिन आएकोले निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा ३ बमोजिम निजलाई ठहर भएको जन्मकैदको सजायको आधा सजाय वर्ष १०(दश) कैद सजाय हुने गरी सुरू इन्साफ सदर हुने ठहऱ्याएको हदसम्म उच्च अदालत पाटनको मिति २०७६।०७।२६ को फैसला सदर हुने ।

इजलास अधिकृत: विनिता भारती
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल आश्विन ५ गते रोज ३ शुभम् ।

## ३७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CI-०८६२, निर्णय एवं दर्ता बदर, दीपबहादुर खड्का वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं*

जग्गाको वास्तविक स्वामित्व क-कसको हो भनी विवादको न्यायिक निरूपण गर्दा जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २(क) मा भएको कानूनी व्यवस्था फिल्डबुक र नक्सालाई मुख्य आधार मानी निर्क्योल गर्नुपर्ने हुन्छ । अर्थात् नापीका बखत तयार भएको फिल्डबुक र त्यसमा उल्लिखित बेहोरालाई प्रामाणिक महत्त्व दिनुपर्ने हुन्छ। कि. नं. ३९३ र कि. नं. ३९५ का मूल कित्ताहरू कि. नं. १ र कि. नं. ९ वादीका नाममा वा वादीका बाबुबाजेका नाममा नापी भएको अवस्था नरहेको र जग्गाको प्रकृति हेर्दा पनि जङ्गल र बाटो जनिएकोले ती जग्गा वादीको जग्गा हो भन्न सकिने अवस्था रहेन । मालपोत कार्यालय दैलेखले "सो जग्गा नापी गोश्वाराबाट नाप जाँच भएको र हाल बसन्तमाला ९ कि. नं. १ क्षेत्रफल १२४१३० व. मी. जङ्गल जनिई फिल्डबुक कायम भएको र ऐ. कि. नं. ९ क्षेत्रफल १२४९० व. मी. जग्गा श्री ५ को सरकार बाटो भनी मोठ कायम भएको बेहोरा सादर अनुरोध छ भनी" मिति २०७३/११/०९ मा दैलेख जिल्ला अदालतलाई पत्राचार गरेको मालपोत कार्यालयको उक्त पत्रबाट देखिन्छ । वादीले ती जग्गाहरू आफ्नो हो भनी दाबी

लिई उल्लिखित कित्ताहरू स्पष्ट उल्लेख गरी तिरो तिरेको भन्ने नदेखिएको र निजको स्वामित्वसमेत स्थापित भएको नदेखिएको यस परिस्थितिमा वादीको जग्गा रहेछ भन्न मिल्ने नदेखिने।

जग्गा (नाप जाँज) ऐन, २०१९ को दफा २ (ङ) मा सडक, बाटो, वन बुट्यानसमेतका जग्गा सरकारी जग्गाको परिभाषाअन्तर्गत राखेको र सोही ऐनको दफा २ (च) मा सार्वजनिकरूपमा प्रयोग गर्न पाउने परापूर्वदेखि प्रचलनमा रहेको बाटो आदिलाई सार्वजनिक जग्गा भनी परिभाषा गरेको पाइन्छ । यसरी माथि उल्लिखित कानूनी प्रावधान तथा फिल्डबुकमा दाबीका कि. नं. ३९३ र कि. नं. ३९५ को साबिक स्रोत कि. नं. १ जंगल र कि. नं. ९ बाटो जनिएको, वादीका नाममा नापी नै नभएको र हकभोग र स्वामित्वको वस्तुनिष्ठ प्रमाणसमेत वादीले पेस गर्न सकेको नदेखिएको कि. नं. ३९३ र कि. नं. ३९५ का जग्गाहरू सरकारी सार्वजनिक जग्गा रहे भएको पुष्टि हुन आएको देखिएबाट समेत ती जग्गामा वादीको हक पुग्ने गरी सुरू दैलेख जिल्ला अदालतको फैसला उल्टी गरी उल्लिखित जग्गाहरू नेपाल सरकारका नाममा दर्ता हुने ठहऱ्याएको उच्च अदालत सुर्खेतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, सुरू इन्साफ उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई उच्च अदालत सुर्खेतबाट मिति २०७५/०८/०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: निर्मलाकुमारी खड्का
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल मंसिर २२ रोज ४ शुभम्।

### ३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०३११, बन्दीप्रत्यक्षीकरण, धनबहादुर तामाङ वि. धादिङ जिल्ला अदालत, धादिङबेसीसमेत*

ज्यानमार्ने उद्योगका प्रतिवादी बेगबहादुर तामाङको बयान, चेतबहादुर तामाङ भन्ने सेते तामाङकी श्रीमती मंगली तामाङले जेथा जमानत फुकुवा गरिपाउँ भनी दिएको निवेदनमा उल्लिखित बेहोरा, निवेदनसाथ संलग्न सेम्जोङ गाउँ विकास समितिको कार्यालयको सिफारिस, वडा सर्जमिन मुचुल्का र गा.बि.स.बाट जारी नाताप्रमाणित प्रमाणपत्र र जग्गाधनी प्रमाणपुर्जा जस्ता प्रमाण कागजहरूबाट यी धनबहादुर तामाङ नै सेते तामाङका छोरा रहेछन्। म्याद पुर्जीमा सेते तामाङ भनी, जग्गाधनी प्रमाणपुर्जामा नाम उल्लेख भएको व्यक्ति र नागरिकतामा चेतबहादुर तामाङ भनेका व्यक्ति निज एउटै व्यक्ति रहेछ र वतन पनि एउटै (सेमजोङ-१ धादिङ) भन्ने देखियो । धादिङ जिल्ला अदालतको ज्यानमार्ने उद्योग मुद्दाको सुरू मिसिलमा रहेका तथ्यहरूबाट धादिङ जिल्ला अदालतमा दिएको निवेदनको बेहोरा र तत्पश्चात् तयार भएका कैदी पुर्जीसमेतबाट यी निवेदक धनबहादुर तामाङ धादिङ जिल्ला अदालतमा चलेको ज्यान मार्ने उद्योग मुद्दामा मिति २०६९।०३।२२ को फैसलाबाट १० वर्ष कैद सजाय भएको धने तामाङ एउटै व्यक्ति रहेछन् भन्ने देखियो। निवेदक पक्राउ पर्नुपूर्व मिसिलमा देखिएका बेगबहादुर तामाङ निजको दाई र मंगली तामाङ आमा होइन भन्ने रिट निवेदकको जिकिरसमेत देखिँदैन। यस स्थितिमा धादिङ जिल्ला अदालतको फैसला र कैदी पुर्जीलाई कानूनविपरीत र त्रुटिपूर्ण रहेको भन्न नमिल्ने।

अतः ज्यानमार्ने उद्योग मुद्दामा धादिङ जिल्ला अदालतबाट धने तामाङका नाउँमा तामेल भएको म्याद पुर्जी, मिति २०६९/३/२२ मा भएको फैसला र सो फैसलाको आधारमा कैदबापत मिति २०७६।७।२४ मा धादिङ जिल्ला अदालत, तहसिल शाखाबाट दिएको कैदी पुर्जी र पत्रसमेतका कामकारबाहीहरू गैरकानूनी

नदेखिँदा निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल मंसिर ०३ रोज ०६ शुभम्।

**३९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७४-CR-१२४६, भ्रष्टाचार (रिसवत / घुस), उत्तमप्रसाद खरेल वि. नेपाल सरकार*

नेपालको संविधान, २०७२ को धारा १२८ को उपधारा (४) मा "मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नुपर्ने छ..." भनी उल्लेख भएको पाइन्छ भने न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (३) को खण्ड (ग) मा संवैधानिक इजलासबाट भएको फैसला वा अन्तिम आदेशको "पुनरावलोकन" समेत हुन नसक्ने भई अन्तिम हुने व्यवस्था रहेको देखिन्छ । उक्त फैसलाको रोहमा हेर्दा भ्रष्टाचारको कसुरमा प्रमाणको वैज्ञानिक सङ्कलन र परीक्षण गर्नेलगायतका आवश्यक र उपयुक्त तरिका अपनाउनुको सट्टा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० बमोजिम आफैँले पैसा दिएर वा दिलाएर सोही रकम बरामद भएको भन्ने आधारमा सिर्जित गरेको प्रमाण अग्राह्य हुने नदेखिने।

वादी पक्षले आफ्नो पुनरावेदनमा बरामदी मुचुल्का र श्रव्यदृष्य सी.डी. लाई मुख्य प्रमाणको रूपमा प्रस्तुत गरेको देखिन्छ । यी प्रतिवादीलाई रंगेहात पक्राउ गर्ने योजनापूर्वक उक्त बरामदित रकम अख्तियारले कमल थापा र विजय थापामार्फत उपलब्ध गराएको कुरामा विवाद देखिँदैन। अख्तियारले राज्यकोषको रकम घुस खुवाउने अर्थात् फसाउने (Entrapment) प्रयोजनको लागि उपलब्ध गराउनु आफैँमा कानूनप्रतिकूल हुने र त्यसरी सङ्कलन गरिएको प्रमाण ग्रहणयोग्य नहुने भनी संवैधानिक इजलासबाट फैसला भइरहेको सन्दर्भमा प्रस्तुत मुद्दाको बरामदी मुचुल्कालाई प्रमाणग्राह्य भन्न सक्ने स्थिति रहेन। त्यसैगरी दसीको रूपमा पेस भएको सी.डी. को लिपिबद्ध भएको कागज हेर्दा यी पुनरावेदक/प्रतिवादीले उजुरीकर्तासँग घुस/रिसवत माग गरेको वा निजहरूबिच घुस / रिसवतबापत रकम लेनदेन सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिँदैन । यसरी संवैधानिक इजलासको फैसलाको रोहमा अन्य प्रमाणहरू हेर्दा बरामदीबाहेक अभियोग दाबी पुष्टि हुने प्रमाण मिसिलमा रहेको पाइँदैन। वादी पक्षले स्वतन्त्र प्रमाणबाट आफ्नो दाबी पुष्टि गर्न नसकेको अवस्थामा यी प्रतिवादीउपर अभियोग लगाएकै आधारमा कसुरदार ठहर गर्न प्रमाण ऐन, २०३१ को दफा २५ ले समेत मिल्ने अवस्था नदेखिने।

तसर्थ, अख्तियार दुरूपयोग अनुसन्धान आयोग आफैँले उजुरीकर्ताहरू कमल थापा र विजय थापालाई घुस/रिसवत रकम उपलब्ध गराई सोही रकम बरामद भएको भन्ने आधारमा दर्ता भएको भ्रष्टाचार मुद्दामा यी पुनरावेदक/प्रतिवादी उत्तमप्रसाद खरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू. १,००,०००।- (एक लाख रूपियाँ) जरिवाना गरी सोही ऐनको दफा ३(१) (ग) बमोजिम ४(चार) महिना कैदसमेत हुने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०७४।०५।०१ को फैसला मिलेको नदेखिँदा उल्टी भई निज पुनरावेदक/प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल असोज १९ गते रोज ३ शुभम्।

## इजलास नं. ८

### ४०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CI-१२०४, मानाचामल, यामप्रसाद भुसाल वि. गुमा भुसाल सापकोटा*

प्रतिवादी कार्यरत रहेको महेन्द्र निम्न माध्यमिक विद्यालय कटुञ्जे, भक्तपुरको च.नं. ६ मिति २०७४।०३।११ को पत्रबाट उक्त विद्यालयमा निम्न माध्यमिक तहको शिक्षक पदमा रही यी पुनरावेदक प्रतिवादीको मासिक तलब रू.३३,५३४।- रहेको भन्ने देखिन्छ। यी पुनरावेदक प्रतिवादीको प्रतिउत्तरपत्रमा निजसहित ६ जनाको परिवार रहेको देखिएको तथा हाल पुनरावेदन जिकिरको अवस्थामा ५ जनाको परिवारको पालनपोषण, शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्थासमेत गर्नुपर्ने प्रमुख जिम्मेवारी यी पुनरावेदक प्रतिवादीमा रहेको हुँदा प्रतिवादीबाट वादीले मिति २०६५।०२।२५ गतेदेखि फिराद परेको अघिल्लो दिनसम्म मासिक रू.३,०००।–का दरले र फिराद परेको मिति २०७४।०२।२६ देखि अंश प्राप्त नगरेसम्मका लागि मासिक रू.६,०००।– का दरले मासिक खर्च भराइलिन पाउने ठहऱ्याई सुरू पर्वत जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७५।०८।१८ को फैसला मनासिब देखिन आएकोले प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्ने आदेश गर्दा लिएको आधारसँग सहमत हुन सकिएन।

तसर्थ, पर्वत जिल्ला अदालतको मिति २०७४।१२।२० मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएको मिति २०७५।०८।१८ को फैसला मिलेकै देखिँदा सदर हुने मेरो ठहर रहेकोमा माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगानाको भिन्न राय भएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) (क) बमोजिम प्रस्तुत मुद्दा निर्णयार्थ पूर्ण इजलाससमक्ष पेस गर्नू।

मानाचामल भनेको तत्कालको लागि जीविकोपार्जन गर्न उपलब्ध गराइने सुविधा हो र यस्तो सुविधा अंशबन्डा नहुन्जेलसम्म उपलब्ध गराइन्छ। प्रस्तुत विवादमा मानाचामल उपलब्ध गराइपाउन वादी अदालत प्रवेश गरेको मितिभन्दा अगाडिदेखि नै मानाचामल उपलब्ध गराउने सुरू अदालतको निर्णयउपर उच्च अदालत पोखरा, बागलुङ इजलासले सदर गरेको फैसला मानाचामल दिनुपर्ने भनी निर्धारण गरेको मिति २०६५।२।२५ देखि भनी भनिएको हदसम्ममा सहयोगी माननीय न्यायाधीशको राय भन्दा मेरो छुट्टै राय व्यक्त गरेको छु। मानाचामल वा अंशबन्डाको विवाद अदालतमा प्रवेश गरेको मितिदेखि हेरिने विषय हो। फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिने अंशबन्डाको हाम्रो स्थापित परम्परा विपरीत मुद्दा पर्नुभन्दा पहिलेदेखि नै मानाचामलको सुविधा दिनु न्यायसम्मत देखिँदैन। फेरि वादी र प्रतिवादीबिच मिति २०७३।१०।१५ मा भएको सहमतिपत्रले पनि प्रतिवादीले वादीलाई केही रकम दिएको बेहोरा मिसिल संलग्न उक्त सहमतिपत्रको लेखोटबाट देखिन्छ। वादी प्रतिवादीका पारिवारिक सदस्यहरूको रोहबरबिच एक किसिमको सहमति भएपश्चात् अदालत प्रवेश गरेकी वादीले त्यो सहमतिविपरीत पहिलेदेखि नै मानाचामल पाउन सक्ने अवस्थामा समेत विचार हुनुपर्ने देखिन्छ। आफूलाई अन्याय पऱ्यो भनी अदालतमा आउने व्यक्ति अदालतमा आएको मितिदेखि मात्र सोको लागि अधिकारप्राप्त हुनसक्ने सर्वमान्य मान्यता हो। यो सामान्य समझको विषय अनि मुद्दासँग सम्बन्धित न्यायिक मर्यादा पनि हो। पश्चादर्शी मितिदेखि मानाचामलको सुविधा उपलब्ध गराउँदा विवाद

परेको मिति तय गर्न पनि उत्तिकै समस्या हुन जाने देखिन्छ । यस दृष्टिकोणबाट अदालत त्यतातिर प्रवेश नगर्नु नै मनासिब हुने देखिन्छ । फेरी फिराद पर्नुअघिको मानाचामल उपलब्ध गराउने अङ्क र फिराद परिसकेपछिको अङ्क फरक फरक कायम गर्नुको पछाडिको मापदण्ड पनि फैसलामा स्पष्ट हुन सकेको छैन । त्यसतर्फ पनि अंशियारको संख्याको आधारमा समानुपातिक हुनुपर्ने देखिने।

तसर्थ, वादीले प्रतिवादीबाट अंशियार संख्याको आधारमा समानुपातिक एवम् मनासिब हिसाबले मानाचामल मुद्दा दायर गरेको मिति २०७४।२।२६ देखि मानाचामल पाउन मनासिब एवम् न्यायोचित हुने हुँदा सहयोगी माननीय न्यायाधीशको सुरू तथा उच्च अदालत पोखरा, बागलुङ इजलासले फिराद पर्नुअघि मिति २०६५।२।२५ देखि नै मानाचामल दिनुपर्ने ठहऱ्याएको फैसलालाई सदर गर्ने गरेको रायसँग म सहमत हुन नसक्दा उक्त फैसला केही उल्टी हुन यो छुट्टै राय पेस गरेको।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल फागुन ८ गते रोज १ शुभम्।

**४१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-१९५७, अंश दर्ता, चिन्टु कुमार जयसवाल वि. सिकिल देवी जयसवालसमेत*

वादी नाबालक अवस्थामै हुदा निजसमेतको हकमा निजको आमाले अंश मुद्दा गरी मिलापत्रसम्म भएको तर उक्त मिलापत्रबमोजिमको यी वादीसमेतको भागमा परेको भनिएको जग्गा यी वादी वा वादीको संरक्षक आमाका नाममा नामसारी नगरी साबिक दर्तावाला किशोरी शाह कलवारले सिधै प्रतिवादी निजको श्रीमती सिकीलादेवी जयसवालकै नाममा बकसपत्र नामसारी गरिएकोमा निज वादीको आमा हिरामती देवीले सो बकसपत्रमा सहीछाप गरेकै आधारमा यी वादीले अंश पाएको भनी मान्न मिल्ने नदेखिँदा वादीले अंश पाइसकेको भन्ने आधारमा अंश जस्तो नैसर्गिक हकबाट बञ्चित गर्ने गरी प्रतिवादीबाट वादीले अंश नपाउने भनी अर्थ गर्न नमिल्ने। अत: वादी दाबीबमोजिम वादीले ३ भागको १ भाग अंश पाउने नै देखिँदा वादी दाबीबमोजिम अंश नपाउने भनी भएको सुरू बारा जिल्ला अदालतको फैसला सदर गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।११।१६ को फैसला नमिलेको हुँदा उल्टी हुने।

प्रस्तुत मुद्दामा तत्कालीन मुलुकी ऐन, अंशबन्डाको २०,२१,२२,नं. बमोजिम बन्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी पेस भई कोर्ट फी यकिन गरी कोर्ट फी दाखिल गराउने प्रक्रियासमेत पूरा भएको नदेखिँदा बन्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाटवारी सम्बन्धमा प्रतिवादीहरूबिच मानो छुट्टिएको लिखत नहुँदा फिराद मागबमोजिम फिराद परेको अघिल्लो दिनलाइ मानो छुट्टिएको मिति कायम गरी सो मितिसम्मको बन्डा गर्नुपर्ने चलअचल सम्पत्तिको फाँटवारी साबिक मुलुकी ऐन अंशबन्डाको २०,२१,२२ तथा मुलुकी देवानी संहिताको २२०,२२१, २२२ तथा २२३, बमोजिम दाखिल गर्न लगाइ बन्डा छुट्याउनुपर्ने सम्पत्ति यकिन गरी नियमानुसारको कोर्ट फीसमेत दाखेल गराई देवानी कार्यविधि संहिता को दफा २४१ बमोजिम वादीको हकमा ३ खण्डको १ खन्ड बन्डा छुट्याइदिनका लागि सुरू बारा जिल्ला अदालतमा पठाइदिने।

इजलास अधिकृतः भेषराज पौडेल

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७९ साल साउन २२ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-१९५७, बकसपत्र लिखत बदर दर्ता, चिन्टु कुमार जयसवाल वि. सिकिल देवी जयसवालसमेत

- ०७२-CR-२०५०, जालसाजी, चिन्टु कुमार जयसवाल वि. सिकिल देवी जयसवालसमेत
- ०७२-CI-१९५८, मिलापत्र बदर, चिन्टु कुमार जयसवाल वि. सिकिल देवी जयसवालसमेत

**४२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CR-०८४७, हातहतियार खरखजाना, अरविन्द यादव वि. नेपाल सरकार*

म र मेरो साथी अरविन्द यादव भारत सिलिगुडी घुम्न जाँदा त्यहाँ रहेका साथीको कोठामा एयर पेस्तोल देखी अरविन्दको कोठामा सजाउन हुन्छ भनी ल्याएछन् सो कुरा मलाई पछि मात्र थाहा भयो भन्ने प्रतिवादी निरेश बस्नेतको बयानसँग समर्थित हुने गरी साथीको कोठामा एयर पेस्तोल देखी कोठा सजाउन काम लाग्छ भनी ल्याएको हो, भाँचिएको एयर पेस्तोल खरिद गरी ल्याएको होइन खेलौनाको रूपमा लिइ आएको हुँ भनी प्रतिवादी अरविन्द यादवले अधिकारप्राप्त अधिकारी र सुरू झापा जिल्ला प्रशासन कार्यालयको इजलाससमक्ष बयान गरेको देखिन्छ । त्यसैगरी उक्त एयर पेस्तोल कोठामा सजाउन भनी ल्याएको रहेछ, हतियार पड्कने अवस्थामा थिएन, मोटरसाइकल दिनेशप्रसाद यादवका नाममा दर्ता रहेको बुझिएको भनी मुना खड्कासमेतले गरिदिएको वस्तुस्थिति मुचुल्कामा उल्लेख भएको पाइन्छ । प्रतिवादी असल चालचलनका र हतियार बोकेर हिँड्ने व्यक्ति होइनन् भनी प्रतिवादीका साक्षीले बकपत्र गरेको देखिन्छ । प्रतिवादीले कुनै आपराधिक उद्देश्य नलिएको, आफ्नो साथमा प्रयोगमा ल्याउन सकिने हतियार बोकी हिँडेको हो र भाँचिएर कालोटेप लगाई बाँधिएको एयर पेस्तोल हतियारको रूपमा प्रयोग हुन सक्ने अवस्थामा नरहेको भन्ने जिकिर लिएको भए तापनि हातहतियार खरखजाना ऐन, २०१९ को दफा २(ग) मा भएको परिभाषासमेतका कारणबाट एयर पेस्तोल बरामद भएकोमा विवाद नदेखिँदा कसुर कायम गरेको हदसम्म तत्कालीन पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१२।१० मा भएको फैसला मिलेकै देखिँदा आरोपित कसुरबाट पूर्णत: सफाइ पाउने भन्ने यी पुनरावेदक प्रतिवादी अरविन्द यादवको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

पुनरावेदक प्रतिवादी अरविन्द यादवलाई गरेको सजायको हकमा विचार गर्दा, हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) मा मिति २०७४।६।३० मा संशोधन भई सजाय एक वर्षभन्दा कम गरिएको र सो कसुरमा हुने सजाय हाल नेपालको संविधानको धारा १५२ को उपदफा २ मा रहेको "एक वर्षभन्दा बढी कैद सजाय हुने फौजदारी कसुरसम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकायबाहेक अन्य निकायको अधिकार क्षेत्रमा पर्ने छैन" भन्ने व्यवस्था भई हातहतियार खरखजाना ऐन, २०१९ को मिति २०७४।६।३० मा उक्त ऐन र सो दफासमेत संवत् २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ हुने गरी उक्त दफा २०(२) खारेज भई हाल कायम नरहेको अवस्था देखिन्छ । साथै, मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-६ मा हातहतियार तथा खरखजानासम्बन्धी कसुरअन्तर्गत रहेको दफा १३२ मा इजाजतपत्रबिना हातहतियार राख्न वा लिएर हिँड्न नहुने भन्ने शीर्षकको (१) मा कसैले कानूनबमोजिम प्राप्त गर्न, राख्न, भण्डारण गर्न, प्रयोग गर्न वा लिएर हिँड्न सकिने हातहतियार इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र प्राप्त गरेको भए पनि इजाजतपत्रको सर्त तथा बन्देजविपरीत हुने गरी प्राप्त गर्न, राख्न भण्डारण गर्न प्रयोग गर्न वा लिएर हिँड्न हुँदैन भनी र उपदफा २ मा उपदफा (१) बमोजिमका कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने

छ भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने उल्लेख भएको देखिँदा मिति २०७४।६।३० मा नै उक्त हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन भई एक वर्षभन्दा कम सजाय कायम भएको देखिएकोले यी प्रतिवादीका हकमा कानूनबमोजिम घटी सजाय गर्नुपर्ने देखिँदा साबिकमा रहेको हातहतियार खरखजाना, २०१९ को दफा २०(२) बमोजिम ३ वर्ष कैद र रू.६०,०००।- जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१२।१० मा गरेको सजाय सो हदसम्म परिवर्तन गरिनुपर्ने ।

अतः प्रतिवादीबाट एयर पेस्तोल बरामद भइरहेको देखिँदा कसुर कायम हुने देखिए पनि सजायको हकमा मिति २०७४।६।३० मा संशोधन भएको दफा २०(२) को सजायको अवस्था र हालको नयाँ कानूनबमोजिम कम कैदको सजायसमेत गर्न सकिने देखिँदा प्रतिवादी अरविन्द यादवलाई तत्कालीन हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम ३ वर्ष कैद र रू.६०,०००।- जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१२।१० मा भएको फैसला केही उल्टी भई मिति २०७४।६।३० मा भएको हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम एक वर्षसम्म र हाल प्रचलित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(२) बमोजिम ५ वर्षसम्म कैद हुन सक्ने देखिँदा निज प्रतिवादीले गरेको कसुरको प्रकृति, हतियारको अवस्था, निजको उमेरको अवस्था तथा न्यायको रोहमासमेत हेर्दा निजलाई मिति २०६८।५।१३ देखि मिति २०६८।६।१२ सम्म बसेको कैदलाई कायम गर्दा फरक नपर्ने देखिँदा २९ दिन कैद र २ हजार रूपैयाँ जरिवाना हुने ।

इजलास अधिकृतः नारायणप्रसाद चापागाई
कम्प्युटर : सरस्वती दाहाल
इति संवत् २०७९ साल कार्तिक ४ गते रोज ६ शुभम् ।

## ४३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७५-WO-०३४१, उत्प्रेषणसमेत, पूर्णबहादुर बिष्ट वि. नेपाल सरकार मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

रिट निवेदकलाई नेपाल सरकार (मन्त्रिपरिषद्) ले दुधौली नगरविकास समिति सिन्धुलीको अध्यक्ष पदमा नगर विकास समिति ऐन, २०४५ को दफा ४ को उपदफा ४.२ को ४.२.१ बमोजिम २ (दुई) वर्षको कार्यकालको लागि नियुक्ति गरेको देखिन्छ । यस अदालतको एक न्यायाधीशको इजलासबाट कानूनबमोजिमको प्रक्रिया पूरा गरी नियुक्त पदाधिकारीलाई कुन कानूनअन्तर्गत अवकाश दिइएको र प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौकासमेत प्रदान नगरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएबाट दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएकोले सोको लागि मिति २०७५।०६।१७ को दिन पेसी तोकी विपक्षीहरूलाई छलफलमा उपस्थित हुन सूचना दिनु साथै सो छलफलको टुङ्गो नलागेसम्मका लागि निवेदकलाई पदमुक्त गर्नेबारेमा मिति २०७५।०३।२० को मन्त्रिपरिषद्को निर्णय र सोको आधारमा सहरी विकास मन्त्रालयबाट मिति २०७५।०३।२५ मा भएको पत्रानुसार पदमुक्त गरेको पत्रसमेत कार्यान्वयन नगरी, नगराई निवेदकलाई यथावत् कामकाज गर्न दिनु भनी अन्तरिम आदेश भएको देखिने ।

यस अदालतको आदेशबमोजिम यी रिट निवेदक पूर्णबहादुर बिष्ट दुधौली नगरविकास समिति सिन्धुलीको अध्यक्ष पदमा निरन्तर कामकाज गर्दै

आइरहेको देखिन्छ। नगर विकास समिति ऐन, २०४५ को दफा ४ को उपदफा ४.२ को ४.२.१ बमोजिम २ (दुई) वर्षको कार्यकाल हुने निश्चित गरिएको छ। यसबमोजिम अध्यक्षको कार्यकाल २ वर्षको भएको र उक्त २ वर्षको कार्यकाल निज निवेदकले नियुक्ति पाएको मिति २०७४।१०।२९ बाट सुरू भई मिति २०७६।१०।२८ मा पूरा हुने देखिन्छ। यस अवस्थामा नगर विकास समिति ऐन, २०४५ को दफा ४ को उपदफा ४.२ को ४.२.१ बमोजिम यी निवेदकको २ (दुई) वर्षको कार्यकाल हाल व्यतीत भइसकेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनमा रहेको विवादित प्रश्नको औचित्य नै समाप्त भइसकेको देखिने।

अतः नगर विकास समिति ऐन, २०४५ को दफा ४ को उपदफा ४.२ को ४.२.१ बमोजिम २ (दुई) वर्षको कार्यकालका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबमोजिम दुधौली नगरविकास समिति सिन्धुलीको अध्यक्ष पदमा यी रिट निवेदकको नियुक्ति भएको र सोही ऐनको दफा ४.२.१ बमोजिम हाल निजको २ वर्षको कार्यकाल पूरा भइसकेको अवस्था विद्यमान भई रिट निवेदनको औचित्य नै समाप्त भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण चापागाई (उपसचिव)

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम्।

## ४४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७५-WO-००६७, उत्प्रेषणसमेत, लक्ष्मणप्रसाद भट्ट वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत*

यस अदालतको एक न्यायाधीशको इजलासबाट कानूनबमोजिमको प्रक्रिया पूरा गरी नियुक्त पदाधिकारीलाई कुन कानूनअन्तर्गत अवकाश दिइएको र प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौकासमेत प्रदान नगरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएबाट दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएकोले सोको लागि मिति २०७५।५।३ को दिन पेसी तोकी विपक्षीहरूलाई छलफलमा उपस्थित हुन सूचना दिनू। सो छलफलको टुङ्गो नलागेसम्मका लागि निवेदकलाई पदमुक्त गर्नेबारेमा मिति २०७५।०३।२० को मन्त्रिपरिषद्को निर्णय र सोको आधारमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट मिति २०७५।०३।३२को निर्णय र मिति २०७५।४।६ मा भएको पत्रानुसार पदमुक्त गरेको पत्रसमेत कार्यान्वयन नगरी नगराई निवेदकलाई यथावत् कामकाज गर्न दिनु भनी मिति २०७५।४।२१ मा आदेश भएको देखिने।

यस अदालतको आदेशबमोजिम रिट निवेदक लक्ष्मणप्रसाद भट्टलाई अस्पताल व्यवस्थापन समिति कार्यविधि, २०७३ को दफा ३.२(क) बमोजिम ३ वर्षे कार्यकालको लागि जोगबुढा अस्पताल विकास समितिको अध्यक्ष पदमा नियुक्ति गरी निरन्तर कामकाज गर्दै आइरहेको अवस्था देखिन्छ। मिति २०७३।११।६मा नेपाल सरकार स्वास्थ्य (मा. मन्त्रिस्तर) मन्त्रालयले निर्णय गरी अस्पताल व्यवस्थापन समिति कार्यविधि, २०७३ को दफा ३.२(क) बमोजिम ३ वर्षे कार्यकाल हुने निश्चित गरिएको छ। यसबमोजिम अध्यक्षको कार्यकाल ३ वर्षको भएको र उक्त ३ वर्षको कार्यकाल निज निवेदकले नियुक्ति पाएको मिति २०७३।११।२६ बाट सुरू भई मिति २०७६।११।२५ मा पूरा भएको देखिन्छ। अस्पताल व्यवस्थापन समिति कार्यविधि, २०७३ को दफा ३.२(क) बमोजिमको यी निवेदकको कार्यकाल व्यतीत भइसकेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनमा रहेको विवादित प्रश्नको औचित्य नै समाप्त भइसकेको देखिने।

अस्पताल व्यवस्थापन समिति कार्यविधि, २०७३ को दफा ३.२(क) बमोजिम ३ वर्षको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।६

को निर्णयबमोजिम अध्यक्ष पदमा यी रिट निवेदकको नियुक्ति भएको र सोही कार्यविधिको दफा (४) बमोजिम निजले ३ वर्षको कार्यकाल व्यतीत भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण प्रसाद चापागाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम्।

**४५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-००७०, उत्प्रेषणसमेत, रतनबहादुर खड्का वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

यस अदालतको आदेशबमोजिम यी रिट निवेदक रतनबहादुर खड्का टिकापुर अस्पताल विकास समिति (गठन) आदेश, २०६० को दफा ३.२(क) तथा दफा३(३) बमोजिम २(दुई) वर्षे कार्यकालको लागि टिकापुर अस्पताल विकास समितिको अध्यक्ष पदमा निरन्तर कामकाज गर्दै आइरहेको देखिन्छ । नेपाल सरकार (मन्त्रिपरिषद्को) को मिति २०७४।०९।२५ को निर्णयानुसार टिकापुर अस्पताल विकास समिति (गठन) आदेश, २०६० को दफा ३.२(क) तथा दफा ३(३) बमोजिम २ वर्षको कार्यकाल हुने निश्चित गरिएको छ। यसबमोजिम अध्यक्षको कार्यकाल २ वर्षको भएको र उक्त २ वर्षको कार्यकाल निज निवेदकले नियुक्ति पाएको मिति २०७३।०९।२५ बाट सुरू भई मिति २०७५।०९।२४ मा व्यतीत भएको देखिन्छ । यस अवस्थामा निवेदकको टिकापुर अस्पताल विकास समिति (गठन) आदेश, २०६० को दफा ३.२(क) तथा दफा ३(३) बमोजिम २ वर्षको कार्यकाल व्यतीत भइसकेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनमा रहेको विवादित प्रश्नको औचित्य नै समाप्त भइसकेको देखिने।

अतः टिकापुर अस्पताल विकास समिति (गठन) आदेश, २०६० को दफा ३.२(क) तथा दफा ३(३) बमोजिम २ वर्षको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबमोजिम टिकापुर अस्पताल विकास समितिको अध्यक्ष पदमा यी रिट निवेदकको नियुक्ति भएको र सोही आदेशको दफा ३(३) बमोजिमको निजको २ वर्षको कार्यकाल व्यतीत भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण प्रसाद चापागाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम्।

**४६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-WO-१०२५, उत्प्रेषण / परमादेशसमेत, लक्ष्मण सिंह वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

यस अदालतको आदेशबमोजिम रिट निवेदक लक्ष्मण सिंहलाई डडेलधुरा अस्पताल विकास समिति (गठन) आदेश, २०६२ को दफा ३.२(क) तथा दफा ३(३) बमोजिम २(दुई) वर्षे कार्यकालको लागि डडेलधुरा अस्पताल विकास समितिको अध्यक्ष पदमा नियुक्ति गरी निरन्तर कामकाज गर्दै आइरहेको देखिन्छ । नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०७४।०६।२९ को निर्णयानुसार डडेलधुरा अस्पताल विकास समिति (गठन) आदेश, २०६२ को दफा ३.२(क) तथा दफा ३(३) बमोजिम २ वर्षको कार्यकाल हुने निश्चित गरिएको छ । यसबमोजिम अध्यक्षको कार्यावधि २ वर्षको भएकोमा उक्त अवधि निज निवेदकले नियुक्ति पाएको मिति २०७४।६।२९ बाट सुरू भई मिति २०७६।०६।२८ मा पूरा भएको देखिन्छ । यस अवस्थामा यी निवेदकको पदावधि डडेलधुरा अस्पताल विकास समिति (गठन) आदेश,

२०६२ को दफा ३.२(क) तथा दफा ३(३) बमोजिम २ वर्षको कार्यकाल व्यतीत भइसकेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनमा रहेको विवादित प्रश्नको नै औचित्य समाप्त भइसकेको देखिने।

डडेलधुरा अस्पताल विकास समिति (गठन) आदेश, २०६२ को दफा ३.२(क) तथा दफा३(३) बमोजिम २ वर्षको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबमोजिम अध्यक्ष पदमा यी रिट निवेदकको नियुक्ति भएको र सोही आदेशको दफा३(३) बमोजिम निजको२ वर्षको पदावधि पूरा भइसकेको अवस्था विद्यमान भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण प्रसाद चापागाई
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम्।

**४७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-१०१०, उत्प्रेषणसमेत, विमलकुमार निरौलासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

यस अदालतको आदेशबमोजिम रिट निवेदकहरू विमलकुमार निरौला र युरज योञ्जन राष्ट्रिय सहकारी विकास बोर्ड सदस्य पदमा निरन्तर कामकाज गर्दै आइरहेको देखिन्छ। राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा ७(३) अनुसार २ वर्षको कार्यकाल हुने निश्चित गरिएको छ। यसबमोजिम सदस्यको कार्यकाल २ वर्षको भएको र उक्त २ वर्षको कार्यकाल निज निवेदकहरूमध्ये विमलकुमार निरौलाको नियुक्ति पाएको मिति २०७४।१०।२९ बाट मिति २०७६।१०।२८ मा पूरा हुने र युरज योञ्जनले नियुक्ति पाएको मिति २०७४।७।६ बाट मिति २०७६।०७।५ मा पूरा हुने देखिन्छ। यस अवस्थामा यी निवेदकहरूको कार्यकाल राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा ७(३) बमोजिम २ वर्षको हुने र हाल निजहरूको २ वर्षे कार्यकाल व्यतीत भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनमा रहेको विवादित प्रश्नको औचित्य नै समाप्त हुन आएको देखिने।

अतः रिट निवेदकहरू विमलकुमार निरौला र युरज योञ्जन क्रमशः राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा ७(१)(ड) र दफा ७(१)(ढ) अनुसार २ वर्षका लागि नेपाल सरकार (मन्त्रिस्तरीय) को निर्णयबमोजिम नियुक्ति भएको र सोही ऐनको दफा ७(३) बमोजिम २ वर्ष कार्यावधि व्यतीत भइसकेको अवस्था विद्यमान भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नारायण प्रसाद चापागाई
कम्प्युटर: सरस्वती दाहाल
इति संवत् २०७८ साउन २९ गते रोज ६ शुभम्।

**४८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-१०१५, उत्प्रेषणसमेत, नरेन्द्रराज बस्नेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

रिट निवेदक नरेन्द्रराज बस्नेतलाई ३ वर्षको लागि पदावधि तोकेर अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ बमोजिम उक्त कार्यकारी समितिको अध्यक्ष पदमा दफा ८(२) मा उल्लिखित अध्यक्षको पदावधि ३ वर्ष हुने रहने गरी नियुक्ति भएकोमा सबै किसिमका राजनीतिक नियुक्ति तथा मनोनयन खारेज गर्ने विषयको मं.प.बै. सं.१७।०७५ मिति २०७५।३।२० को मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा त्यसमा नेपाल सरकार मन्त्रिपरिषद्ले प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका सिलसिलामा निर्वाचन आयोगबाट निर्वाचन

आचारसंहिता लागु भएको मिति २०७४।५।१४ उपरान्त वर्तमान सरकार गठन हुनुभन्दा अगाडि नेपाल सरकारका विभिन्न मन्त्रालयअन्तर्गतका विभिन्न प्राधिकरण, संस्थान, बोर्ड, कोष, समिति, कम्पनी, बैंक वा अन्य सङ्गठित संस्था आदिजस्ता संस्थामा नेपाल सरकार (मन्त्रिपरिषद्) र मन्त्रिस्तरबाट भएका सबै किसिमका राजनीतिक नियुक्ति तथा मनोनयन खारेज गर्ने भन्ने निर्णयलाई मुख्य आधार लिइएको पाइन्छ । साथै निर्वाचनको समयमा राज्यका संयन्त्रहरूमा हुने राजनीतिक नियुक्तिको कारणबाट स्वच्छ र निष्पक्ष निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभाव पर्नसक्छ भनी आयोगबाट आचार संहिता जारी भएपश्चात् तत्कालीन सरकारले गरेका सबै किसिमका नियुक्ति र मनोनयनलाई खारेज गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले गरेको निर्णयअनुसार नै यी निवेदकलाई पदमुक्त गरेको देखिने।

सहरी विकास मन्त्रालयको मिति २०७४।५।२७ च.नं.१४६ को पत्रानुसार नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।५।२६ को निर्णयानुसार अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति आदेश,२०७३ को दफा ८(२) अनुसार अध्यक्ष पदमा तीन वर्षका लागि नियुक्ति गरिएको भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । सोअनुसार यी निवेदकको नियुक्तिपत्रमा उल्लिखित पदावधि समाप्त भई पदमुक्त भएको अवस्था देखिएकोले निवेदकको बाँकी अवधि २०७४।०५।२६ देखि ३ वर्ष अर्थात् २०७७।०५।२५ गतेसम्म निर्विवाद काम गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशलगायत आवश्यक र उचित आदेश जारी गर्न तथा आफूलाई अपूरणीय क्षति पुग्ने भन्ने मागदाबीको औचित्य नै पुष्टि हुन नसक्ने।

रिट निवेदक नरेन्द्रराज बस्नेतलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।०५।२६ को निर्णयानुसार अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष पदमा नियुक्त गरिएकोमा नेपाल सरकारले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने दायित्व यस मन्त्रालयको रहेको हुँदा नेपाल सरकारको निर्णय कार्यान्वयन गर्ने मिति २०७५।३।२० मा भएको निर्णयले यी रिट निवेदकको संविधान र कानून प्रदत्त कुनै हकाधिकारको हनन हुन गएको भन्ने नदेखिँदा र निवेदकको पदावधिसमेत समाप्त भइसकेकोले निवेदन मागबमोजिमको उत्प्रेषण परमादेशसमेतको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद चापागाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम्।

## ४९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७५-WO-००५१, उत्प्रेषणसमेत, चिन्तामणी पोखरेल वि. सम्माननीय प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपतिसमेत*

मिति २०७५।४।२१ मा "...अन्तरिम आदेश सम्बन्धमा छलफलबाट टुङ्गो नलागेसम्मको लागि निवेदकलाई पदमुक्त गर्नेबारेको मिति २०७५।०३।२० को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय र सोको आधारमा मिति २०७५।०३।२८ मा लेखिएको पत्रसमेत कार्यान्वयन नगरी निवेदकलाई यथावत् कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) (ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ । सोको जानकारी विपक्षीहरूलाई दिनु भन्ने आदेश भएको देखिन्छ भने मिति २०७५।४।२८ मा यसै प्रकृतिको निवेदक निकिता पौडेल विरूद्ध विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

भएको ०७४-WO-१०२८ रिट निवेदन यसै अदालतमा विचाराधीन रहेकोले प्रस्तुत निवेदनसमेत उक्त निवेदनसँग लगाउमा राखिपाउँ भनी विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा इजलाससमक्ष भन्नुभएको हुँदा उक्त रिट निवेदनसाथ प्रस्तुत रिट निवेदन लगाउमा साथै राखी नियमानुसार गरी पेस गर्नु भन्ने आदेश भएको देखिने।

यस अदालतको आदेशबमोजिम यी रिट निवेदक प्रा.डा.चिन्तामणि पोखरेल त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य पदमा निरन्तर कामकाज गर्दै आइरहेको देखिन्छ। त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५ को उपदफा (३) बमोजिम सदस्यको पदावधि ३ वर्षको भएको र उक्त ३ वर्षको पदावधि निज निवेदकले नियुक्ति पाएको मिति २०७४।८।२७ बाट सुरू भई मिति २०७७।०८।२६ मा पूरा भएको देखिन्छ । यी निवेदकको त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५ को उपदफा (१) बमोजिम सेवा आयोग सदस्य पदमा नियुक्ति पाएको ३ वर्षको पदावधि व्यतीत भइसकेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनमा रहेको विवादित प्रश्नको औचित्य नै समाप्त भइसकेको देखिने।

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।७।२७ को निर्णयबमोजिम त्रिभुवन विश्वविद्यालय सेवा आयोग सदस्य पदमा यी रिट निवेदकको नियुक्ति भएको र सोही ऐनको दफा १५(३) बमोजिम निजको ३ वर्षको पदावधि मिति २०७४।८।२७ देखि मिति २०७७।८।२६ मा व्यतीत भइसकेको अवस्था विद्यमान भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण प्रसाद चापागाई
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम्।

## ५०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७५-WO-००१०, उत्प्रेषणसमेत, विमला भण्डारी वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत*

रिट निवेदकलाई नेपाल सरकार (मन्त्रिपरिषद्) ले श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११(छ) बमोजिम मिति २०७४।१०।११ मा न्यूनतम पारिश्रमिक निर्धारण समितिको सदस्य पदमा नियुक्त गरेको देखिन्छ। यस अदालतको एक न्यायाधीशको इजलासबाट कानूनबमोजिमको प्रक्रिया पूरा गरी नियुक्त पदाधिकारीलाई कुन कानूनअन्तर्गत अवकाश दिइएको र प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौकासमेत प्रदान नगरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएबाट दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएकोले सोको लागि मिति २०७५।०४।१६ को दिन पेसी तोकी विपक्षीहरूलाई छलफलमा उपस्थित हुन सूचना दिनू। सो छलफलको टुङ्गो नलागेसम्मका लागि निवेदकलाई पदमुक्त गर्नेबारेमा मिति २०७५।०३।२० को मन्त्रिपरिषद्को निर्णय र सोको आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट मिति २०७५।०३।२२ मा भएको पत्रानुसार पदमुक्त गरेको पत्रसमेत कार्यान्वयन नगरी नगराई निवेदकलाई यथावत् कामकाज गर्न दिनु भनी आदेश भएको देखिने।

उपर्युक्त अवस्थामा यस अदालतको आदेशबमोजिम यी रिट निवेदक विमला भण्डारी न्यूनतम पारिश्रमिक निर्धारण समितिको सदस्य पदमा निरन्तर कामकाज गर्दै आइरहेको देखिन्छ। श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा १(छ) अनुसार सोही ऐनको दफा ११(२) बमोजिम २ वर्षको कार्यकाल हुने निश्चित गरिएको छ। यसबमोजिम सदस्यको कार्यावधि २ वर्षको भएको र उक्त २ वर्षको

कार्यावधि निज निवेदकले नियुक्ति पाएको मिति २०७४।१०।११ बाट सुरू भई मिति २०७६।१०।९ मा पूरा भएको देखिन्छ। यस अवस्थामा यी निवेदकको श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा १(छ) अनुसार सोही ऐनको दफा ११(२) बमोजिम २ वर्षको कार्यकाल व्यतीत भइसकेको देखिने।

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा १(छ) अनुसार सोही ऐनको दफा ११(२) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबमोजिम न्यूनतम पारिश्रमिक निर्धारण समितिको सदस्य पदमा यी रिट निवेदकको नियुक्ति भएको र सोही ऐनको दफा ११(२) बमोजिम निजले २ वर्षको कार्यावधि पूरा गरिसकेको अवस्था विद्यमान भई रिट निवेदनमा रहेको विवादित प्रश्नको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण प्रसाद चापागाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम्।

**५१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CR-०२५५, ०७६-RC-०१०८, कर्तव्य ज्यान, एकलाल भन्ने योगेन्द्र सहनी वि. नेपाल सरकार, नेपाल सरकार वि. महेश पासवान*

मृतकलाई मार्नेमा गोली हान्ने मुख्य कार्यमा प्रतिवादी एकलाल भन्ने योगेन्द्र सहनीको संलग्नता रहेको देखिँदा तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं बमोजिम निजका हकमा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू जिल्ला अदालतको फैसला र सो फैसलालाई सदर हुने ठहराएको पुनरावेदन अदालत जनकपुरको फैसला नमिलेको भन्न मिलेन। तथापि हाल कायम रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा उल्लेख भएबमोजिम यो संहिता प्रारम्भ भएपछि सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था भएको पाइएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको पाइँदा प्रतिवादी एकलाल भन्ने योगेन्द्र सहनीलाई सर्वस्वसमेत हुने ठहराएको हदसम्म केही विचार हुनुपर्ने।

यसै गरी साधकको रोहमा पेस हुन आएको सम्बन्धमा विचार गर्दा प्रतिवादी पप्पुकुमार ठाकुरले पुनरावेदन गरेर पनि पुनरावेदन फिर्ता लिएको हुँदा निजका हकमा विचार गरिरहनुपर्ने देखिएन। जन्मकैदको सजाय हुने ठहरेका अर्का प्रतिवादी महेश पासवानका हकमा विचार गर्दा निजउपर जाहेरवालाको किटानी जाहेरी परेको देखिएको छ। मौकामा कागज गर्ने राम सुन्दर मण्डलको कागजबाट जाहेरी बेहोरा समर्थित रहेको देखिन्छ। वारदातका बखत मृतक र प्रतिवादी महेश पासवान घरतर्फ जान भनी सँगै गएका र केहीबेरपछि महेश पासवान हस्याङ्ग फस्याङ्ग गरी आई मृतक शिव नारायण गोली लागी मरेको कुरा निजै महेश पासवानले बताएको भनी राम सुन्दर मण्डलले कागज गरेको देखिन्छ। सहप्रतिवादी रेणु भण्डारीले मृतकलाई मार्ने प्रयोजनका लागि योजना बनाई यी प्रतिवादीलाई रू.१,५०,०००।- दिने तय गरी तत्कालका लागि रू.५०,०००।- दिएको भनी लेखाएको देखिन्छ। अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादीले कसुरमा साबित रही बयान गरेको देखिन्छ। अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको भए पनि अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित भई गरेको बयानलाई अन्यथा हो भनी प्रमाणित गर्न सकेको देखिँदैन। प्रतिवादी पप्पुकुमार ठाकुरले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पनि

मृतकलाई मार्ने प्रयोजनका लागि यी प्रतिवादी महेश पासवानले अवधेश मण्डललाई रू.५०,०००।- दिएको, वारदातको दिन मृतकलाई यी महेशले नै ल्याई चिनाइदिएको तथा उक्त दिन आफू, अवधेश र योगेन्द्र भई हत्या गरेको भनी लेखाएको देखिन्छ । यी प्रमाणहरूको रोहमा विचार गर्दा प्रतिवादी महेश पासवानलाई भएको सजाय पनि नमिलेको नदेखिने ।

अतः धनुषा जिल्ला अदालतबाट अभियोग मागदाबीबमोजिम प्रतिवादी एकलाल भन्ने योगेन्द्र सहनीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने, प्रतिवादीहरू महेश पासवान र पप्पुकुमार ठाकुरलाई ज्यानसम्बन्धीको महलको १३(४) नं बमोजिम जनही जन्मकैद हुने, प्रतिवादीहरू रेणु भण्डारी, जगदिश भण्डारी र बद्रि भण्डारीलाई ऐ. महलको १६ नं. बमोजिम जनही १० वर्ष कैद हुने तथा फरार प्रतिवादीहरू रामदेव भण्डारी र झवरी भन्ने शिव नारायण भण्डारीको हकमा अ.बं. १९० नं. बमोजिम मुल्तबीमा राख्ने गरी मिति २०७१।०३।३१ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।०४।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी एकलाल भन्ने योगेन्द्र सहनीलाई भएको सजायको हकमा सम्म मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) एवं फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा भएको कानूनी प्रावधानबमोजिम सर्वस्वको सजाय नहुने भई जन्म कैदको सजाय कायम हुने ठहर्छ । पुनरावेदक प्रतिवादी एकलाल भन्ने योगेन्द्र सहनीको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शिव बहादुर थापा

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७९ भदौ २८ गते रोज ३ शुभम् ।

## ५२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-WO-००३३, उत्प्रेषणमिश्रित प्रतिषेधसमेत, दिननाथ पन्थ वि. साझा प्रकाशन सहकारी संस्था लिमिटेड, केन्द्रीय कार्यालय, ललितपुरसमेत*

साझा प्रकाशन कार्यालयको रकम चोरी भएको घटनाको छानबिन गर्न समिति गठन भई मिति २०७१/११/१८ मा प्रतिवेदन दिएकोमा सो प्रतिवेदनमा विपक्षीबाट रकम हिनामिना भएको र विभागीय कारबाहीसमेत गर्नु भनी मिति २०७१/११/२७ मा लेखिएको पत्रउपर यिनै निवेदकले पुनरावेदन अदालत पाटनमा रिट निवेदन दायर गरेकोमा उक्त निवेदन खारेज हुने ठहरी मिति २०७२/०३/०९ मा फैसला भइसकेको भन्ने पनि लिखित जवाफबाट देखिएको छ । साझा प्रकाशन सहकारी संस्था लिमिटेडले मिति २०६५/११/३० मा गरेको परिपत्रानुसार सहकारीका शाखा कार्यालयबाट दैनिक बिक्री गरेका सामग्रीबापतको सम्पूर्ण रकम बिक्री भएकै दिन बैंकमा जम्मा गर्नुपर्नेमा निवेदकले मिति २०६९/०१/०१ गतेदेखि मिति २०६९/०१/१० गतेसम्मको रकम बैंकमा जम्मा नगरेकोले सोको छानबिन हुँदा आ.ले.प. प्रतिवेदनसमेतको आधारबाट सो रकम निवेदकबाट असुलउपर गर्नुपर्ने देखिएकाले उक्त पेस्कि रकम असुलको लागि निवेदकलाई पत्राचार गरिएको, निवेदकले उक्त पत्रानुसार तिर्नु बुझाउनुपर्ने रकम समयमा नबुझाएकाले निजलाई मिति २०७२/०५/२० मा सेवाबाटै हटाउने निर्णय पनि भइसकेको र सो निर्णयका उपरमा निवेदकले श्रम अदालतमा ०७३ सालको पु.नं.८८/१९८ मुद्दा दर्ता गरेकोमा उक्त मुद्दा श्रम अदालतको मिति २०७३/१२/०९ को आदेशले मुल्तबीमा रहेकोसमेत देखिएको छ । रकम दाखिला गर्नुपर्ने वा नपर्ने र पत्रबमोजिम रकम दाखिला नगरेको विषयलाई लिएर निजलाई सेवाबाट हटाएको

कानूनसङ्गत रहे नरहेको विषयमा श्रम अदालतबाटै विचार हुन सक्ने विषय पनि रहेको देखिन्छ । श्रम अदालतमा परेको पुनरावेदनबाट निरूपण हुने विषयमा अन्यथा प्रभाव पर्ने गरी प्रस्तुत निवेदनबाट अन्यथा आदेश जारी गर्न पनि मिल्ने नदेखिने ।

यसप्रकार निवेदनमा उल्लिखित घटना चोरीको वारदात भए सो सम्बन्धमा परेको जाहेरीबाट अनुसन्धान भई प्रचलित कानूनबमोजिम टुङ्गो लाग्ने विषय रहेको, विपक्षी कार्यालयबाट रकम असुलीका लागि निवेदकलाई लेखिएको भनिएको पत्र चोरी गराएबापतको रकम दाखिला गर्नका लागि लेखिएको नदेखिई आ. ले. प. प्रतिवेदनको आधारमा देखिएको पेस्की रकम दाखिलाको लागि लेखिएको देखिएको, यसअघि च.नं. ५६० मिति २०७१/११/२७ को पत्रको कार्यान्वयन रोक्न तत्कालीन पुनरावेदन अदालत पाटनमा दायर गरेको निषेधाज्ञाको निवेदन खारेज हुने ठहराई फैसला भइसकेको देखिएको, हाल निजलाई विभागीय कारबाही भई सेवाबाट हटाइसकिएको अवस्था देखिएको, सेवाबाट हटाउने गरी भएको निर्णयउपर श्रम अदालतमा पुनरावेदन परी विचाराधीन रहेको भन्ने पनि देखिएको र निजलाई लेखिएको पत्राचारलगायत सेवाबाट हटाउने गरी भएको निर्णयका सम्बन्धमा श्रम अदालतबाटै पुनरावेदनको रोहमा विचार हुन सक्ने नै हुँदा प्रस्तुत निवेदनबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद सुवेदी

इति संवत् २०७९ साल भदौ २८ गते रोज ३ शुभम् ।

## इजलास नं. ११

### ५३

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-WO-०६४६, उत्प्रेषणसमेत, शारदादेवी क्षेत्री खत्रीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, काठमाडौंसमेत*

मिसिल संलग्न नापी कार्यालय भक्तपुरबाट जिल्ला प्रशासन कार्यालय भक्तपुरको नाममा प्रेषित च.नं. ९२ मिति २०७४।४।१५ को पत्रको प्रतिलिपि अध्ययन हुँदा- कि.नं. १३२७, ११६६, १२०६, ११६८ र १३२५ को कित्ताहरूमा नक्सा अनुसार बाटो प्रयोजन नेपाल सरकार भनी यस कार्यालयमा रहेको नक्सामा कित्ताकाट कायम भएका कित्ताहरू प्लट रजिस्टरमा देखिने साथै चाँगुनारायण न.पा. को च.नं. ११७३ मिति २०७४।३।२७ को सिफारिसमा समेत १० फिट बाटो र कच्ची बाटोको राजस्व तिरेको देखिन आएको भनी सिफारिस रहेको हुँदा उक्त निवेदनको माग दाबी भएको कित्ताहरूमा नक्साअनुसार नेपाल सरकार बाटो प्रयोजनले छुने हुँदा स्रेस्ता उतार, नापी कार्यालयको प्लट रजिस्टर उतार, ब्लु प्रिन्ट यसै पत्रसाथ संलग्न राखी पठाइएको भन्ने बेहोरा रहेको देखियो । त्यसै गरी यस अदालतको मिति २०७८।९।१९ को आदेशबमोजिम प्राप्त नापी कार्यालय भक्तपुरको च.नं. ४०२६ मिति २०७८।१०।५ को ट्रायल चेक गरी पठाइएको बारेको पत्रमा भक्तपुर जिल्ला, दुवाकोट गा.वि.स. वडा नं. ९ख कि.नं. ११६६, १२०६, ११६८ र १३२५ को जग्गा निकासको लागि कायम बाटो कि.नं. ११६७, १२०७, १३२६ को चौडाइ नक्सामा औषत १० फिट र दुवाकोट गा.वि.स. वडा नं. ९ख कि.नं. ११३० को जग्गा नक्सामा गोरेटो बाटोसँग जोडिएको देखिएको भन्ने पाइन्छ । यस्तै चाँगुनारायण नगरपालिका वडा नं. १ को वडा कार्यालयले यी निवेदकहरूको नाम दर्ताको जग्गामा घर नभएको तर कच्ची मोटर बाटो भएको भनी मिति २०७५।३।४ मा च.नं. १७४९ समेतका विभिन्न च.नं. का पत्रबाट मालपोत कार्यालय भक्तपुरको नाममा घर बाटो प्रमाणित सिफारिस गरेको मिसिल संलग्न सिफारिसका प्रतिलिपिहरूबाट देखिन्छ । यसबाट

कानूनद्वारा स्थापित सरकारी निकायमा रहेको स्रेस्ता कागज एवं सो निकायको जवाफलाई प्रत्यर्थीहरूले अन्यथा हो भन्न नसकेकोसमेतबाट बाटोले छोएको जग्गालाई बाटोले नछोएको जग्गाको वर्गमा राखी मुआब्जा निर्धारण समितिले गरेको मुआब्जा निर्धारणबाट रिट निवेदकहरूको सम्पत्तिसम्बन्धी हकमा आघात पर्न सक्ने।

सम्पत्तिसम्बन्धी अधिकार व्यक्तिको नैसर्गिक एवं प्राकृतिक अधिकार हो, जुन अधिकार मौलिक हकको रूपमा संविधानमा लिपिबद्ध गरिएका हुन्छन् र व्यक्तिले सो अधिकार संवैधानिक अधिकारका रूपमा प्राप्त गर्छन, जुन अनतिक्रम्य हुन्छ। यस्तो अधिकारलाई राज्यले समेत आघात र अतिक्रमण गर्न सक्दैन। यदि त्यस्तो मौलिक हकको अतिक्रमण भएमा वा त्यस्तो हकमा आघात परेको छ भने संवैधानिक हकअन्तर्गत उपचार प्राप्त गर्न ऊ स्वतन्त्र रहन्छ। नेपालको संविधानको धारा २५ ले नागरिकको सम्पत्तिको अधिकारको संरक्षण प्रदान गरेको छ। सार्वजनिक हितको लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन भनी धारा २५ को उपधारा (२) ले सुनिश्चितता प्रदान गरेको छ भने त्यसरी जग्गा प्राप्ति वा अधिग्रहण गर्दासमेत उचित क्षतिपूर्ति र उचित प्रक्रियालाई अनुशरण गर्नुपर्ने नै हुन्छ। जग्गा प्राप्ति ऐन, २०३४ ले पनि उचित मुआब्जा पाउने कुरामा सुनिश्चितता प्रदान गरेको परिप्रेक्ष्यमा आफैँले निर्धारण गरेको तीन प्रकारका जग्गामध्येमा बाटोले छोएको जग्गालाई बाटोले नछोएको वर्गमा राखी कम मूल्याङ्कन निर्धारण गरेको देखिन्छ। प्रत्यर्थीहरूको लिखित जवाफबाट समेत उक्त जग्गाहरूलाई बाटोले छोएको छैन भन्ने जिकिर रहेको पाइँदैन। यस्तो अवस्थामा बाटोले छोएको जग्गालाई बाटोले नछोएको समूहमा राखी कम मूल्याङ्कन दिने निर्णय स्वाभाविक, स्वीकारयोग्य र विवेकसम्मतसमेत नदेखिने।

अतः रिट निवेदकहरूको नामको जग्गा दर्ता स्रेस्ता कायम रही आएको उपर्युक्तानुसारको कित्ता नम्बरका जग्गाहरूमा बाटोले छोएको पुष्टि भएकोमा बाटोले नछोएको भनी कम मूल्याङ्कन रकम मुआब्जा पाउने गरी मुआब्जा निर्धारण समितिको मिति २०७३।२।२ को निर्णयबाट रिट निवेदकको सम्पत्तिसम्बन्धीलगायतका संवैधानिक हक, अधिकारमा आघात पर्न गएकोले सो हदसम्म उत्प्रेषणको आदेशद्वारा सो निर्णय बदर गरिदिएको छ। अब उक्त विवादित कित्ता नम्बरका जग्गाहरूलाई छोएका बाटोको प्रकृति हेरी कच्ची मोटर बाटो वा गोरेटो बाटोमध्ये कुन बाटोले छुने हो स्थलगत रूपमा बुझी विचार गरी सोहीबमोजिम मुआब्जा निर्धारण गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : गम्भीर घिमिरे

कम्प्युटर: समी नेपाली

इति संवत् २०७९ साल असार २० गते रोज २ शुभम्।

**५४**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WH-०२५६, बन्दीप्रत्यक्षीकरण, सुनिता खाती वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ मा अन्तरनिहित तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएको वा नभएकोतर्फ विवेकपूर्ण र संवेदनशील भई गडाउका साथ हेरिनुपर्नेमा सो नहेरिएको, आफू निर्दोष रहेको, बढी गडाउ प्रमाण भएको केही प्रतिवादीलाई सामान्य धरौट माग गरी तारेखमा राखिएको, निवेदकलाई थुनामा राख्ने गरी आदेश भई निवेदकउपर असमान व्यवहार भएको भन्ने निवेदकको जिकिर रहेको देखिन्छ। यी निवेदकउपर दायर भएको उक्त मुद्दामा अभियोग दाबीबमोजिमको

कसुर ठहर भएमा निवेदकलाई मुलुकी अपराध संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवानाको सजाय हुनसक्ने देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) र ऐ. को उपदफा (२) को खण्ड (क) बमोजिम यी निवेदकलाई थुनामा राख्ने गरी आदेश भएको र सो आदेशउपर एक तह पुनरावेदन सुन्ने उच्च अदालत पाटनमा निवेदन परी उक्त अदालतबाट सुरू आदेश सदर भएको पाइन्छ । यसरी हेर्दा साधिकार अदालतको आदेशले मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको देखिँदा यसलाई गैरकानूनी थुना भन्न र निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने ।

तसर्थ, मुद्दामा पेस भएका प्रमाणको दृष्टिले तुलनात्मकरूपमा संलग्नताको अवस्था बढी देखिएको अवस्थाका प्रतिवादीहरूबाट धरौट जमानत लिने गरी आदेश भएको देखिएको, यसै मुद्दाका अन्य प्रतिवादीहरू सन्तोष नराल र चन्द्रभक्त श्रेष्ठको हकमा यस अदालतबाट भएको मिति २०७९।३।७ को आदेशबमोजिम पुनः थुनछेकको आदेश भई धरौटीमा छुटिसकेको अवस्था देखिँदा न्यायिक कारबाहीमा समानताको व्यवहार सुनिश्चित हुनुपर्ने मान्यतास्वरूप यी निवेदकलाई पुर्पक्षका लागि थुनामा राख्ने सम्बन्धमा भएको आदेशउपर पुनर्विचार गर्नु न्यायका लागि आवश्यक देखिन आयो । अतः निवेदक सुनिता खातीको सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७८।१२।१ को आदेश तथा उच्च अदालत पाटनबाट मिति २०७९।१।२२ मा भएको आदेशसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब रिट निवेदक सुनिता खातीको हकमा ७ (सात) दिनभित्र आवश्यक प्रक्रिया पूरा गरी पुनः कानूनबमोजिम थुनछेकको आदेश गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतको नाममा परमादेशको जारी हुने ।

इजलास अधिकृत : गम्भीर घिमिरे

इति संवत् २०७९ साल असार २० गते रोज २ शुभम् ।

## ५५

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०६४९, ०७४-CR-०९६८, कर्तव्य ज्यान, नेपाल सरकार वि. उदय सिंह साउदसमेत, नृपबहादुर साउदसमेत वि. नेपाल सरकार*

मिसिल संलग्न किटानी जाहेरी, प्रतिवादीको बयान, घटनाका प्रत्यक्षदर्शी नन्दसिंह बडौलासमेतको मौकाको कागज बेहोरा र अदालतसमक्षको बकपत्र, मृतकको मृत्यु Blunt force head injury भन्ने भएको शव परीक्षण प्रतिवेदनसमेतबाट मृतक करनसिंह बडौलाको मृत्यु प्रतिवादी नृपबहादुर साउदले भिरबाट खसाली निजको कर्तव्यबाट भएको पुष्टि भएकोले निजलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू डोटी जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष सजाय हुने राय व्यक्ति भएको उच्च अदालत दिपायलको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी नृपबहादुर साउदको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी नृपबहादुर साउदलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने तथा प्रतिवादीहरू उदयसिंह साउद, करन भन्ने कर्णबहादुर साउद र नरू भन्ने नरबहादुर साउदले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको सुरू डोटी जिल्ला अदालतको मिति २०७३।३।१४ को फैसला सदर हुने ठहर्‍याई उच्च अदालत दिपायलबाट मिति २०७४।२।८ मा भएको

फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी नृपबहादुर साउदको हकमा, निजको उमेर १८ वर्षको देखिएको, मेलामा गएर फर्कँदा घटेको वारदातको प्रकृति, प्रतिवादीले मृतकलाई मार्छु भनी कुनै योजना नबनाएको, मार्ने मनसायसमेत नराखेको स्थिति एवं झगडा हुँदा एक आपसमा धक्का लागी सिर्जना भएको असहज परिस्थितिमा हात हालाहाल तानातान भई प्रतिवादीसमेत भिरबाट खसी घाइते भएको अवस्थासमेतलाई मध्येनजर राखी प्रतिवादीलाई परिवर्तित कानूनबमोजिम हाल सर्वस्व गर्नु नपर्ने हुँदा तथा जन्मकैद गर्दा चर्कोपर्ने देखी १० (दश) वर्ष कैदको सजाय गर्दा पनि कानून र न्यायको मकसद पूरा हुने देखिई प्रतिवादीलाई १० (दश) वर्ष सजाय हुन मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम व्यक्त भएको रायसमेत फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) को कानूनी व्यवस्थाअनुकूल देखिँदा सदर हुने।

इजलास अधिकृत: हेमराज तिमिल्सैना/शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल जेठ ९ गते रोज २ शुभम्।

**५६**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१२५३, ०७५-CR-१४७६, कर्तव्य ज्यान, मनोज राउत वि. नेपाल सरकार, नेपाल सरकार वि. गड्डुलध्वज राउतसमेत*

मौकामा कागज गर्ने मृतकका दाजु चित्रबहादुर थापाले अदालतमा घटना वारदात भएको राति अन्दाजी ९:०० बजेको समयमा प्रतिवादी मनोज राउतले मलाई फोन गरी तेरो भाइलाई मैले फेला पारेँ, तेरो भाइलाई यही पिस पिस पार्छु, नमारी छाड्दिन भनेको हो भनी गरेको बकपत्र कागज तथा निज प्रतिवादी मनोज राउतले आफ्नो बहिनीज्वाइँ भुपेन्द्र थापाले बहुविवाह गरेको विषयलाई लिई भुपेन्द्र थापासँग झैझगडा वादविवाद भई मृतकको संवेदनशील अंगहरूमा समेत कुटपिट गरी सख्त घाइते बनाएको र सोही कुटपिटको कारण ब्लुक्रस अस्पताल, काठमाडौंमा उपचारको क्रममा भुपेन्द्र थापाको मृत्यु भएको भन्ने तथ्यलाई स्थापित हुने गरी प्रतिवादीहरू गड्डुलध्वज राउत, खम्बबहादुर राउत र दिर्गबहादुर खत्रीले मौकामा तथा अदालतमा गरेको बयानबाट खुल्न आएको देखिन्छ । साथै यी पुनरावेदक/प्रतिवादी मनोज राउत स्वयम्ले ज्वाइँ भुपेन्द्र थापाले दोस्रो विवाह गरेको निहुँमा घटना वारदातस्थलमा वादविवाद भनाभन भएको तथ्यलाई मौकामा तथा अदालतमा गरेको बयानमा खुलाइदिएको र घटना वारदातस्थलमा घटनाको समयमा उपस्थित रहेका अन्य प्रतिवादीहरूको भनाइ बेहोराबाट मृतकसँग झगडा विवाद गर्ने व्यक्तिमा निज प्रतिवादीको नाम नै उल्लेख भएकोसमेत देखिने।

मृतक भुपेन्द्र थापाको मृत्यु शरीरमा लागेको चोटबाट नै भएको हो भनी यकिनसाथ चिकित्सकको राय आएको नभए तापनि शरीरको बाहिरी भागमा चोटपटक लागेको देखिएको र अस्पतालमा उपचार हुँदाहुँदैको समयमा मृतकको मृत्यु भएको जस्ता मिसिल संलग्न परिस्थितिजन्य र सम्बद्ध प्रमाणहरूसमेतबाट प्रतिवादी मनोज राउतले आफ्नो बहिनीज्वाइँ भुपेन्द्र थापाले अर्को विवाह गरेको विषयमा ज्वाइँसँग झगडा विवाद हुँदा कुटपिट गरी सख्त घाइते बनाएको र सोही चोटको उपचारको क्रममा भुपेन्द्र थापाको मृत्यु भएको तथ्य पुष्टि हुन आएको देखिन्छ । यस स्थितिमा सुरू ओखलढुंगा जिल्ला अदालतले मुलुकी ऐन,ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरेको फैसला सदर गरी उच्च अदालत बिराटनगर, अस्थायी इजलास ओखलढुंगाले निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी व्यक्त भएको राय मनासिब नै रहेको देखिँदा सुरू अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी मनोज राउतको पुनरावेदन जिकिरसँग सहमत हुन

नसकिने।

तसर्थ, प्रतिवादीहरू कमलबहादुर राउत, भगमाया राउत र रूद्रकुमारी थापाले अभियोग माग दाबीबाट सफाइ पाउने गरी तथा प्रतिवादीहरू गडुलध्वज राउत, खम्बबहादुर राउत र दिर्गबहादुर खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) बमोजिम जनही ६ (छ) महिना कैद सजाय हुने र प्रतिवादी मनोज राउतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई भएको सुरू ओखलढुंगा जिल्ला अदालतको मिति २०७४।२।१७ को फैसलालाई सदर गर्ने गरी ठहऱ्याएको उच्च अदालत बिराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। कानूनमा आएको परिवर्तनको कारण सर्वश्व नहुने भएकोले जन्मकैदको हकमा सम्म सदर हुने।

इजलास अधिकृत (उपसचिव): भीमप्रसाद सुवेदी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७९ साल जेठ ९ गते रोज २ शुभम्।

**५७**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७६-WO-१०७०, उत्प्रेषणसमेत, प्रा. गिताकुमारी पाण्डे वि. श्रम तथा रोजगार कार्यालय, भन्सारमार्ग, काठमाडौंसमेत*

सर्वोच्च अदालतबाट ०७०-WO-०६९० को रिट निवेदनमा भएको फैसला मुद्दाको विषयवस्तु (Merit) मा प्रवेश गरी अन्तिम भइसकेको अवस्था देखिँदैन । उक्त फैसला केवल निवेदकले श्रम अदालतमा दिएको पुनरावेदनमा श्रम अदालतले गरेको पुनरावेदन खारेजीको निर्णय कानूनसङ्गत थियो वा थिएन ? भन्नेसम्मको प्रश्नमा विचार भई कानूनसङ्गत रहेको नदेखिएको निष्कर्षमा पुगी श्रम अदालतको निर्णयलाई बदर गरी पुनः निर्णय गर्नु भनी आदेश जारी भएको देखिन्छ। यो स्थितिलाई हेर्दा श्रम अदालतले खारेज गरेको पुनरावेदनमा पुन: निर्णय गर्नुपर्ने र यसका लागि निवेदक र विपक्षी दुवै पक्ष पुन: तारेखमा रहनुपर्ने अवस्था देखिएको छ । सोही फैसलामा पक्षहरूलाई तारिख तोकी श्रम अदालतमा हाजिर हुन पठाइदिनु भनी उल्लेख भएको पनि देखिन्छ । सोबमोजिम निवेदकसमेत श्रम अदालतमा तारिखमा रहन गएको पनि देखिन्छ। सर्वोच्च अदालतको आदेशपछि पनि यी निवेदकले श्रम अदालतमा दिएको पुनरावेदन दर्ता भई पुनरावेदनमा पुन: कारबाही प्रारम्भ भएकोसमेत देखिन्छ । तर सोबमोजिम पुनरावेदन कारबाहीमा रहेकै बखत मिति २०७६/०७/२१ मा निवेदकले उक्त पुनरावेदन श्रम अदालतबाट फिर्ता लिएको अवस्था देखिन्छ। यसरी श्रम कार्यालयको जुन निर्णयलाई चुनौती दिई पुनरावेदन गरेको हो, सो पुनरावेदनको सम्बन्धमा श्रम अदालतमा कारबाहीयुक्त रहेकै अवस्थामा निवेदक स्वयम्ले उक्त पुनरावेदन फिर्ता लिएको देखिन्छ भने जुन निर्णयउपरको पुनरावेदन फिर्ता लिएको हो सो निर्णय मान्य रहेको मानिने स्वाभाविक न्यायिक प्रक्रियाको मान्यताभित्रको कुरा हो । यसको अर्थ श्रम कार्यालयको जुन निर्णयउपर पुनरावेदन परेको हो, सो पुनरावेदन नै फिर्ता लिएपछि श्रम कार्यालयको निर्णय स्वाभाविक रूपमा मान्य अवस्थामा रहने।

सर्वोच्च अदालतको मिति २०७५/०५/३१ को फैसलाले श्रम तथा रोजगार कार्यालयको मिति २०७०/०१/१९ को निर्णयलाई बदर गरेको नदेखिई श्रम अदालतमा निवेदकले दायर गरेको पुनरावेदनमा भएको निर्णयसम्म बदर भएको देखियो। यो स्थितिमा श्रम तथा रोजगार कार्यालयबाट भएको निर्णयको मान्यतामा कुनै प्रतिकूल असर परेको नदेखिएको र उक्त निर्णयले अन्तिम रूप प्राप्त गरेकोसमेत देखिएको अवस्थामा आफ्नो निर्णय कार्यान्वयनका लागि पत्राचार हुनुलाई अस्वाभाविक र कानूनविपरीतसमेत देखिन आएन । आफ्नो निर्णय आफूभन्दा माथिल्लो निकायबाट पुनरावेदन वा अन्य कुनै तवरबाट अन्यथा

नभएको स्थितिमा त्यस्तो निर्णय कानूनबमोजिम कार्यान्वयन गर्नु, गराउनुपर्ने उक्त संस्थाको कानूनी दायित्व नै देखिँदा सो निर्णय कार्यान्वयनको लागि लेखिएका पत्रलगायतका सम्पूर्ण कामकारबाहीहरूलाई कानूनविपरीतको काम कारबाही भनी भन्न मिल्ने नदेखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- मुकुन्द निरौला/ईश्वरीप्रसाद सुवेदी

इति संवत् २०७९ साल असार १५ गते रोज ४ शुभम्।

## ५८

**मा.न्या.श्री बमकुमार श्रेष्ठ, मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WH-०२११, बन्दीप्रत्यक्षीकरण, दिनेश लामा वि. जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकसमेत*

निवेदक रमेश लामालाई मिति २०७९।०१।२७ गते रातको १२:३० बजेको समयमा इलाका प्रहरी कार्यालय, बाह्रबिसेका प्रहरी निरीक्षक मुकेश न्यौपाने र जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकका प्रहरी प्रमुख एस.पी. रामेश्वर यादवसहित १०/१२ जनाको प्रहरी टोली बिनासूचना, हतियारसहित, हुलहुज्जत गरी निज रमेश लामाको घरमा प्रवेश गरी बिनाआधार कारण पक्राउ पुर्जीसमेत नदिई गैरकानूनी रूपमा पक्राउ गरी थुनामा राखेको हुँदा निजलाई थुनामुक्त गरिपाउँ भनी निवेदकका तर्फबाट प्रस्तुत निवेदन पर्न आएको देखिन्छ। विपक्षी कार्यालयको तर्फबाट प्राप्त लिखित जबाफ बेहोरा हेर्दा रमेश लामालाई बिनापक्राउ अनुमति तथा बिनापक्राउ पुर्जी पक्राउ गर्ने, थुनामा राख्ने तथा धाक धम्की दिनेलगायतका कुनै पनि क्रियाकलाप नभएकोले रिट निवेदन झुट्टा र भ्रमपूर्ण रहेको भनी उल्लेख गरेको पाइने।

बन्दीप्रत्यक्षीकरणको रिटको उद्देश्य बन्दीको थुनाको वैधता परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गर्नु रहेको हुन्छ। कसैले कुनै व्यक्तिलाई कानूनबमोजिम बाहेक बदनियतपूर्वक थुनामा राखेको, कानूनबमोजिमको प्रक्रिया अवलम्बन नगरी थुनामा राखिएको वा थुनामा राख्ने आदेश दिन पाउने अधिकारीको आदेशले बाहेक अनाधिकार अधिकारीको आदेशले थुनामा रहेको देखिन्छ भने त्यस्तो आदेश र थुना गैरकानूनी हुने देखिन्छ। त्यसैले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनको लागि कुनै व्यक्तिलाई थुनामा राखिएको देखिनु मात्र पर्याप्त नहुने भई त्यस्तो थुना गैरकानूनी पनि देखिनुपर्ने हुन्छ। प्रस्तुत निवेदनका सन्दर्भमा यो स्थितिलाई हेर्दा निज निवेदकलाई थुनामा नै नराखिएको भन्ने विपक्षीहरूको लिखित जबाफ बेहोरा रहेको देखिन्छ। विपक्षीहरूको उक्त बेहोराको लिखित जबाफ झुट्टा हो भन्ने किसिमबाट निवेदकका तर्फबाट कुनै थप जिकिर वा प्रमाण पेस हुन आएको देखिँदैन। जब निवेदकलाई थुनामा राखिएको भन्ने बेहोरा नै प्रमाणित हुन आएको देखिँदैन भने निजलाई राखिएको थुना कानूनी वा गैरकानूनी के रहेको छ भनी थुनाको वैधताको परीक्षण हुने अवस्था पनि नआउने।

तसर्थ, विपक्षी कार्यालयबाट कुनै गैरकानूनी काम कारबाही नभएको, निवेदक रमेश लामालाई पक्राउ गरी थुनामा राख्ने कार्य नै नभएको तथा निवेदकको संविधान तथा कानूनप्रदत्त हक हनन भएकोसमेत नदेखिएको अवस्थामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था नरहने।

इजलास अधिकृत: मञ्जु शर्मा

कम्प्युटर: समी नेपाली

इति संवत् २०७९ साल जेठ २४ गते रोज ३ शुभम्।

## ५९

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-WO-०५७८, उत्प्रेषणसमेत, लम्बोदर न्यौपानेसमेत वि. श्रम अदालत, काठमाडौंसमेत*

नेपाल इन्जिनियरिङ कलेजमा अध्ययनरत

छात्रछात्रालाई इलाम भ्रमणमा लगिएकोमा ती छात्रछात्राहरूको रेखदेख, सुपरिवेक्षण र सहजीकरणका लागि शिक्षक विपक्षीमध्येका कृष्णभक्त दुवाललाई पठाइएकोमा निजले अनुमतिबिना विद्यार्थीहरूलाई भारतको सिक्किम लगेकोसमेतका आचरण तथा अनुशासन विपरीतको कार्य गरेको भनी निजलाई सेवाबाट हटाउने गरी निर्णय भएकोमा विवाद रहेको देखिँदैन । प्रस्तुत रिट निवेदनको सन्दर्भमा निरूपण गर्नुपर्ने मुख्य विषयको रूपमा त्यसरी सेवाबाट हटाउने गरी भएको निर्णयउपर श्रम अदालतलाई पुनरावेदन सुन्ने अधिकारक्षेत्र रहेको देखिन्छ वा देखिँदैन भन्ने रहेको देखिन्छ । रिट निवेदकको भनाइमा त्यस्तो निर्णयउपर कलेजकै सञ्चालक समितिलाई पुनरावेदन हेर्ने अधिकार रहेको भन्ने जिकिर रहेको देखिन्छ भने विपक्षी शिक्षक कृष्णभक्त दुवालले श्रम अदालतमा पुनरावेदन गरेको देखिन्छ । यस सम्बन्धमा नेपाल इन्जिनियरिङ कलेजको कर्मचारी सेवा नियमावली-२०५२ (संशोधित २०६५) को नियम ३४ज को उपनियम (१) मा भएको व्यवस्था हेर्दा "विभागीय सजाय पाएको शिक्षक/कर्मचारीले आफूलाई दिएको सजायमा चित्त नबुझी पुनरावेदन गर्न चाहेमा त्यस्तो विभागीय सजाय भएको मितिले ३५ दिनभित्र सञ्चालक समितिसमक्ष पुनरावेदन गर्न सक्ने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । उल्लिखित नियमावलीमा भएको यो व्यवस्थालाई आधार मान्दा कलेजको कुनै शिक्षक वा कर्मचारीलाई भएको विभागीय सजायउपरको पुनरावेदन हेर्ने अधिकारक्षेत्र सोही कलेजको सञ्चालक समितिलाई रहेको देखिने ।

कुनै पनि शिक्षक कर्मचारीले आफूले अध्यापन गर्ने संस्थाको कर्मचारीसम्बन्धी नियमावली उक्त संस्थासँगको सेवाका सम्बन्धमा गरेको अप्रत्यक्ष सम्झौता मान्नुपर्ने हुन्छ । सम्बन्धित संस्थाको सेवामा प्रवेश गर्दा उक्त संस्थाको नियमावलीमा भएका व्यवस्थाहरू अथवा त्यस्तो संस्थाले प्रदान गर्ने सेवाका सर्तहरू हेरेर नै त्यस्तो संस्थाको सेवामा प्रवेश गर्ने वा नगर्ने निर्णय सम्बन्धित कर्मचारी वा शिक्षकले गरेको मानिन्छ । कलेजको उक्त कर्मचारी नियमावलीको व्यवस्था बदर गरिपाउँ भन्ने किसिमको कुनै दाबी रहेको अवस्था देखिँदैन । उक्त नियमावलीको व्यवस्था बदर भएको अवस्था पनि देखिँदैन । कलेजको शिक्षक कर्मचारीहरूको सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावलीमा स्पष्टत: विभागीय कारबाहीको निर्णयउपर पुनरावेदन सुन्ने अधिकारक्षेत्र सोही कलेजको सञ्चालक समितिलाई रहने गरी व्यवस्था भएको देखिएकोमा सञ्चालक समितिबाहेकको अन्य निकायमा पुनरावेदन लाग्ने भन्न र त्यसरी उनाउ निकायबाट पुनरावेदन सुनी भएको निर्णयलाई क्षेत्राधिकारयुक्त मान्न मिल्ने नदेखिने ।

अतः विपक्षी कृष्णभक्त दुवाललाई नेपाल इन्जिनियरिङ कलेजको सेवाबाट हटाउने गरी भएको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार नेपाल इन्जिनियरिङ कलेजको कर्मचारी सेवा नियमावली-२०५२ (संशोधित २०६५) को नियम ३४ज को उपनियम (१) बमोजिम सञ्चालक समितिलाई रहेको देखिएकोमा श्रम अदालतले पुनरावेदन सुनी निर्णय गरेको काम कारबाही क्षेत्राधिकारविहीन रहेको देखिँदा श्रम अदालतबाट मिति २०७२।९।३० मा भएको फैसला उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा

इति संवत् २०७९ साल असार १५ गते रोज ४ शुभम् ।

**६०**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WH-०२३९, बन्दीप्रत्यक्षीकरण, राजेन्द्र विश्वकर्मा वि. उच्च अदालत पाटनसमेत*

समाह्वान जारी गरिएको व्यक्ति अन्यत्र बसोबास गरेको स्थितिलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(६) ले सम्बोधन गरेको देखिन्छ । जसअनुसार समाह्वान जारी गरिएको व्यक्तिको

समाह्वानमा उल्लिखित ठेगानामा बसोबास नभएको भन्ने कुरा स्थानीय तहको सम्बन्धित वडा समितिको कम्तीमा एक जना सदस्य र कम्तीमा दुई जना स्थानीय व्यक्तिहरूले प्रमाणित गरेमा निजको बसोबास भएको ठेगाना खुल्न सक्ने भए खुलाइ र खुल्न नसक्ने भए सोही बेहोरा जनाई समाह्वान अदालतमा फिर्ता बुझाइदिनुपर्छ भनी उल्लेख भएको देखिन्छ। यी निवेदकका नाममा समाह्वान तामेल गर्न जाँदा यस किसिमबाट निजको बसोबास उल्लिखित वतनमा नरहेको भनी कसैले भनेको वा प्रमाणित गरिदिएको अवस्था देखिँदैन। अरू त अरू यी निवेदक नामको समाह्वान बुझिलिने स्वयम् यी निवेदकका आमाले पनि सो बेहोरा लेखाएको देखिँदैन। यी निवेदकले नै पनि प्रस्तुत निवेदनमा आफू समाह्वानमा उल्लिखित ठेगानाबाट बसाइँसराइ गरिसकेको भनी भन्न र सो कुराको प्रमाण पेस गर्न सकेको देखिँदैन। केवल काठमाडौंमा बसोबास गरिआएको भन्ने मात्र बेहोराले मात्र कानूनबमोजिम तामेल भएको समाह्वानलाई बेरितको मान्न सकिने अवस्था देखिएन। यदि निजले निवेदनमा जिकिर लिएजस्तै फलाना ठाउँमा बसोबास गर्ने गरेको छु भन्ने भनाइ र व्यक्तिगत रूपमा कसैले लेखिदिएको कागज बेहोरालाई मात्र आधार बनाएर एकाघरका परिवारका सदस्यले बुझिलिएको समाह्वानलाई पनि बेरितको मान्ने हो भने यो अभ्यासको दुरूपयोग हुने मात्र नभई माथि उल्लिखित प्रचलित कानूनी व्यवस्थाको पनि विपरीत हुन जाने।

तसर्थ, प्रतिवादीका नाउँमा कानूनबमोजिम रीतपूर्वक म्याद तामेल गरी तथ्य, कानून र प्रमाणको उचित मूल्याङ्कन गरी उच्च अदालत पाटनबाट भएको फैसला र उक्त फैसलाबाट निवेदकलाई लागेको कैद तथा जरिवानाको सजाय असुलउपर गर्नको लागि प्रत्यर्थी निकायबाट भएको काम कारबाही कानूनसम्मत देखिँदा अन्यथा भन्न मिल्ने देखिएन। प्रतिवादीको कार्य कसुर कायम भई उक्त अधिकार प्राप्त अदालतको फैसला कार्यान्वयनको सिलसिलामा नै पक्राउ गरी थुनामा राख्ने कार्य भएको देखिएबाट निवेदकको संविधान तथा कानूनप्रदत्त हक हनन भएको मान्न मिल्ने नदेखिई निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था रहेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर: समी नेपाली

इति संवत् २०७९ साल असार ९ गते रोज ६ शुभम्।

### ६१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-WO-१०४९, उत्प्रेषणसमेत, सोहिन शाक्य वि. श्रम अदालत, काठमाडौंसमेत*

श्रम ऐन, २०४८ को दफा ५५ (१) (ख) अनुसार श्रम ऐनको प्रतिकूल हुने गरी कामदार कर्मचारीको कटौती गरेमा व्यवस्थापक वा प्रबन्धकले खराब आचरण गरेको मानिने गरी व्यवस्था भएको देखिन्छ। यस्तो खराब आचरण गर्ने व्यवस्थापकलाई सोही ऐनको दफा ५५(२) बमोजिम श्रम कार्यालयले रू १०,०००।... सम्म जरिवाना गरी कटौतीमा परेको कर्मचारीलाई बहाली गर्न गराउन आदेश दिन सक्ने व्यवस्था पनि रहेको देखिन्छ। यसरी खराब आचरण गर्ने व्यवस्थापकलाई जरिवाना गर्ने र कटौतीमा परेको कर्मचारीलाई पुनर्बहाली गर्न आदेश दिने अधिकार दफा ५५(२) बमोजिम श्रम कार्यालयलाई रहेको देखिएकोमा सोही श्रम ऐनको दफा ६०(ग) मा यस परिच्छेदअन्तर्गत व्यवस्थापकले गरेको सजाय वा आदेशउपर श्रम अदालतमा पुनरावेदन लाग्न सक्ने गरी व्यवस्था भएको देखिन्छ। निवेदिकालाई निजको कुनै खराब आचरणबापतमा सजाय दिइएको अवस्था प्रस्तुत मुद्दामा देखिँदैन तर दरबन्दी कटौतीमा परेको भनी अवकाश दिएको र यस्तो अवकाश दफा १२ को कानूनी व्यवस्थाविपरीत दिएको देखिएकोमा उक्त अवकाश दिने कार्यलाई व्यवस्थापकको आदेशको

रूपमा मान्नुपर्ने देखिन्छ । श्रम ऐन, २०४८ को दफा ५५(१)(ख) विपरीत खराब आचरण प्रदर्शित हुने गरी व्यवस्थापकले अवकाशको आदेश दिएको र व्यवस्थापकले दिएको आदेशउपर सोही ऐनको दफा ६०(ग) बमोजिम श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएकोतर्फ श्रम अदालतबाट विवेचना भएको देखिँदैन । सामान्यतया कानूनको व्याख्या गर्दा कसैलाई कुनै अधिकार प्राप्त छ भने त्यस्तो अधिकारमा आघात पुगेको अवस्थामा उपचारको पनि व्यवस्था रहेको छ भन्ने दृष्टिकोणबाट कानूनको व्याख्या हुनु जरूरी हुन्छ । स्पष्टत: कानूनले नै अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक कानूनको व्याख्या गर्दा कानूनी उपचार प्राप्त भएको र नभएको किसिमको द्विविधा उत्पन्न हुने स्थिति रहेछ भने कानूनी उपचार प्राप्त भएको पक्षमा व्याख्या गर्नुपर्ने सामान्य नियम पनि हो । त्यसैले श्रम अदालतमा पुनरावेदन लाग्न नसक्ने भनी श्रम अदालतबाट निवेदिकाको पुनरावेदन खारेज गर्ने निर्णय पनि मिलेको नदेखिने ।

कुनै अधिकारीले कानूनले दिएको अख्तियारीभन्दा बाहिर गई निर्णय गरेको वा अख्तियारीभित्रै रहेर निर्णय गरेको भए पनि त्यस्तो अख्तियारीको प्रयोग कानूनविपरीत गरेको अवस्थामा त्यस्तो निर्णय बदर गर्न उत्प्रेषणको रिट जारी हुने सैद्धान्तिक मान्यता रहेको देखिन्छ । यो सैद्धान्तिक मान्यताको सन्दर्भमा प्रस्तुत निवेदनको सन्दर्भलाई हेर्दा कलेजका व्यवस्थापकले गरेको अवकाशको आदेशउपर परेको पुनरावेदनमा क्षेत्राधिकारको अभाव देखाई श्रम अदालतबाट हेर्न इन्कार गरिएको निर्णय श्रम ऐन, २०४८ को दफा ६०(ग) को विपरीत रहेको देखिएको विषयमा माथिको प्रकरणमा उल्लेख गरी सकिएको छ । विपक्षीहरूको लिखित जवाफमा उल्लेख भएबमोजिम श्रम अदालतलाई प्रस्तुत विषयको विवाद हेर्ने क्षेत्राधिकार नरहेकै मान्दा पनि निवेदिकाले प्रस्तुत निवेदनमार्फत यस अदालतमा रिट क्षेत्राधिकारअन्तर्गत प्रवेश गरी कानूनी उपचारको माग गरेको देखिएको हुँदा विपक्षी कलेजको आदेश कानूनविपरीतको रहेको देखिन्छ भने यस अदालतले कानूनी उपचार प्रदान गर्नबाट इन्कार गर्नुपर्ने अवस्था रहेको देखिँदैन र विपक्षी कलेजको आदेश कानूनविपरीत रहेको सन्दर्भमा माथिका प्रकरणहरूमा विवेचना भइसकेको छ । यसरी विपक्षी कलेजका व्यवस्थापकले निवेदिकालाई सेवाबाट अवकाश दिने गरी मिति २०७१।११।२८ मा गरेको आदेश कानूनविपरीत रहेको देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निज निवेदिकालाई सेवाबाट अवकाश भएकै मितिदेखि लागु हुने गरी निजले पाइआएको पारिश्रमिक र सुविधासहित सेवामा पुनर्स्थापना गर्नु गराउनु भनी विपक्षी नेपाल इन्जिनियरिङ्ग कलेजका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत:- श्रेया पौडेल

इति संवत् २०७९ साल असार १५ गते रोज ४ शुभम् ।

## ६२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७१-CR-१४३८, ठगी तथा सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. थपिया भन्ने नुरमहम्मद साह मियाँसमेत*

अभियोग माग दाबीबमोजिमको ठगी र सरकारी कागज किर्तेको कसुर कायम भएको अवस्थामा प्रतिवादीहरूमध्ये को कसको के कस्तो संलग्नता रहेको देखिन्छ भन्ने सम्बन्धमा विवेचना गरौँ । खास गरेर पुनरावेदन अदालत विराटनगरको फैसलाबाट कसुरदार ठहर भएका प्रतिवादीमध्येका ज्ञानु भन्ने ज्ञानेन्द्र भट्टराईको तर्फबाट पुनरावेदन पर्न आएको देखिँदा सर्वप्रथम निजको पुनरावेदन जिकिर सम्बन्धमा विचार गरौँ । निज प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको र नुर महमद मियाँसँग चिनजान पनि नभएको भनी उल्लेख गरेको देखिन्छ । तर निज प्रतिवादीको अदालतमा

भएकै बयानमा म राजनीति गर्ने व्यक्ति भएकोले प्रहरी प्रशासनमा जाँदा तपाइँहरूको जनताप्रति गर्ने व्यवहार राम्रो भएन भनी भनेका थिए भन्दै सोही कारणले मउपर नकारात्मक धारणा बनाई फसाउन पोल गरेको भनी उल्लेख गरेको देखिन्छ । निजको यस किसिमको भनाइ बेहोरा स्वयम्मा विरोधाभासपूर्ण रहेको देखिन्छ । कसुरदार ठहर भएका प्रतिवादी नुर महमद मियाँले मौकामा बयान गर्दा ज्ञानु भट्टराईसमेत भई नक्कली जग्गाधनी प्रमाण पुर्जा तयार गरेका हौँ भन्दै ज्ञानु भट्टराईसमेत भई सल्लाह गरी महमद मजिद आलमबाट बैना लिएकोसमेतको बेहोरा लेखाएको देखिन्छ । नक्कली रोजिना श्रेष्ठ बनिदिएबापत शान्ता राईलाई रू.२०,०००।- दिएको भन्ने बेहोरा पनि लेखाएको पाइन्छ । कसुरदार ठहर भएका अर्का प्रतिवादी शान्ता राईले पनि मौकामा बयान गर्दा ज्ञानु भट्टराई र नुर महमद मियाँको सल्लाहमा विवादित जग्गाहरू आफूले रोजिना श्रेष्ठ बनी पास गरिदिएकी हुँ भन्दै सो कार्य गराउनेमा ज्ञानु भट्टराई र नुर महमद मियाँ मुख्य व्यक्ति हुन् भनी लेखाएको पाइन्छ । प्रतिवादी शान्ता राईले अदालतमा बयान गर्दा पनि प्रतिवादीमध्येका यी ज्ञानु भट्टराईलाई चिन्दछु भन्दै अनुसन्धान अधिकारीसमक्षको आफ्नो बयान बेहोरा ठिक छ भनी लेखाएको पाइन्छ । प्रतिवादीमध्येका नुर महमद मियाँ र शान्ता राईले पुनरावेदन अदालतबाट आफूहरूलाई कसुरदार ठहराई भएको फैसलाउपर चित्त बुझाई पुनरावेदनसमेत नगरी बसेको अवस्था देखिएको छ । यो स्थितिमा अभियोग दाबीबमोजिमको कसुरमा आफ्नो संलग्नता नरहेको भनी यी पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन जिकिर विश्वसनीय रहेको नदेखिने ।

अब, वादी नेपाल सरकारको पुनरावेदनमा उल्लिखित जिकिरमध्ये प्रतिवादी रामेश्वर यादवका हकमा लिइएको जिकिरका सम्बन्धमा विचार गरौँ । यी प्रतिवादीका हकमा सुरू जिल्ला अदालतबाट फैसला हुँदा र पुनरावेदन अदालतबाट फैसला हुँदासमेत अभियोग माग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने ठहरेको अवस्था देखिन्छ । तर प्रस्तुत कसुरमा प्रारम्भदेखि नै योजना बनाई कसुर गर्नमा संलग्न रहेको देखिएका नुर महमद मियाँले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नोसमेतको संलग्नतालाई स्वीकार गर्दै यी प्रतिवादी रामेश्वर यादवसमेत भई नक्कली जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गरेको हो भनी उल्लेख गरेको देखिन्छ । साथै कि.नं. २५९ को जग्गा महमद मजिदलाई धितोमा दिने सल्लाह गरी रामेश्वर यादव र मसमेत भई रू. १०,५०,०००।- मा धितो पास गराउने कुरा गरी पहिलो पटक रू. ५०,०००।- बैनाबापत लिएको हो भन्ने बेहोरा पनि लेखाएको पाइन्छ । प्रतिवादीमध्येका उमेश कुमार नेपालले मौकामा बयान गर्दा पनि नुर महमद र रामेश्वरले कि.नं. ४६५२ को जग्गा अजय कुमार झालाई बिक्री गर्ने भनी रू. १,००,०००।- लिइसकेका रहेछन् भनी बयान गरेको देखिएको छ । वस्तुस्थिति मुचुल्का हुँदा पनि यी प्रतिवादीउपर पोल गरेको देखिन्छ । प्रतिवादीमध्येका कसुरदार ठहर भएका शान्ता राईले अदालतमा बयान गर्दा जग्गा बिक्री गर्ने सल्लाह नुर महमद र रामेश्वर यादवसँग भएको हो भनी लेखाएको पाइन्छ । प्रतिवादीमध्येका नपन नारायण चौधरीले अदालतमा बयान गर्दा कि. नं. २५९ को जग्गा अधिकृत वारेसनामा बनाउनुपर्छ भनी नुर महमदले भनेको हुँदा महमद मजिद आलम, नुर महमद मियाँ, रामेश्वर यादव र मसमेत राजविराज मालपोत कार्यालयमा गएका हौँ भनी लेखाएको देखिन्छ । जग्गा खरिद गर्नेमध्येका महमद मजिद आलमले अदालतमा बयान गर्दा गलत कार्यमा मलाई नुर महमद र रामेश्वर यादवले फसाएका हुन् भनी लेखाएको देखिन्छ । यी प्रमाणहरूको रोहमा विचार गर्दा यी प्रतिवादी रामेश्वर यादवलाई अभियोग माग दाबीबमोजिमको कसुरबाट सफाइ दिने गरी भएको सुरू जिल्ला अदालतको

फैसला र पुनरावेदन अदालतको फैसला मिलेको मान्न नमिल्ने।

वादी नेपाल सरकारले पुनरावेदनमा जिकिर लिएका अन्य प्रतिवादीहरूका हकमा विचार गर्दा केही प्रतिवादीहरू झुक्यानमा परी जग्गा खरिद गरी आफैँ पीडित हुनेहरूमध्येका देखिन्छन् भने केही प्रतिवादीहरू जग्गा देखाउने र ग्राहक खोजी गरिदिने व्यक्तिमध्येका रहेको देखिन्छ । जस्तो जयप्रसाद साह सुडी आफैँ जग्गा लिनेमध्येका रहेको देखिन्छ। महमद सैयद मिया, हरि थापा, इश्लाम मिया, बाल कुमारी र मिना देवी पनि जग्गा खरिदकर्ता रहेको देखिन्छ । निजहरूले नक्कली जग्गाधनी प्रमाण पुर्जा हो र नक्कली रोजिना श्रेष्ठ हो भनी जानी जानी जग्गा खरिद गरेको देखिने प्रमाण रहेको देखिँदैन । उमेश नेपाल र नपन नारायण चौधरी जग्गा बिक्रीमा रहेको थाहा पाई ग्राहकहरूलाई जग्गा देखाइदिनेमध्येका व्यक्तिहरू रहेको देखिन्छ । अरूणकुमार यादव रजिस्ट्रेसनको लिखत तयार गरिदिनेमध्येको व्यक्ति रहेको देखिन्छ भने बेचु यादव लिखतमा साक्षी बस्ने व्यक्ति रहेको देखिन्छ । प्रतिवादीहरू श्यामप्रसाद खतिवडा, जनार्दन लाल देव, कुशेश्वर साह, कृष्ण कुमार वर्मा मालपोत कार्यालयका कर्मचारीहरू रहेको देखिन्छ । प्रतिवादीमध्येका यी प्रतिवादीहरू कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। यी प्रतिवादीहरूले नक्कली जग्गाधनी र नक्कली जग्गाधनी प्रमाण पुर्जा भनी जानी जानी लिखत तयार गरिदिएको वा पारित गरिदिएको देखिने कुनै वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । साथै यी प्रतिवादीहरूका अतिरिक्त हाजिर भएका अन्य प्रतिवादीहरू पनि अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । अदालतमा हाजिर नभएका अन्य प्रतिवादीहरूका हकमा पनि निजहरूले कसुर गरेको प्रमाणित हुने कुनै वस्तुनिष्ठ प्रमाण मिसिल संलग्न रहेको देखिन आउँदैन । हाजिर रहेका प्रतिवादीका साक्षीहरूले बकपत्र गर्दा प्रतिवादीहरूलाई सफाइ दिई बकपत्र गरिदिएको देखिन्छ । यी प्रतिवादीहरूले ठगी गर्ने उद्देश्यले नक्कली जग्गाधनी भएको जानी जानी जग्गा खरिद बिक्री गरेको, झुट्टा कागजात तयार गरेको, लिखतमा झुट्टा सही दस्तखत गरी किर्ते गरेको भन्नेसमेत देखिँदैन । यो स्थितिमा नुर महमद मियाँ, शान्ता राई, ज्ञानु भन्ने ज्ञानेन्द्रप्रसाद भट्टराई र रामेश्वर यादवबाहेकका अन्य प्रतिवादीहरूका हकमा अभियोग माग दाबीबमोजिमको कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई नमिलेको मान्न नमिल्ने।

तत्काल प्रचलित मुलुकी ऐन, ठगीको महलको ४ नं मा ठगी गर्नेलाई ठगी लिएको बिगो कायम भएमा हक पुग्नेलाई बिगो भराई बिगोबमोजिम जरिवाना र पाँच वर्षसम्म कैद हुने व्यवस्था रहेकोमा हाल उक्त मुलुकी ऐनलाई खारेज गरी आएको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३) को खण्ड (ग) मा ठगीको कसुरमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था भएको सन्दर्भमा यो प्रश्न विचारणीय हुन आएको देखिन्छ। यस सम्बन्धमा विचार गर्दा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्छ भन्ने व्यवस्था रहेको पाइन्छ । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २ को खण्ड (ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था गरी सोही दफाको प्रतिबन्धात्मक व्यवस्थामा "तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा

लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । यो व्यवस्थालाई आधार मान्दा हाल प्रचलित मुलुकी अपराध संहितामा व्यवस्था भएको सजायको हदभन्दा तत्काल प्रचलित मुलुकी ऐनमा व्यवस्था भएको सजायको हद बढी भए हाल प्रचलित संहिताको व्यवस्थाबमोजिमको सजायको हदसम्म मात्र सजाय गर्न सकिने अवस्था रहेको पाइन्छ । यसै सम्बन्धमा यसअघि नै यसै अदालतबाट "अदालतबाट कुनै कानूनअन्तर्गत ठहर भएको सजाय सोही कानूनबमोजिम कार्यान्वयन गरिने तर त्यस्तो कुनै कानूनअन्तर्गत भएका सजाय संहितामा व्यवस्था गरिएको सजायभन्दा बढी भएको अवस्थामा संहितामा उल्लेख भएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने" भनी सिद्धान्त प्रतिपादन भइसकेको पनि देखिन्छ (ने.का.प. २०७६, अङ्क १२, नि.नं. १०४०१) । यो व्यवस्थाको सन्दर्भमा हेर्दा बिगो रकमलाई आधार बनाई दामासाहीले बिगोबमोजिम जरिवाना हुने ठहराएको हदसम्म पुनरावेदन अदालतको फैसला केही नमिलेको देखिने।

यसप्रकार प्रमाणहरूको रोहमा विचार गर्दा प्रतिवादीहरू नुर महमद साह मियाँ, शान्ता राई र ज्ञानु भन्ने ज्ञानेन्द्र भट्टराईको हकमा अभियोग माग दाबीबमोजिमको कसुरदार ठहराई पुनरावेदन अदालत विराटनगरबाट जनही ३ वर्ष कैद गर्ने गरी मिति २०७१।८।१० मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीमध्येका रामेश्वर यादवका हकमा सफाइ दिने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीका हकमा पनि ३ वर्ष कैद सजाय हुने ठहर्छ । जरिवानाका हकमा बिगोलाई आधार मानी जनही जरिवाना हुने ठहराएको हदसम्म पुनरावेदन अदालतको फैसला केही नमिलेकोले केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा भएको व्यवस्था र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३) को खण्ड (ग) मा भएको व्यवस्थाका सन्दर्भमा विचार गर्दा प्रतिवादीहरू नुर महमद साह मियाँ, शान्ता राई, ज्ञानु भन्ने ज्ञानेन्द्र भट्टराई र रामेश्वर यादवलाई जनही रू ७०,०००।- का दरले जरिवाना हुने ठहर्छ । अन्य प्रतिवादीहरूका हकमा सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मञ्जु शर्मा / चन्दा बेल्बासे

कम्प्युटर: शंकर गुरूङ

इति संवत् २०७९ साल जेठ १९ गते रोज ५ शुभम् ।

## इजलास नं. १३

### ६३

**मा.न्या.श्री टंकबहादुर मोक्तान, मा.न्या.श्री कुमार रेग्मी**, *०७६-RC-०१३६, कर्तव्य ज्यान, नेपाल सरकार वि. दुजुमान घर्तीमगर*

मृतकको शव परीक्षण प्रतिवेदन (Post Mortem Report) हेर्दा मृत्युको कारण (Cause of death) Hypovolemic shock due to gun shot अर्थात् बन्दुकको गोली प्रहारका कारण मृतकको शरीरको रगत (Blood) तरल पदार्थ (Fluid) को स्राव भई शरीरमा सोको अभाव (Hypovolemic shock) हुन गई मृतकको मृत्यु भएको देखिन आउँछ । यसरी मिसिल संलग्न प्रत्यक्ष र ठोस प्रमाण (लास प्रकृति मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदन) बाट प्रतिवादीको साबिती बयान समर्थित भएको देखिने।

प्रतिवादीले आफ्ना ससुरा मृतक दिलबहादुर घर्तीमगरलाई गोली प्रहार गरी मारेकोले कानूनबमोजिम कारबाही गरिपाउँ भनी प्रतिवादीउपर मृतककी छोरी दिलकुमारी घर्तीमगरको जाहेरी दर्खास्त परेको, आरोपित कसुर गरेमा साबित रही प्रतिवादीले

अनुसन्धान अधिकारी र अदालतमा बयान गरेका, गोली प्रहारका कारण रक्त (तरल पदार्थ) स्राव भई शरीरमा तरल पदार्थको अभाव (Hypovolemic shock) भई मृतकको मृत्यु भएको भन्ने मृतकको शव परीक्षण प्रतिवेदन (Post Mortem Report), लास प्रकृति मुचुल्कासमेतका प्रत्यक्ष प्रमाणबाट प्रतिवादीको बयान समर्थित भएको र प्रतिवादीको जेठी श्रीमती मृतककी छोरी बागिन्ता घर्तीमगरसमेतका घटना विवरण कागज गर्ने मानिसहरूको कागज, अदालतमा भएको निजहरूको बकपत्रसमेतबाट प्रतिवादीको बयान समर्थित भई वारदात स्थापित भएको देखिएबाट यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादी दुजुमान घर्तीमगरलाई अभियोग दाबी अनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू बाग्लुङ जिल्ला अदालतको फैसला तत्कालीन पुनरावेदन अदालत बाग्लुङबाट मिति २०७१।८।२८ मा साधकको रोहमा सदर गरेको फैसला कानूनसम्मत भई मिलेकै देखिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४० (२) मा " कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन।" भनी र कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ।" भन्ने कानूनी व्यवस्था रहे भएको पाइएकाले उक्त संहिता लागु भएपछि सर्वस्व हुने गरी कोही कसैलाई सजाय गर्न मिल्ने नदेखिँदा यी प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय नहुने हुँदा निज प्रतिवादी दुजुमान घर्तीलाई जन्मकैद मात्र सजाय हुने गरी तत्कालीन पुनरावेदन अदालत बाग्लुङको मिति २०७१।८।२८ को फैसला साधक सदर हुने।

इजलास अधिकृत (उपसचिव): दामोदर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७९ साल असोज २ गते रोज १ शुभम्।

## ६४

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-१६४१, करारबमोजिम रकम दिलाइपाऊँ, कृष्णराज उप्रेती वि. श्यामकुमार क्षेत्री*

वादी प्रतिवादीबिच भएको मिति २०६१।१०।२९ को करार नहुँदै यी पुनरावेदक प्रतिवादीले सो गाडी तेजमणी आचार्यलाई सञ्चालनको जिम्मा दिँदा उक्त पहिला मिति २०५९।०९।०७ मा भएको करारको आधारमा मिति २०६१।१०।२९ मा भएको अर्को त्रिपक्षीय करारबमोजिम सो करारका प्रथम पक्ष निज तेजमणी आचार्यबाट रकम लिई गाडी निज तेजमणिका नाममा नामसारीसमेत गरिदिएको देखिन्छ । गाडी वादीका नाममा दर्ता नै नभएकोले निजले उक्त गाडीको हक हस्तान्तरण तथा सञ्चालन सम्बन्धमा करार गर्न नसक्ने भन्ने यी पुनरावेदन जिकिर भएकोमा हिमालयन बैंक लिमिटेडसँग हायरपर्चेज कर्जा लिई गाडी खरिद गर्ने यी प्रत्यर्थी वादी र बैंकबिच भएको सम्झौताबमोजिम कर्जा चुक्ता नभएसम्मका लागि कर्जादाता बैंकको नाममा गाडी रहेको हुँदा गाडी खरिद गर्ने यी प्रत्यर्थी वादीको उक्त गाडीमा हक सन्निहित रहेको स्थिति भएबाटै यी वादीसँग सो गाडी सञ्चालन गर्ने गरी मिति २०५९।०९।०७ मा करार गर्ने यी वादीसँग मिति २०५९।०९।०७ मा करार गर्ने यी पुनरावेदकले सोही करारको आधारमा मिति २०६१।१०।२९ मा उक्त गाडी बैंकको स्वामित्वमा रहेको अवस्थामा उक्त गाडी सञ्चालनको जिम्मा तेस्रो पक्ष तेजमणी आचार्यलाई दिने गरी यी पुनरावेदक प्रतिवादी यी प्रत्यर्थी वादी र निज तेजमणी आचार्यबिच त्रिपक्षीय करार गर्ने यी पुनरावेदक प्रतिवादीले त्यस्तो पुनरावेदन जिकिर लिनु गलत मनसायको उपज

रहेको भन्ने प्रस्ट देखिन्छ । मिति २०६१।१०।२९ को त्रिपक्षीय करारकै आधारमा सो करारको प्रथम पक्ष तेजमणी आचार्यसँग रकम लिने तर सोही करारबमोजिम आफूले तिर्नुपर्ने (वहन गर्नुपर्ने दायित्व) का सम्बन्धमा सोही करारमा उल्लिखित गाडी वादीका नाममा दर्ता नभएको भनी लिएको जिकिर उक्त मिति २०६१।१०।२९ को करारको खिलाप भई गलत रहेको देखिन्छ। फिरादीसँग भएको मिति २०५९।०९।०७ को करारकै आधारमा मिति २०६१।१०।२९ मा त्रिपक्षीय करार गरी मिति २०५९।०९।०७ मा भएको करारलाई यी पुनरावेदकले व्यवहारद्वारा स्वीकार गरिसकेपछि ती करारहरूमा उल्लिखित सर्त (वादीलाई रूपियाँ तिर्नुपर्ने) पालना गरेको प्रमाणत: पुष्टि गर्न नसक्ने यी पुनरावेदक प्रतिवादीलाई करारमा उल्लिखित उक्त सर्त पालना गर्न नपर्ने अथवा सो सर्त पालना गर्दिन भन्नु हालसम्म यथावत् कायम रहेको करारको प्रतिकूल देखिन्छ । करारका पक्षहरूबिच विवादरहित रहेको करार करार गर्ने पक्षहरूबिच कानूनसरह हुने करारसम्बन्धी सिद्धान्त हो। करारमा उल्लिखित सर्त पालना गर्नु करारको पक्षको कानूनसरह दायित्व हुन्छ र त्यस्तो दायित्व करारका कुनै पक्षबाट उल्लङ्घन भए त्यस्तो सर्त पालना गराउनु अदालतको दायित्व बन्ने।

तसर्थ, प्रतिवादीबाट रू.५,८१,६३६।१४ वादीले भराइलिन पाउने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।५।२४ को फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हेमराज शर्मा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७९ साल वैशाख २९ गते रोज ५ शुभम्।

## ६५

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CR-१२४४, नाता कायम, नोबल चेम्जोङ वि. पुष्पाकुमारी लावती चेम्जोङ*

पुनरावेदक नोबल चेम्जोङ, प्रत्यर्थी पुष्पाकुमारी लावती र बच्चाको DNA जाँच गर्न पठाउँदा विवादित बच्चाको नोबेल चेम्जोङ जैविक बाबु हुने सम्भावना ९९.९९ प्रतिशत रहेको भनी परीक्षण प्रतिवेदन प्राप्त भएको र सो परीक्षण गर्ने प्रमुख वैज्ञानिक अधिकृत दिनेशकुमार झाले अदालतमा उपस्थित भई बकपत्र गर्दा सो परीक्षण नतिजा विश्वव्यापीरूपमा प्रचलित सिद्धान्त र व्यवहारका आधारमा राय दिएको कारण प्राविधिक र व्यावहारिक रूपमा विश्वसनीय रहेको भनी बकी लेखाएकोबाट उक्त परीक्षणलाई भरपर्दो प्रमाणको रूपमा लिन सकिने देखिन्छ। जसबाट वादी पुष्पाकुमारी लावतीले जन्माएको बच्चाको जैविक बाबु यी पुनरावेदक प्रतिवादी नोबेल चेम्जोङ नै रहेको मान्नुपर्ने हुन आएको र माथि विवेचित मिसिल संलग्न अन्य प्रमाणहरूबाट पनि सो कुरा समर्थित भएको देखिँदा प्रत्यर्थी वादी पुष्पाकुमारी लावतीले जन्माएको बच्चाको जैविक बाबु आफू नभएको भन्ने यी प्रतिवादीको प्रतिउत्तर तथा पुनरावेदन जिकिर अन्यथा प्रमाणित हुन आयो अर्थात् निजको उक्त जिकिर तथ्यत: पुष्टि हुन सकेको नपाइने।

प्रतिवादी नोबेल चेम्जोङले प्रत्यर्थी वादी पुष्पा लावतीले फाल्गुनन्द गाउँपालिका वडा नं. १ बस्ने राजबहादुर तामाङसँग २०७३ सालमा विवाह गरी घरबार गरी बसेकोले प्रमाण लगाइपाउँ भनी मिति २०७४।११।१८ मा निवेदन दिएको देखिन्छ । माथि विवेचना भए अनुसार प्रत्यर्थी वादीले जन्म दिएको बच्चाको जैविक बाबु यी पुनरावेदक प्रतिवादी प्रमाणत: पुष्टि हुन आएकाले आमा सो बच्चाको जन्मपछि अन्य व्यक्तिसँग विवाह गरी गएको कुराले वादी र पुनरावेदक प्रतिवादीबिच रहेको देखिएको लोग्नेस्वास्नीको र जातक बच्चा र प्रतिवादीबिचको बाबुछोराको नाता सम्बन्धलाई अन्यथा रहेको अर्थ गर्न मिल्दैन। अर्थात् सो कारण यी पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीबाट

जन्मेको बच्चाको पिता होइन भन्न मिल्ने स्थिति रहेन । आमा प्रत्यर्थी वादी अन्य व्यक्तिसँग विवाह गरी गएको कुराका सम्बन्धमा हेर्दा मुद्दाको सुनुवाइमा प्रत्यर्थी वादी र निजको तर्फबाट कुनै कानून व्यवसायीसमेत उपस्थित नभएबाट सो सम्बन्धमा हालै यकिन रूपमा भन्न सकिने अवस्था रहेन । पुनरावेदकको भनाइ अनुसार वादी अर्कै व्यक्तिसँग विवाह गरी गएकी रहिछन् भने निज प्रतिवादीसँगको पति पत्नीको नाता स्वत: समाप्त हुने भएकाले हाल फैसलाले लोग्ने स्वास्नीको नाता कायम हुनुले प्रतिवादीलाई कुनै असर पर्ने अवस्था हुँदैन । जातक बच्चाको प्रतिवादीसँगको बाबुछोराको नाता भने कायमै रहने हुन्छ । माथि गरिएको विवेचनाबाट प्रत्यर्थी वादीबाट जन्मेको बच्चाको जैविक बाबु यी पुनरावेदक प्रतिवादी रहेको प्रमाणत: पुष्टि हुन आएकोले प्रत्यर्थी वादी र यी पुनरावेदक प्रतिवादीको पति पत्नीको र वादीबाट जन्मेको बच्चाको प्रतिवादीसँग बाबु छोराको नाता कायम हुने ठहऱ्याएको सुरू पाँचथर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिँदा सो फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी नोबेल चेम्जोङसँग वादी पुष्पाकुमारी लावतीको पति पत्नी र निज वादीबाट जन्म भएको बच्चाको यी प्रतिवादीसँग बाबु छोराको नाता कायम हुने ठहऱ्याएको सुरू पाँचथर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत इलामको मिति २०७०।३।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हेमराज शर्मा

इति संवत् २०७९ साल वैशाख २९ गते रोज ५ शुभम् ।

६६

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CI-२०८१, निर्णय टिप्पणी आदेश बदर, दर्ता बदर हक कायम, श्याम सुन्दर मण्डलसमेत वि. रासलाल मण्डल*

मिति २०३१।०५।२२ को घरसारको लिखत पारित हुने ठहरी सिराहा जिल्ला अदालतबाट मिति २०३२/४/२० मा भएको फैसलाबमोजिम लिखत पास गराउन मुलुकी ऐन, दण्ड सजाय को ४४ नं. को म्याद व्यतीत गरी २०६६/१२/३ मा मात्र निवेन दिई मालपोत कार्यालयबाट मिति २०६७/०४/२८ मा मात्र भएको निर्णय बदर हुनुपर्ने भन्ने वादीहरूको दाबी जिकिर रहेतर्फ हेर्दा राजीनामाको लिखत पारित गरिपाउँ भन्ने मुद्दामा सिराहा जिल्ला अदालतबाट मिति २०३२।४।२० मा भएको फैसलाबमोजिम ६ महिनाभित्र चलनपुर्जी लिई यस मुद्दाका प्रत्यर्थी रासलाल मण्डल मालपोत कार्यालय गएको भन्ने देखिन्छ । उक्त लिखत गरिदिने वादीहरूका हजुरबुबा जनक मण्डलले दाबीको जग्गा नेपाल बैंक लिमिटेडमा धितो राखी कर्जा लिएबाट २०३८/०५/१२ बाट रोक्का रहेकै कारण तत्काल दा.खा. नामसारी रोकिएकोमा दाबीको जग्गा मिति २०६७/०३/०१ मा फुकुवा भएपछि प्रत्यर्थीको नाममा दा.खा. नामसारी गर्ने गरेको मालपोत कार्यालय, सिराहाको मिति २०६७/०४/२८ मा भएको निर्णयलाई अन्यथा मान्नुपर्ने देखिएन । ने.का.प. २०६० अङ्क ५ नि.नं. ७२३५ मा प्रकाशित निवेदक प्रमोद साह कानु विरूद्ध मालपोत कार्यालय, बारा कलैया भएको उत्प्रेषणको मुद्दामा "फैसलाबमोजिम दाखेल खारेज गर्ने सम्बन्धमा दण्ड सजायको ४४ नं. मा अदालतले गरिदिएको पुर्जीबमोजिम दाखेल खारेज गर्दा जरिवाना लिई जहिलेसुकै पनि दाखेल खारेज नामसारी गरिदिनुपर्छ भन्ने व्यवस्था गरेको तथा जग्गा पजनीको २ नं. समेतले दाखेल खारेज गर्नलाई हदम्याद तोकेको नदेखिँदा जहिलेसुकै पनि नामसारी दाखेल खारेज हुनसक्ने" ..... "अदालतको फैसलाबमोजिमको पुर्जी र प्रचलित कानूनबमोजिम भएको मालपोत कार्यालयको नामसारी दाखेल खारेज

गर्नेलगायतका कामकारबाहीबाट यी निवेदकहरूको कुनै हक अधिकारमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिम रिट जारी नहुने" भनी यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारबाट मालपोत कार्यालय, सिराहा लहानबाट मिति २०६७।४।२८ मा भएको दा.खा. नामसारी निर्णय कानूनसम्मत नै देखिन आएकोले सो निर्णय बदर गरी हाम्रो हक कायम हुनुपर्ने भन्ने हाम्रो वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला उल्टी गरी फिराद दाबीबमोजिम गरिपाउँ भन्ने वादीहरूको पुनरावेदन जिकिर मनासिब नदेखिँदा सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी रासलाल मण्डलले वादीहरूका हजुरबुबा जनक मण्डलबाट मिति २०३१।५।२२ मा घरसारमा गराइलिएको राजीनामाको लिखत पारित गरिपाउँ भनी दायर गरेको फिरादमा सिराहा जिल्ला अदालतबाट लिखत पारित हुने ठहरी मिति २०३२।४।२० मा फैसला भएको देखिएको, सो फैसला बदरमा वादीहरूको जिकिर नभई राजीनामाको लिखत र फैसलालाई स्वीकार गरेको देखिएको तथा फैसलाबमोजिम म्यादभित्र चलनपुर्जी लिई रासलाल मण्डल मालपोत कार्यालय गएकोमा जग्गा रोक्का रहेको कारण तत्काल दा.खा. नामसारी हुन नसकेको र जग्गा फुकुवा भएपछि दा.खा. नामसारी हुने गरी मालपोत कार्यालय, लहानले मिति २०६७।४।२८ मा गरेको निर्णय/आदेश उल्लिखित आधार, कारण र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा अन्यथा देखिन नआई कानूनसम्मत देखिएकाले सो निर्णय बदर गरी दाबीको जग्गामा हाम्रो हक कायम गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू सिराहा जिल्ला अदालतको मिति २०६९।१०।१७ को फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७१।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने। वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हरिप्रसाद आचार्य

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल फागुन २० गते रोज ६ शुभम्।

- यसै लगाउका ०७२-CR-२१३६, जालसाज, श्याम सुन्दर मण्डलसमेत वि. रासलाल मण्डल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको।

## इजलास नं. १४

### ६७

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CI-१४६८, निषेधाज्ञा / परमादेश, रामशिष राय वि. गढीमाई नगरपालिका कार्यालय, बारासमेत*

एकाको नाममा दर्ता भएको जग्गा अर्काको नाममा दर्ता भई फेरि उक्त जग्गा राजीनामा गरी तेस्रो व्यक्तिमा गएको बारे के कसो भएको हो ? किन त्यस्तो हुन गयो भनी बुझ्नै नपाउने भन्ने कुरा पनि तर्कसङ्गत र मनासिब देखिँदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(१) (ख) मा "अख्तियार दुरूपयोगको आरोप लागेको व्यक्ति वा सम्बद्ध तथ्यहरूको जानकारी भएको भन्ने आयोगले सम्झेको व्यक्तिलाई आयोगमा उपस्थित गराई निजलाई सोधपुछ गर्ने र निजको बयान लिने वा आवश्यक्तानुसार निजको नाउँमा बन्दसवाल जारी गर्ने" जस्ता अनुसन्धान र तहकिकात गर्ने अधिकार आयोगलाई प्रदान गरेको देखिन्छ। आयोगले अनुसन्धानको सिलसिलामा उक्त अधिकारको प्रयोग गर्नु गैरकानूनी देखिँदैन । फेरि निवेदकलाई मात्र नभई उक्त जग्गाको नामसारीसम्बन्धी कार्यमा संलग्न मालपोत अधिकृत, लिखत साक्षी लेखनदासलाई पनि बुझिएबाट निवेदकको हकमा मात्र आयोग पक्षपाती भएको हो कि भन्ने पनि देखिँदैन।

विवादित जग्गा निवेदकको हजुरबुबाको व्यक्तिगत दर्ता स्रेस्ताको जग्गा भएको र निजको र आफ्नो पिताको मृत्युपश्चात् आमा दलती देवीको नाममा नामसारी भई राजीनामा गरिएको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा निजको व्यक्तिगत हकभोगभित्रको जग्गा भए निजले सोही कुराको प्रमाण कागजातहरू आफ्नो भनाइ राख्ने क्रममा भन्न राख्न सक्ने नै हुँदा त्यसतर्फ समेत अन्यथा हुन सक्ने अवस्था नदेखिने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विवादित जग्गाको नामसारी दर्ता सम्बन्धमा केही कुरा बुझ्न र अनुसन्धान गर्न निवेदकलाई प्रहरीमार्फत नभई मालपोत कार्यालय र उसमार्फत गढीमाई नगरपालिकाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष सम्पर्क राख्न जानु भनी बुझाएको पत्र गैरकानूनी नहुँदा उक्त पत्र परमादेशको आदेश जारी गरी बदर गर्नुपर्ने र निवेदनमा उल्लेख गरे जस्तो निजलाई धरपकड गर्ने, पक्राउ गर्ने जस्ता आंशकाको अवस्थासमेत नदेखिँदा र निज निवेदकलाई सम्पर्क राख्न जानकारीसम्म गराएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपरेन भनी पुनरावेदन अदालत, हेटौँडाले निवेदन खारेज हुने ठहर्‍याएको फैसला मिलेकै देखिन्छ । पुनरावेदक निवेदकको समग्र पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, कानूनबमोजिम अनुसन्धान तहकिकातको सिलसिलामा भएका काम कारबाहीहरू कानूनको रीत पुर्‍याई भए गरेको देखिएकोले त्यस्ता कार्यहरू परमादेशको आदेशद्वारा बदर हुन नसक्ने भनी पुनरावेदक निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।९।१६ गतेको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने । पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शंकरप्रसाद अधिकारी

इति संवत् २०७८ साल फागुन २० गते रोज ६ शुभम्।

## ६८

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७५-CI-०२६२, बन्दीप्रत्यक्षीकरण, दुर्गाप्रसाद बजगाई वि. झापा जिल्ला अदालत, भद्रपुरसमेत*

पुनरावेदक प्रतिवादी राजेन्द्र महर्जन र प्रत्यर्थी वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा चाकु महर्जनको कुनै यकिनै नगरी हचुवाको भरमा चाकु महर्जन भनी अर्को व्यक्ति राजेन्द्र महर्जनलाई अभियोग लगाई कसुरदार बनाएको पाइन्छ। यस्तो प्रतिवादीको सम्बन्धमा यकिन नगर्दा अर्कोलाई मुद्दा चलाउने र सजाय हुन सक्ने अवस्था रहन्छ। त्यस्तो निश्चितताको अभावमा मुद्दा चलाउन र कसुरदार बनाउन नमिल्ने हुँदा प्रतिवादी राजेन्द्र महर्जनले सफाइ पाउने भनी यसै अदालतबाट नजिर सिद्धान्त प्रतिपादन भएको पाइन्छ (ने.का.प. २०६३, अङ्क ११, नि.नं. ७७८८) । यसै गरी अभियुक्तको बाबुको नाम नै फरक र वतन नै फरक परिरहेको र व्यक्ति एउटै हो भन्ने आधिकारिक प्रमाणबेगर हचुवा ढङ्गबाट व्यक्ति एउटै हो भन्नु कानूनी राजको उपहास हुने । आधिकारिक प्रमाणबाट पुष्टि गराउन सकेमा अदालतको फैसला कार्यान्वयन गर्न सकिने हुन्छ। व्यक्तिको पहिचान (Identity) नै स्पष्ट नगरी र सो सम्बन्धमा तथ्यपूर्ण अनुसन्धान नै नगरी एउटै व्यक्ति हो भनी निष्कर्ष निकाल्नु कानूनसम्मत नहुने।

तसर्थ, पुनरावेदक/निवेदक दुर्गाप्रसाद बजगाईलाई कृष्ण बजगाईको छोरा राजन बजगाई प्रतिवादी भई झापा जिल्ला अदालतमा चलेको २०६६ सालको मु.नं.१८-०६६-००६४० को जबरजस्ती करणी मुद्दामा ठहरेको ८ वर्ष कैदको सजायबापतमा पक्राउ गरी थुनामा राखेको देखिएको, वारदात हुनुपूर्व यी पुनरावेदक/निवेदकले लिएको नागरिकतामा नै राजन बजगाई उल्लेख नभई नाममा दुर्गाप्रसाद बजगाई उल्लेख भएको तथा बाबुको नाम कृष्णकुमार बजगाई

भई उक्त मुद्दाका प्रतिवादीको नाम र बाबुको नामसमेत यी पुनरावेदक/ निवेदकको नाम र निजका बाबुको नामसँग मिलेको नदेखिनुका साथै यस अदालतको आदेशबमोजिम पीडित र जाहेरवालीबाट भइआएको सनाखत बयान तथा गाउँ सर्जमिन बेहोरासमेतबाट यी निवेदक झापा जिल्ला अदालतमा चलेको उल्लिखित मुद्दाका प्रतिवादी राजन बजगाई नभई फरक व्यक्ति भएको देखिएबाट पुनरावेदक/निवेदकलाई फैसला कार्यान्वयनका सिलसिलामा समाती झापा जिल्ला अदालतबाट दिइएको कैदी पुर्जी नै त्रुटिपूर्ण देखिई उक्त त्रुटिपूर्ण कैदी पुर्जीका आधारमा यी पुनरावेदक/निवेदक थुनामा रहेको देखिएबाट निजको थुना गैरकानूनी देखिएको अवस्थामा निवेदन खारेज हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।८।१४ मा भएको आदेश मिलेको नदेखिँदा उक्त आदेश उल्टी भई झापा जिल्ला अदालतबाट पुनरावेदक/निवेदकलाई दिएको च.नं. ८/२१३७ मिति २०७४।६।२३ को कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनरावेदक/निवेदकलाई अविलम्ब थुनामुक्त गर्नु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी हुने।

इजलास अधिकृत (उपसचिव): यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७९ साल असार २७ गते रोज २ शुभम्।

### ६९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CI-१४७४, निषेधाज्ञा / परमादेश, दलतीदेवी राय वि. गढीमाई नगरपालिका कार्यालय, बारासमेत*

विवादित कि.नं.१९० को जग्गाको सम्बन्धमा केही कुरा बुझ्नको लागि मालपोत कार्यालय बारा हुँदै गढीमाई नगरपालिकामार्फत निवेदक दलती देवीलाई सम्पर्क राख्न जानु भन्ने पत्र लिई बुझाउन जाँदा उक्त गैरकानूनी पत्र बदर गर्न र मलाई पत्र बुझाउँदा जबरजस्ती धरपकड गर्ने मेरो घरमा प्रवेश गर्ने जस्ता कार्य गरिएकोले ती कार्यहरूबाट मेरो नागरिक अधिकारको हनन हुन गएको भनी निवेदकले प्रस्तुत निषेधाज्ञायुक्त परमादेशको निवेदन लिई अदालत प्रवेश गरेको देखिन्छ । निवेदकलाई मात्र नभई सो कि.नं.१९० को जग्गाको नामसारी दर्ता भएको सम्बन्धमा नामसारी निर्णय गर्ने मालपोत अधिकृत र लेखनदास साक्षीसमेतलाई उक्त तथ्यको बारेमा बुझ्न विपक्षी अख्तियार अनुसन्धान आयोग मध्यमाञ्चल क्षेत्रीय कार्यालयले पत्राचार गरेको देखिन्छ । विपक्षीहरूको लिखित जवाफमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा नामसारी भइसकेको कि.नं.१९० को १-०-१५ जग्गा मालपोत कार्यालय, बाराबाट दलती देवीको नाममा नामसारी भई राजीनामा पास भएको विषयमा उजुरी परी अनुसन्धान हुँदा निवेदक दलती देवी राय आरोपित रहेको देखिँदा निजसँग केही कुरा बुझ्नुपर्ने हुँदा निजलाई सम्पर्क राख्न पठाइदिनु भनी भनेको कार्यबाट निजको नागरिक अधिकार हनन नहुने हुँदा निवेदन खारेज गरिपाउँ भन्ने उल्लेख भएको देखिने।

एकाको नाममा दर्ता भएको जग्गा अर्काको नाममा दर्ता भई फेरि उक्त जग्गा राजीनामा गरी तेस्रो व्यक्तिमा गएकोबारे के कसो भएको हो ? किन त्यस्तो हुन गयो भनी बुझ्नै नपाउने भन्ने कुरा पनि तर्कसङ्गत र मनासिब देखिँदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(१) (ख) मा “अख्तियार दुरूपयोगको आरोप लागेको व्यक्ति वा सम्बद्ध तथ्यहरूको जानकारी भएको भन्ने आयोगले सम्झेको व्यक्तिलाई आयोगमा उपस्थित गराई निजलाई सोधपुछ गर्ने र निजको बयान लिने वा आवश्यक्तानुसार निजको नाउँमा बन्दसवाल जारी गर्ने” जस्ता अनुसन्धान र तहकिकात गर्ने अधिकार आयोगलाई प्रदान गरेको देखिन्छ । आयोगले अनुसन्धानको सिलसिलामा उक्त अधिकारको प्रयोग

गर्नु गैरकानूनी देखिँदैन । फेरि निवेदकलाई मात्र नभई उक्त जग्गाको नामसारीसम्बन्धी कार्यमा संलग्न मालपोत अधिकृत, लिखत साक्षी लेखनदासलाई पनि बुझिएबाट निवेदकको हकमा मात्र आयोग पक्षपाती भएको हो कि भन्ने पनि देखिँदैन। विवादित जग्गा निवेदकको ससुराको व्यक्तिगत दर्ता स्रेस्ताको जग्गा भएको र निजको मृत्युपश्चात् निवेदक दलती देवीको नाममा नामसारी भई राजीनामा गरिएको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा निजको व्यक्तिगत हकभोगभित्रको जग्गा भए निजले सोही कुराको प्रमाण कागजातहरू आफ्नो भनाइ राख्ने क्रममा भन्न राख्न सक्ने नै हुँदा त्यसतर्फ समेत अन्यथा हुन सक्ने अवस्था नदेखिने।

तसर्थ, कानूनबमोजिम अनुसन्धान तहकिकातको सिलसिलामा भएका काम कारबाहीहरू कानूनको रीत पुऱ्याई भए गरेको देखिएकोले त्यस्ता कार्यहरू परमादेशको आदेशद्वारा बदर हुन नसक्ने भनी पुनरावेदक निवेदकको निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौँडाको मिति २०७१।९।१६ गतेको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने । पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शंकरप्रसाद अधिकारी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल फागुन २० गते रोज ६ शुभम्।

**७०**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७४-CR-०१३९, आगो लगाई ज्यान मार्ने उद्योग, माया भुजेल वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिबहादुर खत्रीसमेत*

पुनरावेदक/प्रतिवादी माया भुजेलको पुनरावेदन जिकिर र अर्का प्रतिवादी गोपी भुजेलको सम्बन्धमा विचार गर्दा गणेश अधिकारीको घरमा काम गर्ने गोपी भुजेलकी छोरी सब्बु भुजेलको विषयमा उत्पन्न विवादको कारणवश गणेश अधिकारीको दिदी जाहेरवाली इनु अधिकारीको घरमा आगजनी गरिएको आधारमा गोपी भुजेलसमेतका उपर जाहेरी परेको देखिएको छ । जाहेरवालीले अदालतमा बकपत्र गर्दा माया भुजेल, गोपी भुजेलसमेत भई घरमा आगो लगाएको हो। आगजनी भएको घरभित्र रहेकी गीता श्रेष्ठले झ्यालबाट हेर्दै गर्दा माया भुजेल, गोपी भुजेलसमेतले आगो लगाएको देखेको हो भनी किटान गरी अनुसन्धानको क्रममा कागज गरिदिएको पाइन्छ। जाहेरी दिने इनु अधिकारी तथा घटनाका प्रत्यक्षदर्शी भनिएका सरला अधिकारी, किशोरी कार्की र गीता श्रेष्ठले पनि अदालतमा बकपत्र गर्दा गोपी भुजेल, माया भुजेलसमेत भई घरमा आगो लगाएको हो भनी बताएको पाइन्छ। घटनाबाट पीडित र प्रत्यक्षदर्शी गीता श्रेष्ठको मौकाको बयान नै विश्वसनीय प्रत्यक्ष प्रमाणको रूपमा देखिएको हुँदा माया भुजेल तथा गोपी भुजेल आरोपित कसुरमा संलग्न रहेको देखिएको।

जाहेरवालीको घरमा आगो लगाउँदा गीता श्रेष्ठ सो घरभित्रै रहेको भन्ने जाहेरवाली तथा वादी पक्षका अन्य प्रमाणका मानिसहरूको भनाइ रहेको छ। स्वयम् गीता श्रेष्ठको मौकामा र अदालतसमक्षको भनाइबाट निज घरभित्रै रहेको अवस्थामा सो घरमा आगो लगाइएको हो भन्ने देखिएको छ। आफू घरभित्रै रहेको भनी कराउँदासमेत "तँ यहीँ मर" भन्दै ढोकाको चुकुल लगाइदिएका हुन पछि सशस्त्र प्रहरी आई ढोका खोलिदिएपछि बाहिर निस्केको भनी गीता श्रेष्ठले अदालतमा बकपत्र गर्दा बताएकोसमेतबाट गीता श्रेष्ठ घरभित्र रहेको प्रस्ट जानकारी हुँदाहुँदै घरमा आगो लगाएको देखिएको छ। घरमा मानिस रहेको जान्दाजान्दै सो घरमा आगो लगाएको र सुरक्षाकर्मीको मद्दतबाट सकुशल बाहिर निकालेको देखिएको छ। मुलुकी ऐन, आगो लगाउनेको महलको २ नं. मा "कसैले कसैको घरमा सो घरभित्र मानिस भएको जानी जानी आगो लगाएको भए मानिससमेत मार्नाको नियतले आगो

लगाएको ठहर्छ। ज्यानसम्बन्धी महलबमोजिम गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त घटनामा घरभित्र रहेकी गीता श्रेष्ठलाई घाउ चोट नलागेको, आगोले नपोलेको भन्ने आधारमा घरमा आगो लगाई ज्यान मार्ने उद्योगको कसुर नभएको भन्न मिल्ने हुँदैन। तसर्थ अभियोग दाबी अनुसारको कसुर भएकै मान्नुपर्ने देखिँदा प्रतिवादीहरू अस्मित भन्ने पुष्पराज गुरुङ, हरिबहादुर खत्री, माया भुजेल, गोपी भुजेलसमेतले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिने।

तसर्थ, प्रतिवादीहरू हरिबहादुर खत्री, अस्मित भन्ने पुष्पराज गुरुङ, गोपी भुजेल र माया भुजेलले अभियोग माग दाबीबमोजिमको कसुर गरेको ठहर गरी निजहरूलाई जनही ५ (पाँच) वर्ष कैद गर्ने गरेको सुनसरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगरबाट भएको फैसला सो हदसम्म मिलेकै देखिन्छ। बिगोको हकमा जाहेरी अनुरूपको नगद, सुन चाँदी, क्यामरा, घडी, मोबाइलसमेत घरभित्र रहेको भन्ने प्रमाणको अभाव र सो धनमाल प्रतिवादीहरूले लिई गएको भन्ने पुष्ट्याइँको अभाव रहेको एवम् गीता श्रेष्ठको मोबाइल तथा कानको कुण्डलसमेत जाहेरीमा देखाइएकोमा गीता श्रेष्ठको त्यस विषयमा स्पष्ट भनाइ रहेको नदेखिँदा उपर्युक्त सामानको जाहेरी दरखास्तमा लेखिएअनुसार हुने बिगो रू.५,३१,९२५।- समेत भराइदिने गरेको हदसम्म सुरू सुनसरी जिल्ला अदालतको फैसला केही उल्टी हुने गरी उक्त बिगोबाहेकको जम्मा बिगो रू.११,३८,००५।- सम्म प्रतिवादीहरूबाट जाहेरवालालाई भराइदिने ठहऱ्याएको उच्च अदालत विराटनगरबाट मिति २०७३।१२।२० मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने। वादी नेपाल सरकारले प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिर तथा प्रतिवादी माया भुजेलले अभियोग दाबीबाट सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिरसमेत पुग्न नसक्ने।

इजलास अधिकृत: अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल फागुन १२ गते रोज ५ शुभम्।

**७१**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-१९४३, कर्तव्य ज्यान, नेपाल सरकार वि. नैनबहादुर राईसमेत*

प्रतिवादीहरू नैनबहादुर राई, मनकुमारी राई र समेम्पा राई, हर्कबहादुर राई भनी चिनिने बलबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. को अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. मा "अरू किसिमसँग मतसल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइयो। उक्त कानूनी व्यवस्था अनुसार कसैलाई मार्नका लागि मतसल्लाह गरेको वा मतसल्लाह गरी मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई समेत सजाय हुने देखिन्छ। प्रस्तुत विवादको सन्दर्भमा प्रतिवादी नैनबहादुर राई अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा भएको बयानमा भक्तबहादुरले आफूलाई अघिल्लो दिन कुटपिट गरी घाइते बनाएकाले उपचार गराइरहेको थिएँ, भोलिपल्ट तुलसी राईले भक्तबहादुरलाई मारेको भन्ने सुनेको हुँ, मैले भक्तबहादुरलाई मार्न लगाएको तथा मार्न सहयोग गरेको होइन भनी इन्कारी बयान गरेको पाइन्छ। भक्तबहादुरले मेरो पति नैनबहादुरलाई कुटपिट गरेकोले सोही विषयमा छलफल हुँदा मेरो भाइ तुलसी राईले भक्त बहादुरलाई लट्ठीले हिर्काएको हो, मैले भक्त बहादुरलाई मार्न कसैलाई वचन दिएको छैन, अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी

मनकुमारी राईले सुरू अदालतमा इन्कारी बयान गरेको देखिन्छ। नैन बहादुरलाई भक्तबहादुरले कुटपिट गरेको विषयमा छलफल हुँदै गर्दा म पनि त्यहाँ उपस्थित रहेको र सोही विषयमा पुनः कुटपिट भई भक्तबहादुरलाई चोट लागी ढलेको देखेको हुँ, भक्तबहादुर घाइते भएकाले उपचारका लागि मसमेत भई अस्पतालमा ल्याएका हौँ, मैले भक्तबहादुरलाई मार्न तथा मार्नमा कसैलाई सहयोग गरेको पनि छैन भनी प्रतिवादी समेम्पा राई, हर्कबहादुर राई भनी चिनिने बलबहादुर राईले सुरू अदालतमा इन्कारी बयान गरेको पाइने।

तसर्थ प्रतिवादीहरू नैनबहादुर राई, मनकुमारी राई र समेम्पा राई, हर्कबहादुर राई भनी चिनिने बलबहादुर राईलाई अभियोग दाबीको कसुरबाट सफाइ दिने ठहर गरेको सुरू उदयपुर जिल्ला अदालतको मिति २०७०/११/१४ को फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२/३/१३ को फैसला निजहरूको हकमा कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल जेष्ठ १८ गते रोज ४ शुभम्।

## ७२

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-CR-०२४२, लागु औषध खैरो हेरोइन, कमला पोखरेल वि. नेपाल सरकार*

प्रतिवादी कमला पोखरेलले लागु औषध खैरो हेरोइन सेवनको लागि ४ ग्राम राखेको हो भनी सुरू अदालतमा बयान गरे तापनि निजको साथबाट बरामद भएको लागु औषधको परिमाण ७.९ ग्राम रहेको देखिन्छ। प्रतिवादीवाट बरामद भएको लागु औषध खैरो हेरोइनको मात्रा हेर्दा सेवनका लागि मात्र ल्याएको भन्न मिल्ने अवस्था देखिँदैन। प्रतिवादी कमला पोखरेलले लागु औषध आफूबाट ४ ग्राम बरामद भएको कुरालाई सुरू अदालतको बयानमा स्वीकार गरेको अवस्था छ। निजको साथबाट बरामद भएको लागु औषध बिक्री गर्नको लागि होइन भन्ने प्रमाण पुर्‍याउने भार निजमा नै रहन जान्छ। सोबमोजिमको कुनै प्रमाण प्रतिवादीले पुर्‍याउन सकेको देखिँदैन। यस स्थितिमा बरामद लागु औषधको परिमाणलाई बेवास्ता गरी प्रतिवादीले लागु औषध सेवनका लागि सम्म ल्याएको रहेछ भन्न मिल्ने देखिएन। प्रतिवादीलाई सेवनतर्फ मात्र सजाय गरेको सुरू अदालतको फैसला केही उल्टी गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू. ५,०००।– जरिवाना हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला कानूनसम्मत मिलेको देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, प्रतिवादी कमला पोखरेललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम रू. १०,०००।- जरिवाना हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१/६/६ को फैसला केही उल्टी गरी उच्च अदालत पाटनबाट मिति २०७५/२/२० मा प्रतिवादी कमला पोखरेललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू. ५,०००।– जरिवाना हुने ठहर गरेको फैसला निजको हकमा कानूनसम्मत मिलेको देखिँदा सदर हुने। सेवनतर्फ मात्र सजाय गर्ने गरेको सुरू अदालतको फैसलाबमोजिम नै सजाय गरिपाउँ भन्ने प्रतिवादी कमला पोखरेलको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल जेष्ठ १८ गते रोज ४ शुभम्।

## ७३

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-CR-०८१३, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. सुरेशबहादुर बम*

प्रस्तुत विवादमा पीडित नाबालिका वर्ष १२ की रहेको भन्ने अभियोगपत्रबाट देखिन्छ।

मिसिल संलग्न तथ्यहरूलाई विश्लेषण गरी हेर्दा मिति २०७५/०५/१० गते राति पीडित परिवर्तित नाम एक(ए) को कोठामा प्रतिवादी सुरेशबहादुर बमको उपस्थिति रहेको तथ्यमा विवाद देखिँदैन । प्रतिवादीले सुरू अदालतमा बयान गर्दा वारदातको मितिमा पीडितको घरमा गएको तथ्यसम्म स्वीकार गरी बयान गरे पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा नाबालिका पीडितको स्तनहरू समाती छामछुम पारेको तथ्य स्वीकार गरी बयान गरेको पाइन्छ। प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई पुष्टि हुने गरी प्रतिवादी सुरेशबहादुर बम मिति २०७५/०५/१० गते राति नाबालिका पीडितको घरमा गई पीडितको संवेदनशील अङ्गहरू छामछुम गर्दै गर्दा पीडित रोइ कराइ हल्ला गरेपछि प्रतिवादीलाई प्रहरीको जिम्मा लगाइएको हो भनी राजु कुमारी जैशी, पदमा न्यौपाने, मोतिराम जैशी तथा पीडितकी आमा परिवर्तित नाम ७१ एक (बी) ले कागज गरिदिएको देखिन्छ। प्रतिवादी सुरेशबहादुर बमले नाबालिका छोरीलाई जबरजस्ती करणीको उद्योग नगरेको भनी जाहेरवाला स्वयम्ले उच्च अदालत दिपायलमा बकपत्र गरेको तथा पीडित परिवर्तित नाम एक (ए) समेतले प्रतिवादीले जबरजस्ती करणीको उद्योग नगरेको भनी उच्च अदालत दिपायलमा बकपत्र गरिदिइको पाइन्छ । यसरी मिसिल संलग्न कागजातबाट प्रतिवादीले पीडित नाबालिकालाई जबरजस्ती करणीको उद्योग गरेको नदेखिएको र वादी पक्षले वस्तुनिष्ठ प्रमाणद्वारा सो तथ्य प्रमाणित गर्न सकेकोसमेत नदेखिँदा अभियोग दाबीबमोजिम जबरजस्ती करणीको उद्योगमा सजाय गरेको सुरू अदालतको फैसला उल्टी गरी बालयौन दुरूपयोग गरेको कसुर ठहर गरी उच्च अदालत दिपायलबाट भएको फैसला कानूनसम्मत मिलेको देखिँदा अन्यथा गर्नुपर्ने देखिएन । यस दृष्टिकोणबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी सुरेशबहादुर बमलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ख) बमोजिम हुने सजायको ऐ. को दफा ३४(३) बमोजिम हुने आधा ७ वर्ष कैद र पीडितलाई रू.५००००।– क्षतिपूर्तिसमेत भराइदिने ठहर गरेको सुरू कैलाली जिल्ला अदालतको मिति २०७५/८/१२ को फैसला मिलेको नदेखिँदा उल्टी गरी निज प्रतिवादी सुरेशबहादुर बमलाई बाल यौन दुरूपयोग गरेको कसुरमा मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(३) बमोजिम २(दुई) वर्ष कैद, रू.२०,०००।– (बिस हजार रूपैयाँ) जरिवाना हुने तथा ऐजन संहिताको दफा २२८ बमोजिम प्रतिवादीबाट पीडितले रू.२५,०००।– (पच्चिस हजार रूपियाँ) क्षतिपूर्तिसमेत भराइपाउने ठहर गरेको उच्च अदालत दिपायलको मिति २०७६/९/१३ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने। प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल जेष्ठ १८ गते रोज ४ शुभम्।

**७४**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, ०७५-WO-०६४३, *उत्प्रेषण, शेख अवाससमेत वि. रौतहट जिल्ला प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ६ परिवर्तित गुजरा नगरपालिकाको कार्यालय, रौतहटसमेत*

जग्गा प्राप्त गर्ने सम्बन्धमा संवैधानिक र कानूनी व्यवस्थालाई हेर्दा सम्पत्तिसम्बन्धी हकलाई मौलिक अधिकारको रूपमा राखिएको पाइन्छ । क्षतिपूर्ति नदिई सार्वजनिक हितको लागि बाहेक कसैको निजी सम्पत्ति प्राप्त गर्न नसकिने हक संविधानले सुनिश्चित गरेको छ भने मुआब्जा वा क्षतिपूर्ति नदिई जग्गा प्राप्त गर्न नसकिने र सोका लागि सूचना जारी

गरी सरोकारवाला पक्षको लागिसमेत सूचना प्रकाशित गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था जग्गा प्राप्ति ऐन, २०३४ मा भएको देखिन्छ । यद्यपि सार्वजनिक हितका लागि कसैको सम्पत्ति प्राप्त गर्न संविधान र कानूनले रोक लगाएको अवस्था भने देखिँदैन । सरकारले कसैको सम्पत्तिमाथि अधिकार सिर्जना गर्दा संविधान र कानूनले तोकिदिएका सर्तहरूको पालना गरी सोउपर अधिकारको सिर्जना गर्न सक्तछ । सोबमोजिम कानूनी प्रक्रिया पूरा गरेर जग्गाप्राप्ति गर्ने र सडक कार्य निर्माण गर्ने भन्नेतर्फ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम परामर्श समितिको निर्णयमा देखिँदैन । सो प्रक्रिया पूरा गरेर निवेदकहरूलाई क्षतिपूर्ति वा मुआब्जा दिई सडक बाटो निर्माण गरिने भन्ने सो निर्णयमा कतै उल्लेख गरेको पनि देखिँदैन । सार्वजनिक सडक बनाउने भनी निर्णय गरेको उक्त स्थानमा यी निवेदकहरूको घर जग्गा निर्माणाधीन बाटोमा नपर्ने भए सो विषयमा खण्डन गर्नुपर्ने र कसैको निजी घर जग्गा पर्ने भए तत्सम्बन्धमा सूचना जारी गरी जग्गा प्राप्तीसम्बन्धी प्रक्रिया आरम्भ गरिएको वा गर्ने भनी लिखित जवाफ फिराई स्पष्ट गर्नुपर्नेमा यस अदालतबाट जारी भएको म्याद बुझी सो म्यादसमेत गुजारी चुप लागी बसेको देखिने ।

तसर्थ, कसैको निजी घर जग्गा सम्पत्ति सार्वजनिक प्रयोजनको लागि प्रयोग गर्नुपर्ने भए वा निजी जग्गामा सार्वजनिक सडक निर्माण गर्नुपर्ने भए कानूनी प्रक्रिया पूरा गरी क्षतिपूर्ति वा मुआब्जा दिएर मात्र प्राप्त गरी सार्वजनिक हितको कार्य गर्न सक्ने अवस्था देखिँदा प्रस्तुत विवादमा सो प्रक्रिया पूरा गरेको नदेखिएकोले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम परामर्श समिति गौर, रौतहटको मिति ०७५।७।२९ को निर्णयको बुँदा नं.१ को छेदी चौक-हर्षाहा सडक विस्तार कार्य गर्ने भन्ने निर्णय कानूनविपरीतको देखिँदा उत्प्रेषणको आदेशले बदर हुने । अब सो स्थानमा सार्वजनिक सडक बनाउनुपर्ने वा सार्वजनिक प्रयोजनका लागि यी निवेदकहरूको निजी घर, जग्गा, सम्पत्ति प्राप्त गर्नुपर्ने भए कानूनी प्रक्रिया पूरा गरेर मनासिब क्षतिपूर्ति वा मुआब्जा दिएर मात्र निवेदकहरूको घर जग्गा अधिग्रहण गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः राजकुमार आचार्य

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल कार्तिक २७ गते रोज १ शुभम् ।